# सिद्धिचरण श्रेष्ठसम्बन्धी अध्ययन परम्परा

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
एम.ए. दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**

शोधकर्ता
लक्ष्मीमाया श्रेष्ठ
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६७

**शोधनिर्देशकको मन्तव्य**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली एम्.ए. दोस्रो वर्षकी छात्रा लक्ष्मीमाया श्रेष्ठले **सिद्धिचरण श्रेष्ठसम्बन्धी अध्ययन परम्परा** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति:२०६७/०३/०१

....................................

(प्रा. केशव सुवेदी )

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय,

कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय,**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा लक्ष्मीमाया श्रेष्ठले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि गर्नुभएको **सिद्धिचरण श्रेष्ठसम्बन्धी अध्ययन परम्परा** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. प्रा.राजेन्द्र सुवेदी ..................................
विभागीय प्रमुख

२. प्रा.केशव सुवेदी ..................................
शोधनिर्देशक

३. विष्णु ज्ञवाली .............................
बाह्य परीक्षक

मितिः २०६७/०३/०६

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु प्रा.केशव सुवेदीको कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अति व्यस्त समय बीच पनि मलाई बारम्बार उचित सल्लाह र प्रेरणा दिई यस शोधपत्रको मार्ग निर्देशन गरिदिनुहुने आदरणीय गुरुप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्नका लागि अनुमति प्रदान गर्नु हुने तथा आवश्यक सल्लाह र सुझाव दिनुहुने आदरणीय गुरु विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदीप्रति कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै शोधलेखनमा हौसला प्रदान गर्नुहुने नेपाली केन्द्रीय विभागका सम्पूर्ण गुरुवर्गप्रति म आभारी छु ।

विभिन्न व्यवहारिक समस्याहरूको समाधान गर्दै अध्ययनका लागि हौसला र प्रेरणा दिई यस अवस्थासम्म ल्याई पुऱ्याउन मद्दत गर्नुहुने बुबा कृष्णबहादुर श्रेष्ठ, दिज्यु जूनमाया श्रेष्ठ, विष्णुमाया श्रेष्ठ, सन्तमाया श्रेष्ठ र बाबु सरिसन श्रेष्ठप्रति म हार्दिक श्रद्धा भाव व्यक्त गर्दछु । यसैगरी प्रस्तुत शोधलेखनका कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सल्लाह र सुझाव दिने साथीहरू मेरा लागि स्मरणीय रहनेछन् ।

यो शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री उपलब्ध गराउने केन्द्रीय पुस्तकालय त्रि.वि, नेपाल प्रज्ञा प्रतिष्ठान र युगकवि सिद्धिचरण प्रतिष्ठानप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसैगरी सामग्रीहरूलाई झर्को नमानी होसियारपूर्वक शुद्धसँग टङ्कन गरिदिने क्रिएटिभ कम्प्युटर सेन्टर, कीर्तिपुरकी बहिनी दिव्या क्षेत्री 'पूर्णिमा' लाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म प्रस्तुत शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

लक्ष्मीमाया श्रेष्ठ

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौँ

मिति : २०६७

## सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| उप.प्रा. | - | उप-प्राध्यापक |
| क्र.सं. | - | क्रमसङ्ख्या |
| का.म.न.पा. | - | काठमाडौं महानगरपालिका |
| गो.द.वा. | - | गोरखा दक्षिणबाहु |
| डा. | - | डाक्टर |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| नं. | - | नम्बर |
| प्र. | - | प्रकाशन |
| प्रा. | - | प्राध्यापक |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| वि.सं. | - | विक्रम सम्वत् |
| सम्पा. | - | सम्पादक |
| सा.प्र. | - | साझा प्रकाशन |
| रा.स.स. | - | राष्ट्रिय समाचार समिति |
| रु. | - | रुपैंयाँ |

# पहिलो परिच्छेद

# शोधपरिचय

**१.१ शोधशीर्षक**

प्रस्तुत शोधपत्रको शीर्षक **सिद्धिचरण श्रेष्ठसम्बन्धी अध्ययन परम्परा** रहेको छ ।

**१.२ शोधपत्रको प्रयोजन**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको छ ।

**१.३ विषयपरिचय**

सिद्धिचरण श्रेष्ठको जन्म वि.सं. १९६९ जेठ शुक्ल पञ्चमी ९ गते मङ्गलबार ओखलढुङ्गा जिल्लामा भएको हो । सानै उमेरदेखि कविता लेख्न सुरु गरे पनि कवि श्रेष्ठ वि.सं १९९० मा गोरखापत्रमा प्रकाशित 'भूईँचालो' शीर्षकको कविताबाट औपचारिक रुपमा नेपाली साहित्यमा प्रवेश गरेका हुन् । यसरी कविताको माध्यमबाट आधुनिक नेपाली साहित्य क्षेत्रमा उदाएका कवि, श्रेष्ठ छ दशक लामो समयसम्म काव्य क्षेत्रमा उल्लेखनीय योगदान गरेको पाइन्छ । नेपाली साहित्य क्षेत्रमा सिर्जनशील रहेका कवि श्रेष्ठ विभिन्न पत्रपत्रिकामा सम्पादक र प्रधान सम्पादक हुँदै अन्य सामाजिक संघ संस्थामा पनि काम गरेको पाइन्छ । कवि श्रेष्ठका प्रकाशित रचनाहरूमा 'मेरो प्रतिविम्ब' (२०२१) 'सिद्धिचरणका प्रतिनिधि' कविता (२०४५) 'उर्वशी' खण्डकाव्य (२०१६) र 'मङ्गलमान' खण्डकाव्य अत्यन्त लोकप्रिय मानिन्छ ।

नेपाली साहित्यमा स्वच्छन्दतावादी धारामा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका कवि श्रेष्ठले नेपाली र नेपाल दुवै भाषामा काव्य रचना गरेको पाइन्छ । यसरी दुवै भाषामा कलम चलाएका कवि श्रेष्ठ नेपाली साहित्यमा युगकविको रुपमा सम्मानित भएका छन् भने नेपाल भाषामा योगदान गरे वापत 'कविरत्न' का रुपमा विभूषित भएका छन् । यसरी दुवै भाषामा सिर्जनशील रहेका कवि श्रेष्ठका बारेमा विभिन्न समयमा विभिन्न लेखक तथा समालोचकहरूले अध्ययन गर्दै आएको पाइन्छ । यसरी अध्ययन हुने क्रममा कवि श्रेष्ठका सम्बन्धमा सर्वप्रथम सूर्यविक्रम ज्ञवालीबाट सुरु भएको पाइन्छ । ज्ञवालीबाट थालिएको यस परम्परालाई विभिन्न विद्वान्हरूले अघि बढाउँदै लगेका छन् । हालसम्म पनि यो क्रम अघि बढेको पाइन्छ । प्रस्तुत

शोधपत्रमा कवि श्रेष्ठका बारेमा लेखिएका विभिन्न फुटकर तथा पुस्तकाकार कृतिहरूको अध्ययनलाई कालक्रमिक विवरण प्रस्तुत गरिएको छ ।

### १.४ समस्याकथन

प्रस्तुत शोधपत्रका निम्नलिखित शोधसमस्या रहेका छन् ।

क) सिद्धिचरण श्रेष्ठको सङ्क्षिप्त जीवनी र प्रकाशित कृतिहरूको रूपरेखा कस्तो छ ?

ख) सिद्धिचरण श्रेष्ठसम्बन्धी फुटकर अध्ययनको परम्परा के-कस्तो छ ?

ग) सिद्धिचरण श्रेष्ठसम्बन्धी पुस्तकाकार रूपमा गरिएका अध्ययनहरू के-कति र कस्ता छन् ?

घ) सिद्धिचरण श्रेष्ठसम्बन्धी विशेषाङ्कहरूमा गरिएका अध्ययनहरू के कति छन् ?

(ङ) सिद्धिचरण श्रेष्ठसम्बन्धी शोधकार्यहरू के कति छन् ?

### १.५ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) सिद्धिचरण श्रेष्ठको सङ्क्षिप्त जीवनी र प्रकाशित कृतिहरूको निर्धारण गर्नु ,

ख) सिद्धिचरण श्रेष्ठसम्बन्धी फुटकर रूपमा गरिएका अध्ययनको कालक्रमिक विवरण प्रस्तुत गर्नु ।

ग) सिद्धिचरण श्रेष्ठसम्बन्धी पुस्तकाकार रूपमा गरिएका अध्ययनको कालक्रमिक विवरण प्रस्तुत गर्नु ।

घ) सिद्धिचरण श्रेष्ठसम्बन्धी विशेषाङ्कहरूमा गरिएका अध्ययनको कालक्रमिक विवरण प्रस्तुत गर्नु ।

(ङ) सिद्धिचरण श्रेष्ठसम्बन्धी शोधकार्यमा गरिएका अध्ययनको कालक्रमिक विवरण प्रस्तुत गर्नु ।

### १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा ६ दशक लामो समयसम्म नेपाली भाषा साहित्यको साधनामा निरन्तर सिर्जनशील रहेका कवि सिद्धिचरण श्रेष्ठका सम्बन्धमा विभिन्न पुस्तकाकार कृति प्रकाशित भएका छन् । त्यसैगरी फुटकर रुपमा लेख रचना पनि प्रकाशित भएको पाइन्छ । तर कवि श्रेष्ठका सम्बन्धमा शोधपरक अध्ययन त्यति भएको पाइँदैन । यसभन्दा पहिले जे जति पूर्व अध्ययन भएका छन् केहीलाई कालक्रमिक रुपमा यहाँ प्रस्तुत गरिएको छ ।

डा. ताराप्रसाद जोशी 'नेपाली कवितासङ्ग्रह' (२०३०) मा सिद्धिचरण श्रेष्ठलाई नेपाली साहित्यमा पहिलो क्रान्तिकारी कवि भनी चर्चा गरेको पाइन्छ तर गोपालप्रसाद रिमालको जस्तो क्रान्तिको टड्कारो रूप उनका कवितामा नपाइने कुरा लेखक जोशीले व्यक्त गरेका छन् । वि.सं

२००७ साल अगाडि लेखिएका उनका फुटकर कविताहरूमा समसामयिक अव्यवस्थाप्रति गरिएको विद्रोह र व्यङ्ग्यका भावहरू प्रशस्त मात्र पाइन्छ तर रिमालको जस्तो क्रान्तिको आवाज भने उनका कवितामा नपाइने लेखक जोशीले टिप्पणी गरेका छन् ।

वासुदेव त्रिपाठी 'नेपाली कविताको सिंहावलोकन' (२०३१) मा कवि सिद्धिचरण श्रेष्ठले जीवनमा अनेक सङ्घर्ष गरेर पनि उनले साहित्य क्षेत्रमा कविता विधामा मात्र सक्रिय रही उल्लेखनीय योगदान गरेको टिप्पणी गरेका छन् । यसमा त्रिपाठीले कवि श्रेष्ठका 'उर्वशी' खण्डकाव्यभित्र भएका अन्तर्द्वन्द्वलाई चर्चा गरेका छन् ।

चूडामणि बन्धु 'साझा कविता' (२०३४) नेपाली साहित्यमा कविताको क्षेत्रमा मात्र सीमित भएर बस्ने युग पुरुषहरूमा कवि श्रेष्ठको स्थान उच्च रहेको चर्चा गरेका छन् । उनका कवितामा राष्ट्रिय र विश्वव्यापी समाज प्रकृति र जीवनको सरल र सजीव चित्रण अभिव्यक्त हुन्छ भनी बन्धुले टिप्पणी गरेका छन् । कविले आफ्नो रचनाको माध्यमबाट देशको दलित र दुःखित अवस्थाको रहस्यात्मक र मार्मिक पक्षलाई सरल रुपमा प्रस्तुत गरेका छन् भनी लेखकले व्यक्त गरेका छन् ।

शम्भुप्रसाद कोइरालाले 'सिद्धिचरण श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्व' (२०३७) शीर्षकमा स्नातकोत्तर स्तरीय शोधकार्य तयार गरेका छन् । यसमा कोइरालाले कवि श्रेष्ठ सानै देखि कविता लेख्न सुरुवात गरे पनि वि.सं १९९० मा 'भूँइचालो' शीर्षकको कविता गोरखापत्रमा प्रकाशित भएपछि मात्र उनी औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेको चर्चा गरेका छन् । यसरी कविता विधाबाट नेपाली साहित्यमा प्रवेश गरेका कवि श्रेष्ठका कवितामा प्रकृतिप्रेम, मानवीय करुण वेदनाका साथै राष्ट्रप्रेम पनि पाइन्छ भनी कोइरालाले व्यक्त गरेका छन् ।

'सिद्धिचरणका खण्डकाव्यका अध्ययन" (२०५१) भूमिकामा डा. हिमांशु थापाले युगीन सचेतना र संवेदनाकै आधारभूमिमा क्रान्ति चेतनाको सूत्रपात गर्ने र त्यसबेलाका युवा हृदयलाई क्रान्तिको सन्देश दिई अजस्र प्रेरणा प्रदान गर्ने सन्दर्भमा युगकवि सिद्धिचरण शिखर पुरुष भएको लेखकले व्यक्त गरेका छन् ।

डा. अभि सुवेदी 'रचना र माध्यम' (२०५४) मा कवि सिद्धिचरण श्रेष्ठका कविता सरल र सहज भाषामा अभिव्यक्त हुनाले उनका कविता जो कोहीले पनि सजिलैसँग बुझ्न सकिन्छ भनी लेखकले व्यक्त गरेका छन् । नेपाली भाषालाई कवितामा पनि सरल संरचना गरेर महानता दिने कविहरूमा सिद्धिचरण श्रेष्ठ अग्रपंक्तिका कवि हुन् भनी लेखक सुवेदीले बताएका छन् ।

प्रा.डा.उषा ठाकुरले 'स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि' (२०५८) कवि श्रेष्ठका कविताले प्रकृतिप्रेम र राष्ट्रप्रेमका साथै अन्याय शोषण र अत्याचार विरुद्ध सङ्घर्षका लागि आह्वान गरेको कुरालाई टिप्पणी गरेकी छन् । उनका काव्यमा मानवता विरोधी तत्वहरूलाई

समाप्त गरी विश्वमा शान्ति फिँजाउने सन्देश दिनुका साथै विश्वबन्धुत्व र मानवीय भाव स्पष्ट रुपमा आएको हुन्छ भनी लेखिका ठाकुरले व्यक्त गरेकी  छन् ।

लक्ष्मीनारायण मिश्र 'सिद्धिचरण श्रेष्ठ खण्डकाव्यको अध्ययन' (२०५८)  शीर्षकमा कवि सिद्धिचरण श्रेष्ठका सम्बन्धमा समय समयमा विभिन्न रुपबाट अध्ययन भएको पाइन्छ तर खण्डकाव्यकार व्यक्तित्वको बारेमा आजसम्म शोधपरक अध्ययन नभएको मिश्रले व्यक्त गरेका छन् । यसमा नेपाली खण्डकाव्य परम्परामा 'उर्वशी' जस्ता उत्कृष्ट खण्डकाव्य रचना गरी खण्डकाव्य परम्परामा महत्वपूर्ण स्थान हासिल गर्न सफल भएका कवि श्रेष्ठको योगदान उल्लेखनीय रहेको मिश्रले बताएका छन् ।

'सिद्धिचरण सञ्चरण' महाकाव्यको भूमिकामा माधव घिमिरेले 'मेरो कविजी' (२०५९) शीर्षकमा सिद्धिचरण श्रेष्ठलाई कविजी  भनी बोलाउने गरेको प्रसङ्गबाट चर्चा गरेका छन् । कविका निम्ति जीवन नै कविता हो र कविता नै जीवन हो भन्ने कवि घिमिरेले यो कुरा कवि सिद्धिचरणका जीवनमा चरितार्थ भएको धारणा व्यक्त गरेका छन् । सौन्दर्यले झलमल्ल र भावनाले उज्ज्वल भएका कविता लेख्ने कवि श्रेष्ठका कवितालाई हामी रुमानी प्रवृत्तिका कविता भन्न सक्छौ भनी कवि घिमिरेले चर्चा गरेका छन् ।

गङ्गाप्रसाद उप्रेती 'वैचारिक मोडमा मङ्गलमान' (गरिमा वर्ष २६, पूर्णाङ्क ३११ कार्तिक २०६५) कवि श्रेष्ठ स्वच्छन्दतावादी धाराका एक प्रतिभा हुन् । उनले आफ्ना रचनामा प्रकृति प्रेमका साथै समाजमा देखिने बेमेल विद्रोह र थिचोमिचोलाई पनि व्यक्त गरेका छन् जुन मङ्गलमान काव्य एक उत्कृष्ट काव्य हो भनी लेखकले चर्चा गरेका छन् ।

प्रस्तुत पूर्वकार्यको समीक्षा कवि सिद्धिचरण श्रेष्ठसम्बन्धी विभिन्न समयमा गरिएका अध्ययनहरू हुन् । यसमा विभिन्न विद्वान्‌हरूले विभिन्न समयमा कवि श्रेष्ठको व्यक्तित्व, कृतित्व र योगदानलाई चर्चा परिचर्चा गरेको पाइन्छ ।

### १.७ शोधकार्यको औचित्य

आधुनिक नेपाली कविताको  स्वच्छन्दतावादी धाराका कवि सिद्धिचरण श्रेष्ठ त्यस धाराका युग निर्माता कविहरूमध्ये एक प्रतिभा हुन् । नेपाली कविता विधामा स्वच्छन्दतावादी धाराका कवि सिद्धिचरण श्रेष्ठ रोमान्टिक, प्रगतिवादी, कान्त्रिकारी र मानवतावादी कवि हुन् उनका सम्बन्धमा विविध अध्ययनहरू विभिन्न समयमा भएको पाइन्छ । ती अध्ययनलाई एकत्रित गरी कालक्रमिक रूपमा प्रस्तुत गर्नु यस शोधकार्यको औचित्य रहेको छ ।

### १.८ शोधकार्यको सीमाङ्कन

'सिद्धिचरण श्रेष्ठसम्बन्धी अध्ययन परम्परा शीर्षकको शोधपत्रमा कवि श्रेष्ठका  सम्बन्धमा लेखिएका फुटकर र पुस्तकाकार कृतिका रूपमा लेखिएका तथा पत्रपत्रिकामा प्रकाशित लेख

रचनाहरूको अध्ययन यस शोधपत्रमा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधकार्यमा नेपाल र नेपालभन्दा बाहिर प्रकाशित केही लेख रचनालाई पनि समावेश गरिएको छ ।

**१.९ शोधविधि**

प्रस्तुत शोधपत्रमा सामग्री सङ्कलन गर्ने क्रममा कवि श्रेष्ठका सम्बन्धमा लेखिएका फुटकर लेख रचना, पुस्तकाकार कृति, विशेषाङ्क र शोधकार्यलाई उपयोग गरिएको छ । यसरी प्राप्त सामग्री सङ्कलनका आधारमा वि.सं. १९९५-२०६६ सम्मका समयवाधिमा प्रकाशित भएका विभिन्न अध्ययनलाई प्रस्तुत गरिएको छ । यस शोधकार्यको लागि आवश्यक सामग्री त्रि.वि. केन्द्रीय पुस्तकालय, प्रज्ञाप्रतिष्ठान र युगकवि सिद्धिचरण प्रतिष्ठानबाट सङ्कलन गरिएको हो । यसरी प्राप्त सामग्री सङ्कलनलाई विश्लेषण गर्ने ढाँचा ऐतिहासिक तथा विवरणात्मक रहेको छ ।

**१.१० शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रलाई निम्नलिखित सात परिच्छेदमा संरचित गरी अध्ययन-विश्लेषण गरिएको छ -

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : सिद्धिचरण श्रेष्ठको जीवनी र काव्ययात्राको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : सिद्धिचरण श्रेष्ठसम्बन्धी फुटकर अध्ययनहरूको सर्वेक्षण

चौथो परिच्छेद : सिद्धिचरण श्रेष्ठसम्बन्धी पुस्तकाकार अध्ययनहरूको सर्वेक्षण

पाँचौं परिच्छेद : सिद्धिचरण श्रेष्ठसम्बन्धी विशेषाङ्कमा भएका अध्ययनहरूको सर्वेक्षण

छैटौं परिच्छेद : सिद्धिचरण श्रेष्ठसम्बन्धी शोधकार्य अध्ययनको सर्वेक्षण

सातौं परिच्छेद : उपसंहार

# दोस्रो परिच्छेद

# सिद्धिचरण श्रेष्ठको जीवनी र काव्ययात्रा

## २.१ सिद्धिचरण श्रेष्ठको जीवनी

### २.१.१ जन्म

वि.सं.१९६९ जेठ ९ गते मङ्गलबार शुक्ल पञ्चमीका दिन विहान ९:४० बजे ओखलढुङ्गा जिल्लाको ओखलढुङ्गा बजारमा सिद्धिचरण श्रेष्ठको जन्म भएको हो ।[१]

### २.१.२ शिक्षा

सिद्धिचरण श्रेष्ठ ओखलढुङ्गा जिल्लामा जन्मिएका हुन् तर उनको शिक्षा काठमाडौं प्रवेश पछि वि.सं.१९७८ मा दरबार हाइस्कुलमा शुभारम्भ हुन्छ । दरबार हाइस्कुलबाट जम्मा आठ कक्षा उत्तीर्ण गरेका सिद्धिचरण श्रेष्ठले त्यसपछि औपचारिक शिक्षा अघि बढाउन नसके पनि जे जति अध्ययनमा निपूर्ण बने उनी स्वअध्ययनबाट भएका हुन् ।[२]

### २.१.३ पारिवारिक जीवन

नेपालका प्रथम उपन्यासकार विष्णुचरण श्रेष्ठको एकमात्र सुपुत्र सिद्धिचरण श्रेष्ठ मध्यमवर्गीय परिवारमा हुर्केका हुन् । उनको वि.सं.१९८६ साल असार महिनामा श्रेष्ठ कुलकी छोरी मिश्रीकुमारी श्रेष्ठसँग आफ्नै संस्कृतिमा शुभ-विवाह सु-सम्पन्न भएको हो । सिद्धिचरण श्रेष्ठको पारिवारिक सम्बन्ध राम्रो थियो । चारवर्षको उमेरमा नै पुत्र विश्वचरण श्रेष्ठको मृत्युबाट श्रेष्ठ ज्यादा गम्भीर भएका थिए । जसको उपज 'विश्वव्यथा' जस्तो कालजयी खण्डकाव्यको निर्माण भएको पाइन्छ ।[३]

### २.१.४ राजनैतिक र सामाजिक संलग्नता

सिद्धिचरण श्रेष्ठको राजनैतिक जीवनको प्रवेश सामाजिक कार्यबाट र बिद्रोही कविताबाट भएको हो । देशमा व्याप्त तत्कालीन राजनीतिक गतिविधिले श्रेष्ठको कवि व्यक्तित्वलाई झकझकाए पछि राजनैतिक योद्धाको रूपमा अग्रसर भई राणाशासनप्रति विरोध र बिद्रोहको स्वर मुखरित गर्दै अघि बढेका हुन् । बिस्तारै नेपालमा जागरणको प्रकाश फैलिदै आउँदा क्रान्तिको आवाज पनि घन्कदै आयो ।[४]एकातिर श्रेष्ठले जागरणको कविता प्रकाशित गर्दै गए भने अर्कातिर

---

[१] रविचरण श्रेष्ठबाट प्राप्त जानकारी ।

[२] रविचरण श्रेष्ठबाट प्राप्त जानकारी ।

[३] रविचरण श्रेष्ठबाट प्राप्त जानकारी ।

[४] शम्भुप्रसाद कोइराला , **सिद्धिचरण श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्व,** २०३६ ।

चिनियालाल र फत्तेबहादुरले महावीर इन्स्टिच्युट खोली विद्यार्थी जम्मा पार्दै गए । यस इन्स्टिच्युटसँग सिद्धिचरण श्रेष्ठ पनि आवद्ध थिए । 'वर्षा' कवितामा क्रान्ति शब्द प्रयोग गर्नाले तत्कालीन शासकले सर्वस्वहरणसहित १८ वर्षको कठोर कारावासको सजाय पाएका श्रेष्ठ जेलभित्र रहँदा नै पिता विष्णुचरण श्रेष्ठको २००१ फागुन महिनामा देहावसान भएको थियो । यस्तो अवस्थामा पनि उनले छुट्कारा पाउन सकेनन् । यसैले कवि श्रेष्ठले जेल भित्र नै आफ्ना पितालाई सम्झेर 'तर्पण' शीर्षकको कविता लेखेका थिए । यसरी अनेक सङ्घर्षसँग भिजेका सिद्धिचरण जेलभित्र रहँदा पनि चुप लागेर बसेनन् । अनेक फुटकर कविता लेखिरहे र शासकप्रति क्रूर भइरहे । वि.सं. २००२ मा जेल मुक्त भएपछि उनी विभिन्न सामाजिक राजनैतिक कार्य गरेर निरङ्कुश व्यवस्थाको विरुद्ध खुलेआम क्रान्तिको कविता प्रकाशित गरेका थिए । यसरी सबैको हृदयको मनभित्र पुग्न सफल भएका कवि श्रेष्ठ सामाजिक कार्यमा पनि निकै सक्रिय भएर काम गरेका थिए ।[५]

**२.१.५ संस्थागत संलग्नता**

- वि.सं.१९९० को विनाशकारी भुकम्पले मानवीय क्षति हुँदा भूकम्प पीडितोद्धार सहायतार्थ समितिमा कारिन्दा पदमा भर्ना भएका ।
- वि.सं.१९९१ देखि वि.सं.१९९७ सम्म 'शारदा' पत्रिकामा सम्पादन ।
- वि.सं.२००५ देखि वि.सं.२००७ सम्म 'गोरखापत्र' को सम्पादन ।
- वि.सं.२००८ देखि प्रथम दैनिक 'आवाज' पत्रिकाको प्रधान सम्पादक ।
- वि.सं.२०१२ मा 'कविता' पत्रिकाको प्रधानसम्पादक
- नेपाल शान्ति समितिको अध्यक्ष
- ने.रा.प्र.प्र.को वि.सं.२०१४ देखि वि.सं.२०२१ सम्म सदस्य र वि.सं.२०२२ देखि आजीवन सदस्य ।
- राष्ट्रिय युवा सेवा कोषद्वारा सञ्चालित 'युवा वर्ष मोती पुरस्कार' छनोट समितिका प्रथम अध्यक्ष ।
- लेखनाथ अभिनन्दन समितिका अध्यक्ष, उनकै अध्यक्षतामा वि.सं.२०११ मा कवि शिरोमणि लेखनाथ पौड्यालको रथयात्रा एवम् अभिनन्दन सम्पन्न ।
- नेपाली शिक्षा परिषदको अध्यक्ष ।
- झपट पुरस्कार समितिको अध्यक्ष ।

---

[५] सम्पादक सरुभक्त , **सिद्धिचरणका जेल संस्मरण** ने.रा.प्र.प्र., २०५२, पृ. १३१ ।

– श्री ५त्रिभुवन स्मारक समितिको संस्थापक सदस्य, वि.सं.२०२८ बाट अध्यक्ष ।

– महावीर विद्यालयको शिक्षक ।

– मदन पुरस्कार गुठीको सक्रिय सदस्य ।

– राजसभा स्थायी समितिका सम्माननीय सदस्य ( वि.सं.२०३०-०३६)

– प्रधान नाट्यमण्डलको सल्लाहकार समितिको अध्यक्ष ।

**२.१.६ युगकविको सम्मान**

– युगकवि सिद्धिचरण राजमार्ग (कटारी-ओखलढुङ्गा)

– सिद्धिचरण राष्ट्रिय प्रतिभा पुरस्कार (श्री ५ को सरकार संस्कृति मन्त्रालय वि.सं. २०५७ देखि)

– युगकवि सिद्धिचरण उच्च मा.वि. (गाम्नाङ्टार, ओखलढुङ्गा)

– युगकवि सिद्धिचरण प्रा.वि. (जलेश्वर, जनकपुर)

– युगकवि सिद्धिचरण प्रतिष्ठान

– युगकवि सिद्धिचरण प्रतिमा , सिद्धिचरण मार्ग, २३ वडा, का.म.न.पा.

– युगकवि सिद्धिचरण प्रतिमा, मिर्चैया सिराहा, सगरमाथा अञ्चल

– सिद्धिचरण सडक, स्वयम्भू काठमाडौं

– युगकवि सिद्धिचरण स्मृति गुठी

– युगकवि सिद्धिचरणको प्रतिमा स्थापना, ओखलढुङ्गा

– सिद्धिचरण मार्ग एक २३ वडा का.म.न. पा.

– सिद्धिचरण मार्ग दुई बानेश्वर

– आफ्नो जीवनकालमा युगकविले प्रयोग गरेका सर-समानको सङ्ग्रहालय नेपाली शिक्षा परिषद्को भवन नयाँबजार, काठमाडौं ।

– विभिन्न व्यक्ति तथा संस्थाहरूबाट युगकवि सिद्धिचरण साहित्यिक विशेषाङ्कहरू प्रकाशित ।

– श्री ध्रुवचन्द्र गौतमद्वारा 'हस्ताक्षर' टोली सिरियल अन्तर्गत युगकवि सिद्धिचरणको पहिलो श्रृङ्खला निर्माण ।[६]

**२.१.७ पुरस्कारहरू**

– राष्ट्रबाट युगकविको उपाधि ।

[६] रविचरण श्रेष्ठबाट प्राप्त जानकारी ।

– नेपाल भाषामा कविरत्नको नामले सुपरिचित ।

– वि.सं.२०२७ मा त्रिभुवन पुरस्कार ।

– वि.सं.२०४५ मा पृथ्वी प्रज्ञा पुरस्कार ।

– वि.सं.२०४६ मा बेदनिधि पुरस्कार ।

– गो.द.वा., त्रिशक्तिपट्टलगायत विभिन्न सामाजिक सङ्घ-संस्थाहरूबाट प्रशस्त रुपमा अभिनन्दन ।[७]

**२.१.८ देहावसान**

नेपाली कविता परम्परामा स्वच्छन्दतावादी धाराको प्रमुख भूमिका खेलेका युगकवि सिद्धिचरण श्रेष्ठ रोमान्टिक, क्रान्तिकारी, प्रगतिवादी र मानवतावादी कवि हुन् । वि.सं १९९० को गोरखापत्रमा 'भूइँचालो' शीर्षक कविता प्रकाशित भएपछि औपचारिक रुपमा नेपाली साहित्यमा उदाएका कवि श्रेष्ठ लगभग ६ दशक लामो समयसम्म नेपाली भाषा र नेपाल भाषामा निरन्तर सक्रिय रहनुका साथै विभिन्न सामाजिक संघ संस्थामा पनि आबद्ध भएका थिए । यसरी नेपाली साहित्यमा 'युगकवि' र नेपाल भाषामा 'कविरत्न'का रुपमा सु-परिचित सिद्धिचरण श्रेष्ठको वि.सं.२०४९ जेठ २२ गते देहावसान भएको हो ।

**२.२ सिद्धिचरण श्रेष्ठको काव्ययात्रा**

**२.२.१ प्रेरणा र प्रभाव**

सिद्धिचरण श्रेष्ठलाई लेख्ने प्रेरणा बुवामुमाबाट मिलेको हो । बुवा विष्णुचरण श्रेष्ठ भानुभक्तको रामायण, होमनाथ केदारनाथका कृतिहरू र मोतीराम भट्टका कृत्तिहरू पाठ गर्दथे र सिद्धिचरण श्रेष्ठलाई पनि पाठ गर्न लगाउँदथे । यसबाट केही मात्रामा श्रेष्ठलाई लेख्ने प्रेरणा मिल्दछ । साहित्यिक गुरु ऋद्धिबहादुर मल्लसँगको उठबस र विजय मल्ल सँगको मित्रता सिद्धिचरण श्रेष्ठको लागि साहित्यिक अभिरुचिको एक बलियो माध्यम बनेको थियो । 'शारदा' पत्रिका प्रकाशित हुने विजय मल्लको घर समसामयिक साहित्यिकहरूको जमघटस्थल बनेको प्राय सबै जसो साहित्यिक व्यक्तित्वहरू आउने र साहित्य सम्बन्धी चर्चा परिचर्चाले सिद्धिचरण श्रेष्ठलाई ठूलो प्रेरणा र प्रभाव मिलेको थियो । वि.सं.१९९० को भुइँचालोको विवस रूप देखेर कवि श्रेष्ठले 'भुइँचालो' शीर्षकको कविता लेख्दछन् र सोही साल गोरखापत्रमा प्रकाशित हुन्छ । वि.सं.१९९० को विनाशकारी प्रलय बिडम्वना र वीभत्सना देखेर 'भुइँचालो' कविता प्रकाशित भएपछि श्रेष्ठलाई साहित्यिक जीवनको शुभारम्भ त्यसै कविताबाट भएको हो । यसरी दैवी प्रकोप, शासकीय क्रूरता, साहित्यिक चर्चा परिचर्चा एवम् बुवामुमा सिद्धिचरण श्रेष्ठका साहित्यिक जीवनका प्रेरणा र प्रभावका धुरन्धर हुन् ।

---

[७] बमबहादुर थापा जिताली, **युगकवि सिद्धिचरण, विशेषाङ्क घुयेत्रो द्वैमासिक**, वर्ष २, अङ्क ८/९ फागुन-जेठ, २०५६-२०५७, १५५-१६०, काठमाडौं ।

### २.२.२ साहित्यिक जीवनको शुभारम्भ

सानै उमेरदेखि कविता लेख्न सुरु गरेका सिद्धिचरण श्रेष्ठले वि.सं. १९९० सालमा भूइँचालोको वीभत्स रुप देखेका थिए । यस्तो वीभत्स रुपलाई उनले कविता मार्फत अभिव्यक्त गरी सोही साल गोरखापत्रमा 'भुइँचालो' शीर्षकको कविता गोरखापत्रमा प्रकाशित गरेका हुन् । यसै कविताबाट नेपाली साहित्यमा उनको साहित्यिक जीवन शुभारम्भ भएको हो । नेपाली साहित्यलाई विस्तृत र फराकिलो बनाई साहित्य देशको निम्ति मात्र नभई विश्वको निम्ति हुनुपर्छ भन्ने धारणा राख्ने कवि श्रेष्ठ आफ्नो जीवनकालभर कविता विधामा मात्र सक्रिय रही नेपाली साहित्य क्षेत्रमा उल्लेखनीय योगदान गरेका छन् ।

### २.२.३ कवि श्रेष्ठका प्रकाशित रचनाहरू

**फुटकर कविताहरू**

'जुनेली रातमा निर्झर' वर्ष १, अङ्क १, वि.सं. १९९१, शारदा ।

'प्रातःकालीन किरण' वर्ष १, अङ्क १, वि.सं. १९९१, शारदा ।

'एक्लै हिड्न मन लाग्छ' वर्ष १, अङ्क ३, वि.सं. २०१०, प्रगति ।

'एक्लै तास खेल्दा' वर्ष १, अङ्क १, वि.सं. २०१२, नवनिर्माण ।

'या निशा सर्वभूतान' वर्ष १, अङ्क २, वि.सं. २०१२, नवनिर्माण ।

'जीवन र मृत्यु' वर्ष ४, अङ्क ३, वि.सं. २०२२, रत्नश्री ।

'बाँचिरहेको आवाज' वर्ष ३, अङ्क १, वि.सं. २०२३, रमझम ।

'बिहेपछि' वर्ष ६, अङ्क ४, वि.सं. २०२५, रत्नश्री ।

'करवीर मसान' वर्ष १७, अङ्क ७, वि.सं. २०४१, मधुपर्क ।

'कुहिरो र घाम' वर्ष १८, अङ्क ३, वि.सं. २०४२, मधुपर्क ।

'मृत्युको सुरिलो स्वर' वर्ष २०, अङ्क २, वि.सं. २०४४, मधुपर्क ।

'गणेश-बन्दना' वर्ष २१, अङ्क ३, वि.सं. २०४५, मधुपर्क ।

'मेरो कविता पढ्नेहरूलाई' वर्ष २४, अङ्क ८, वि.सं. २०४८, मधुपर्क ।

'नयाँ युगको आगमन' वर्ष १०, अङ्क ३४, वि.सं. २०४९, वगर ।

**कविता सङ्ग्रह**

'कोपिला' वि.सं. २०२१ ।

'मेरो प्रतिविम्व' वि.सं. २०२१ ।

'कुहिरो र घाम' वि.सं. २०४५ ।

'सिद्धिचरणका प्रतिनिधि कविता' वि.सं. २०४५ ।

'बाँचिरहेको आवाज' वि.सं. २०४६ ।

'तिरमिर तारा' वि.सं. २०४६ ।

'झिलिमिलि जूनकीरी' वि.सं. २०५९ ।

**खण्डकाव्य**

'शवरी' वि.सं. २००४ ।

'उर्वशी' वि.सं. २०१७ ।

'ज्यानमारा शैल' वि.सं. २०२३ ।

'विश्वव्याथा' वि.सं. २०३१ ।

'मेरो नेपाल' वि.सं. २०३९ ।

'जूनकिरी' वि.सं. २०४९ ।

'मङ्गलमान' वि.सं. २०४९ ।

'आँशु' वि.सं. २०५० ।

'भीमसेन थापा' वि.सं. २०६० ।

**निबन्ध**

'नमस्कार' वर्ष ३५, अङ्क ३, साउन २०५९, मधुपर्क, पृ. ११-१२ ।

**नाटक**

'चोर' वर्ष ६, अङ्क ११, कार्तिक २०४५, गरिमा पृ. ७१ ।

'बालीबध' पद्य नाटक वि.सं. २०६७ ।

**नेपाल भाषामा प्रकाशित कविता**

'सीस्वाँ' वि.सं. २००७ ।

'फूस्वाँ' वि.सं. २०१७ ।

'ग्वयुस्वाँ' वि.सं. २०४७ ।

**निष्कर्ष**

सिद्धिचरण श्रेष्ठ वि.सं. १९६९-२०४९) नेपाली साहित्यमा स्वच्छन्दतावादी धाराका एक प्रतिष्ठित कवि हुन् । प्रकृतिप्रेमी कवि, मानवतावादी कवि र क्रान्तिकारी कवि श्रेष्ठले नेपाली साहित्यमा छ दशक लामो समयसम्म उल्लेखनीय योगदान गरेका छन् । आधुनिक नेपाली काव्य क्षेत्रमा असङ्ख्य फुटकर कविता, सातवटा कविता सङ्ग्रह नौवटा खण्डकाव्य एक पद्यनाटक प्रकाशित गरेका छन् भने नेपाल भाषामा पनि कविता प्रकाशित भएको पाइन्छ । यसरी दुवै भाषामा कविता रचना गरेका कवि श्रेष्ठ नेपाली साहित्यमा युगकवि र नेपाल भाषामा 'कविरत्न' को रुपमा सम्मानित भएका छन् ।

# तेस्रो परिच्छेद

## सिद्धिचरण श्रेष्ठसम्बन्धी फुटकर अध्ययनहरूको सर्वेक्षण

सिद्धिचरण श्रेष्ठ आधुनिक नेपाली कविताको एक प्रतिभा हुन् । कविता विधामा मात्र सक्रिय रहेका कवि श्रेष्ठसम्बन्धी अध्ययन परम्परा सूर्यविक्रम ज्ञवालीबाट आरम्भ भएको हो । कवि श्रेष्ठद्वारा रचित फुटकर कविता वि.सं १९९० देखि प्रकाशित हुन थाले पनि यिनका सम्बन्धमा सर्वप्रथम सूर्यविक्रम ज्ञवालीले वि.सं. १९९३ मा प्रकाशित 'नेपाली साहित्य सङ्गम' पत्रिकामा कवि सिद्धिचरण श्रेष्ठ र महाकवि लक्ष्मीप्रसाद देवकोटाका कविताहरूलाई विषय बनाई 'नेपाली साहित्याकाशका दुई तारा' शीर्षकको समीक्षात्मक लेख प्रकाशित भएको जानकारी भए पनि उक्त लेख प्राप्त गर्न सकिएन ।[८] यसरी कवि श्रेष्ठ सम्बन्धी अध्ययन परम्परा ज्ञवालीबाट थालनी भई हालसम्म उनका व्यक्तित्व कृतित्व र योगदानका बारेमा अध्ययन भएको पाइन्छ । यसक्रममा कवि श्रेष्ठका सम्बन्धमा शोधार्थीले प्राप्त गर्न सकेको विभिन्न पत्रपत्रिकाहरूमा वि.सं. १९९५ देखि हालसम्म प्रकाशित लेखहरूका शीर्षकलाई निम्नानुसार सूची बनाई क्रमशः प्रस्तुत गरिएको छ ।

| क्र. सं | नाम | शीर्षक | पत्रिकाको नाम | वर्ष | सङ्ख्या अङ्क | महिना | साल | पृ |
|---|---|---|---|---|---|---|---|---|
| १. | सूर्यविक्रम ज्ञवाली | देशभक्तिका केही नेपाली कविता | शारदा | ४ | ६ | भाद्र | १९९५ | १४९-१५३ |
| २. | रत्नध्वज जोशी | कवि सिद्धिचरण श्रेष्ठ | शारदा | १३ | ५ | भाद्र | २००४ | १२४-१२८ |
| ३. | ईश्वर बराल | आधुनिक नेपाली साहित्यको क्रम विकास | प्रगति | १ | २ | - | २०१० | ४०-४७ |
| ४. | रत्नध्वज जोशी | दुई प्रतिनिधि कवि | प्रगति | १ | ३ | भाद्र | २०१० | २२२-२२९ |
| ५. | अरुण चन्द्र प्रधान | युगकवि सिद्धिचरणज्यूमा वास्तविक झलक | शारदा | २० | ५ | वैशाख | २०१२ | १२०-१२४ |
| ६. | दुर्गाप्रसाद श्रेष्ठ | प्रकृतिका कवि सिद्धिचरण | रचना | २ | १ | पुस | २०१९ | ५९-६८ |
| ७. | आनन्ददेव भट्ट | कवि सिद्धिचरणज्यूमा क्रान्तिकारिता | रूपरेखा | ४ | १२ | वैशाख | २०२१ | ७१-८५ |
| ८. | प्रा.मणिकलाल श्रेष्ठ | कवि सिद्धिचरण बारे केही | रत्नश्री | ४ | ३ | - | २०२२ | १०-१६ |
| ९. | गोमा | नेपाली साहित्यिक फूलबारीमा सिद्धिचरण | रत्नश्री | १२ | ४ | साउन | २०२४ | २५-३३ |
| १०. | ठाकुरप्रसाद पराजुली | नेपाली कविको आधुनिक दिशा र प्रवृत्ति | रूपरेखा | ११ | १ | जेठ | २०२७ | १८-२० |

८ (सुगन्ध मासिक प्रकाशन, वर्ष २२, अङ्क २, असार-कार्तिक, मंसिर, २०५९, पृ. १०२)।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११. | ताना शर्मा | युद्धप्रसाद मिश्र र सिद्धिचरण श्रेष्ठ | रूपरेखा | १० | १२ | वैशाख | २०२७ | ३३-४५ |
| १२. | कुमुदिनीदेवी | सिद्धिचरण श्रेष्ठ एक विवेचना | रूपरेखा | ११ | ३ | साउन | २०२७ | ४४-६९ |
| १३. | योगराज पौडेल | कवि सिद्धिचरण श्रेष्ठको कविव्यक्तित्व | अरुणोदय | ११ | १ | पुस, माघ | २०३० /३१ | २७-३४ |
| १४. | राजेन्द्र सुवेदी | सिद्धिचरणको कवि व्यक्तित्व कविताको परिप्रेक्ष्य र समालोचनाको मतभेदको सन्दर्भमा | रूपरेखा | १५ | ३ | साउन | २०३१ | २९-३४ |
| १५. | भोजराज वाग्ले | सिद्धिचरणको उर्वशी | मधुपर्क | ७ | १२ | वैशाख | २०३२ | १९-२४ |
| १६. | घटराज भट्टराई | सिद्धिचरण श्रेष्ठ व्यक्ति र कृति | मधुपर्क | ९ | ९ | माघ | २०३३ | ७०-७६ |
| १७. | गिरीराज जोशी | कवि सिद्धिचरण | मधुपर्क | १३ | १० | - | २०३७ | ८१-८९ |
| १८. | इन्द्र माली | मूल्याङ्कनका सन्दर्भमा कवि सिद्धिचरण श्रेष्ठ | रश्मी | १ | २ | कार्तिक | २०४० | ६१-६८ |
| १९. | अशेष मल्ल | भेटवार्ता सिद्धिचरण श्रेष्ठ | गरिमा | २ | ८ | साउन | २०४१ | ११६-१२० |
| २०. | रमेश गोर्खाली | कविवर सिद्धिचरण श्रेष्ठको देवघाटमाथि विहङ्गम दृष्टि | गरिमा | ६ | २ | माघ | २०४ ४ | ६६-७० |
| २१. | अभि सुवेदी | कवि सिद्धिचरण श्रेष्ठको काव्यमूल्याङकन गर्ने आधारहरू | मधुपर्क | २२ | ८ | पुस | २०४६ | २६-२८ |
| २२. | ज्योति पाण्डे | उर्वशी खण्डकाव्यमा श्री सिद्धिचरण श्रेष्ठ | उन्नयन | २ | ५ | - | २०४७ | ४६-५४ |
| २३. | श्याम प्रसाद | सिद्धिचरण केही स्मरण केही मूल्याङ्कन | मधुपर्क | २५ | ५ | असोज | २०४९ | ३५-३६ |
| २४. | कृष्णचन्द्रसिंह प्रधान | सम्पादकीय | समकालीन साहित्य | २ | ३ | साउन | २०४९ | - |
| २५. | डा. तुलसी भट्टराई | सिद्धिचरण युग सचेतक कवि | समकालीन साहित्य | २ | ३ | साउन | २०४९ | १०७-११२ |
| २६. | शिव रेग्मी | कविवर सिद्धिचरण श्रेष्ठ र नेपाली कविता | मधुपर्क | २५ | ३ | साउन | २०४९ | १५-१६ |
| २७. | रा.स.स. | युगकविको निधन अपूर्णीय क्षति | गोरखापत्र | ९२ | ३१ | जेठ २३ | २०४९ | - |
| २८. | समाचार दाता | युगकवि सिद्धिचरणको निधन | गोरखापत्र | ९२ | ३१ | जेठ २३ | २०४९ | - |
| २९. | रा.स.स. | युगकवि सिद्धिचरण श्रेष्ठको साहित्यिक | गोरखापत्र | ९२ | ३२ | जेठ २४ | २०४९ | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | योगदानमाथि प्रकाश | | | | | | |
| ३०. | रा.स.स. | प्रधानामन्त्रीद्वारा शोक सन्देश | गोरखापत्र | ९२ | ३२ | जेठ २४ | २०४९ | - |
| ३१. | सम्पादकीय | हार्दिक श्रद्धाञ्जलि | गोरखापत्र | ९२ | ३२ | जेठ २४ | २०४९ | - |
| ३२. | इन्द्र माली | कविरत्न सिद्धिचरणका केही कविताहरू एक अध्ययन | बगर | ११ | ३६ | भाद्र | २०४९ | ७-१२ |
| ३३. | रामचन्द्र गौतम | जसले आफ्नो युगलाई सशक्त वाणी दियो | गोरखापत्र | ९२ | ३९ | जेठ ३१ | २०४९ | - |
| ३४. | रा.स.स. | युगकवि सिद्धिचरणको निधनमा शोकसभाहरू | गोरखापत्र | ९२ | ४१ | असार १ | २०४९ | - |
| ३५. | रा.स.स. | युगकवि श्रेष्ठको योगदानमाथि प्रकाश | गोरखापत्र | ९२ | ४३ | असार १ | २०४९ | - |
| ३६. | इन्द्र माली | मातृभाषाका कविताहरूभित्रका कविरत्न सिद्धिचरण | कान्तिपुर | १ | ९३ | जेठ ९ | २०५० | - |
| ३७. | गार्गी शर्मा | विमल प्रतिभा युगकवि सिद्धिचरण : मङ्गलमान काव्य | गरिमा | १२ | ४ | चैत्र | २०५० | ५३-६१ |
| ३८. | रमेश जङ्ग सिजापति | युगकवि सिद्धिचरण काव्य पुरस्कार | कान्तिपुर | २ | ९१ | जेठ ७ | २०५१ | - |
| ३९. | वासु रिमाल | सिद्धिचरण प्रकृति यात्रा र काव्ययात्रा | कान्तिपुर | २ | ९१ | जेठ ७ | २०५१ | - |
| ४०. | रविलाल अधिकारी | उर्वशी | गरिमा | १२ | ६ | जेठ | २०५१ | ५१ |
| ४१. | विश्वनाथ भण्डारी | सिद्धिचरणको आँसुमा विद्रोही स्वर | गरिमा | १२ | ६ | जेठ | २०५१ | ९५-९७ |
| ४२. | वासु रिमाल | मेरो चिन्तनमा सिद्धिचरण र मङ्गलमान | गरिमा | १३ | १० | असोज | २०५१ | १८ - २२ |
| ४३. | राधाकृष्ण भट्टराई | नेपाली काव्ययात्रामा सिद्धिचरण | कान्तिपुर | ३ | ९७ | जेठ १३ | २०५२ | |
| ४४. | बमबहादुर थापा | सिद्धिचरणको विचरणमा मङ्गलमान | मिर्मिरे | २५ | ११ | फागुन | २०५३ | १३६-१४३ |
| ४५. | रा.स.स. | वैरागी काइँलालाई सिद्धिचरण पुरस्कार | सगरमाथा | १ | ११९ | जेठ १० | २०५३ | |
| ४६. | प्रतीक ढकाल | पाँच नेपाली हुलाक टिकटमा चित्राङ्कित सरस्वतीका सन्तानहरू | मधुपर्क | २९ | ५ | असोज | २०५३ | ५-१२ |
| ४७. | इन्द्रमाली | युगकवि | अभिव्यक्ति | २७ | शरद | असोज | २०५३ | ४८-५३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सिद्धिचरणका छचल्किएका आँसुका थोपाहरू | | | ऋतु | | | |
| ४८. | विश्वनाथ भण्डारी | उर्वशी काव्यमा युगकवि श्रेष्ठ | मधुपर्क | २९ | १ | जेठ | २०५३ | ४७(४८ |
| ४९. | जनकलाल वैद्य | सिद्धिचरण श्रेष्ठका नेपाल भाषाका गद्य कविता | मधुपर्क | ३० | १ | जेठ | २०५४ | |
| ५०. | कृष्णप्रसाद दुवाल | सिद्धिचरणको दान | गोरखापत्र | ९७ | १२ | जेठ ४ | २०५४ | |
| ५१. | तेजेश्वरबाबु ग्वंग : | साहित्यिक प्रकृति यात्रा: सिद्धिचरणप्रतिकै निष्ठा | आजको समाचार पत्र | २ | १३२ | जेठ ९ | २०५४ | |
| ५२. | घटराज भट्टराई | कारागारको सम्झनाभित्रको सिद्धिचरण | गोरखापत्र | ९८ | १७ | जेठ ९ | २०५५ | |
| ५३. | तेजेश्वरबाबु ग्वंग : | सिद्धिचरणमा पुगेर सिद्धिचरण | कान्तिपुर | ७ | ९२ | जेठ ८ | २०५६ | ६ |
| ५४. | विमल भौकाजी | सहीद जस्तै सिद्धिचरण | कान्तिपुर | ८ | ९४ | जेठ ९ | २०५७ | ७ |
| ५५. | मञ्जुल | सिद्धिचरणहरू | गरिमा | १९ | २ | माघ | २०५७ | ४१-४३ |
| ५६. | कोषराज न्यौपाने | सिद्धिचरण श्रेष्ठको कवि व्यक्तित्व | गोरखापत्र | १०१ | १३ | जेठ | २०५८ | |
| ५७. | ईश्वरकुमार श्रेष्ठ | सिद्धिचरण श्रेष्ठका कविता प्रवृत्तिहरू | गरिमा | १९ | ६ | जेठ | २०५८ | २०-२७ |
| ५८. | गणेशबहादुर प्रसाई | आखिर किन सिद्धिचरण विरुद्ध यो मूर्तियन्जन ? | नेपाल समाचार पत्र | ६ | १३१ | जेठ ८ | २०५८ | |
| ५९. | लोककृष्ण भट्टराई | कविवर सिद्धिचरण एक महान कवि | नेपाल समाचार पत्र | ६ | १३१ | जेठ ८ | २०५८ | |
| ६०. | डा. साफल्य अमात्य | राजा त्रिभुवनलाई आफ्नो कविता लेखाउने सिद्धिचरण | नेपाल समाचार पत्र | ६ | १३१ | जेठ ८ | २०५८ | |
| ६१. | फोटो पत्रकार | जिउँदोमा ढुङ्गा मरेपछि फूल | नेपाल समाचार पत्र | ६ | १३२ | जेठ ९ | २०५८ | |
| ६२. | निर्मोही व्यास | कोकिल !ग्रीष्म ऋतुमा किन मौन ? | मधुपर्क | ३५ | १ | जेठ | २०५९ | १३-१४ |
| ६३. | ठाकुर शर्मा | सिद्धिचरण एक र अनेक नयाँ कृति | गोरखापत्र | १०२ | १९ | जेठ ११ | २०५९ | |
| ६४. | महानन्द पौड्याल | कवि सिद्धिचरण श्रेष्ठ चर्चा गरिमाको मात्र | गोरखापत्र | १०२ | १७ | जेठ ९ | २०५९ | |
| ६५. | प्रा.शिवप्रसाद गोपाल | आध्यात्मिक चेतनामा युगकवि सिद्धिचरण श्रेष्ठ | गोरखापत्र | १०३ | १८ | जेठ १० | २०६० | |
| ६६. | डा. नन्दिश अधिकारी | युगकविको मङ्गलमान माथि एक दृष्टि | गरिमा | २ | ६ | जेठ | २०६१ | ६४-७६ |
| ६७. | प्रा. उषा | वर्तमान सन्दर्भ र | गरिमा | २२ | १० | असोज | २०६१ | ७७-८३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठाकुर | कविहरूको दायित्व | | | | | | |
| ६८. | डा. गार्गी शर्मा | स्वच्छन्दतावादी युगका केही विद्रोही कविहरू | दायित्व | १८ | ५० | कार्तिक | २०६१ | ५०-६१ |
| ६९. | प्रा. देवी शर्मा | कवि सिद्धिचरणको बाँचिरहेको आवाज कविता सङ्ग्रहभित्रका नारी स्वरहरू | युगान्तर | ३ | ५ | जेठ | २०६१ | ८०-८४ |
| ७०. | प्रा.डा मोहन हिमांशु थापा | युगकवि सिद्धिचरण | मधुपर्क | ३१ | १ | जेठ | २०६३ | ३५-३६ |
| ७१. | नारायण गोदारे | युगकवि सिद्धिचरण सम्वत : १९९०-२००७ साल सम्मको स्वछन्दतावादी साहित्यका स्वामी | मिर्मिरे | ३५ | ५ | भदौ | २०६३ | ३६-३९ |
| ७२. | अङ्गुरबाबा जोशी | युगकवि -सादर सम्झना | गोरखापत्र | १०६ | १७ | जेठ | २०६३ | |
| ७३. | नगेन्द्रराज रेग्मी | राजनीतिक र साहित्यबीचको लक्ष्मणरेखा | शारदा | १ | ८ | भदौ | २०६४ | ५०-५४ |
| ७४. | समाचार दाता | युगकवि श्रेष्ठको सम्झनामा कार्यक्रम आयोजित | गोरखापत्र | १०८ | १७ | जेठ ९ | २०६५ | ५ |
| ७५. | पुरुषोत्तम वस्नेत | सिद्धिचरण श्रेष्ठ एक क्रान्तिकारी कवि | गोरखापत्र | १०८ | १७ | जेठ ९ | २०६५ | ७ |
| ७६. | ज्ञानप्रसाद बास्तोला | स्वच्छन्दतावादी धाराका युगकवि सिद्धिचरण श्रेष्ठ | अन्नपूर्णपोष्ट | ८ | २३ | जेठ ९ | २०६६ | ६ |
| ७७. | दीर्घराज प्रसाईं | एक युग प्रतिनिधि | कान्तिपुर | १७ | ९५ | जेठ ९ | २०६६ | ६ |
| ७८. | समाचारदाता | राष्ट्रकविलाई युगकवि पुरस्कार | गोरखापत्र | १०९ | १८ | जेठ १० | २०६६ | ५ |
| ७९. | समाचार दाता | युगकवि सिद्धिचरणप्रति श्रद्धाञ्जली | गोरखापत्र | १०९ | १७ | जेठ ९ | २०६६ | ५ |

### ३.१ कवि श्रेष्ठसम्बन्धी पत्रपत्रिकामा प्रकाशित अध्ययनहरू

पत्रपत्रिकामा कवि श्रेष्ठको कवित्व, फुटकर सामालोचनात्मक लेख लेख्ने परम्पराको सुरुवात सूर्यविक्रम ज्ञवालीबाट भएको हो । वि.सं १९९५ देखि हालसम्म कवि श्रेष्ठसम्बन्धी विभिन्न लेखक समालोचकहरूले गरेका विभिन्न अध्ययनहरू फुटकर लेखका रूपमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । यस क्रममा शोधार्थीले प्राप्त गर्न सकेका विभिन्न पत्रपत्रिकाहरूमा हालसम्म प्रकाशित लेखहरूको टिप्पणी कालक्रमिक रूपमा क्रमश: निम्नानुसार प्रस्तुत गरिएको छ ।

**सूर्यविक्रम ज्ञवाली, देशभक्तिका केही नेपाली कविता, 'शारदा', वर्ष ४, संख्या ६, भाद्र १९९५, पृ. १४९-१५३**

**देशभक्तिको केही नेपाली कविता** शीर्षकको लेख सूर्यविक्रम ज्ञवालीले लेखेका हुन् । यसमा लेखक ज्ञवालीले देशभक्तिप्रति मोहित भएका भानुभक्त आचार्य जस्तै कवि सिद्धिचरण श्रेष्ठलाई पनि कान्तिपुरीका प्राकृतिक सुन्दरताले मोहित तुल्याएको चर्चा गरेका छन् । प्रेमीले संसारको सम्पूर्ण सुन्दरता गुण तथा कोमलता आफ्नो प्रेयसीमा देखेझै कवि श्रेष्ठ कान्तिपुरका विषयमा केही कल्पना गर्न पनि धुकचुक नमानी आफ्ना कवितामा प्रस्तुत गर्न सफल भएका छन् भनी लेखक ज्ञवालीले उल्लेख गरेका छन् । जसरी भानुभक्त आचार्यले कान्तिपुरलाई देख्ने वित्तिकै आफ्ना भावहरू कवितामा पोख्न सफल भएका थिए । त्यसै गरी कवि श्रेष्ठले पनि कान्तिपुरको प्राकृतिक मोहकतामा चुर्लुम्म डुबी देशभक्तिका गाना गाएका छन् भनी ज्ञवालीले टिप्पणी गरेका छन् ।

**रत्नध्वज जोशी, कवि सिद्धिचरण श्रेष्ठ, 'शारदा' वर्ष १३ , अङ्क ५, भाद्र, २००४, पृ. १२४-१२८**

**कवि सिद्धिचरण** श्रेष्ठ शीर्षकको लेख रत्नध्वज जोशीले लेखेका हुन् । यसमा लेखक जोशीले ओखलढुङ्गा जिल्लामा जन्मिएका कवि सिद्धिचरणको प्रकृतिप्रेम कसैको अनुकरणबाट होइन प्रकृतिप्रेम कविको जन्मसिद्ध गुण हो भनी उल्लेख गरेका छन् । नेपाली कविहरूमा प्राकृतिक सौन्दर्यले प्रफुल्लित हुने सबभन्दा विशेष उदारता कवि श्रेष्ठमा देखिएको टिप्पणी गर्दै **पुतली, वर्षा, साँझमा हिमालयको दृश्य, सुन्दरीजल, प्रातः कालीन किरण** आदि अनेक कविताले प्रकृति कविको अतिशय अनुरागको परिचय दिएको लेखक जोशीले बताएका छन् ।

**ईश्वर बराल, आधुनिक नेपाली साहित्यको क्रम विकास, 'प्रगति' वर्ष १, अङ्क २, २०१०, पृष्ठ ३९-४७**

**आधुनिक नेपाली साहित्यको क्रम विकास** शीर्षकको लेख ईश्वर बरालले लेखेका हुन् । यसमा लेखक बरालले आधुनिक नेपाली साहित्यमा स्वच्छन्दतावादी धाराका एक प्रतिभा सिद्धिचरण श्रेष्ठ प्रकृति प्रेमी कवि हुन् भनी चर्चा गरेका छन् । लेखकले कवि श्रेष्ठ कविता विधामा मात्र संलग्न रही नेपाली काव्य क्षेत्रमा उल्लेखनीय योगदान गरेको टिप्पणी गरेका छन् । प्रकृतिमा नै मानव जीवनको उद्देश्य खोजी कविता रचना गर्ने कवि श्रेष्ठ आफ्नो पुत्रको मृत्युपश्चात दुःख र भावुक बनेको लेखकले व्यक्त गरेका छन् । यसरी पुत्रको मृत्युपछि दुःखित भएका कवि श्रेष्ठका कवितामा व्यथा, वियोग र करुणाको समिश्रण पाइनुका साथै ईश्वरीय भाव पनि प्रस्तुत भएको लेखकले उल्लेख गरेका छन् ।

**रत्नध्वज जोशी, दुई प्रतिनिधि कवि, 'प्रगति' वर्ष १, अङ्क ३, भाद्र २०१०, पृष्ठ २२२-२२९**

रत्नध्वज जोशीले 'दुई प्रतिनिधि कवि' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक जोशीले कवि लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका केही कविताको तुलना गरेका छन् । सुरुदेखि नै

**शारदामा** प्रकाशित कविताहरूलाई हेर्दा देवकोटाको **वन, यात्री** कवितामा मानव सेवाको दृष्टिकोण पाइन्छ भने श्रेष्ठका **धरहरामाथिबाट, परिचय** कवितामा स्वदेशप्रेम र राष्ट्रियताको भाव व्यक्त भएको उल्लेख गरेका छन् । दुवै कवि प्रकृति प्रेमी कवि हुन् तापनि कवि देवकोटाको कवितामा मानवीय भावना प्रस्तुत भएको पाइन्छ भने कवि श्रेष्ठको कवितामा स्वदेशप्रेमको भाव व्यक्त भएको लेखक जोशीले प्रस्तुत गरेका छन् । कवि श्रेष्ठको कविताहरूको एउटै सन्देश छ कविता जीवनको निम्ति हो, अन्याय दमन शोषण र गरिबी हटाउनको निम्ति तर देवकोटाको जीवन दर्शन पूर्वीय दर्शनसित मिल्दछ जो शास्वत तत्वमा विश्वास राख्दछ भनी लेखक जोशीले यी दुई कविको कवित्वलाई तुलना गरी  आफ्नो धारणा व्यक्त गरेका छन् ।

**अरुणचन्द्र प्रधान 'युगकवि सिद्धिचरण ज्यूमा वास्तविक झलक' 'शारदा' वर्ष २०, अङ्क ५, वैशाख, २०१२, पृ. १२०-१२४**

अरुणचन्द्र प्रधानद्वारा लेखिएको 'युगकवि सिद्धिचरण ज्यूमा वास्तविक झलक' शीर्षकको लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक प्रधानले नेपाली कविता विधामा मात्र सक्रिय रहेका कवि श्रेष्ठका कविताले क्षणिक समयमा मात्र होइन भोलिका दिनहरूमा पनि उत्तिकै लोकप्रिय हुने कुरालाई व्यक्त गरेका छन् । लेखकले कविताको माध्यमबाट नै समाज परिवर्तन गर्न सकिन्छ  भने वापत कविलाई तत्कालीन शासकले सर्वस्व अंश हरणसहित १८ वर्ष जेल सजाय दिएको टिप्पणी गरेका छन् । यसरी जेलको अग्ला पर्खालभित्र रहे पनि उनमा उमङ्ग र साहसमा कति पनि कमी नआएको र कविता लेखी रहने बानी भएका कवि श्रेष्ठका कविताले कतिपय युवाहरूमा झन उत्साह र उमङ्ग थपेको कुरालाई लेखकले टिप्पणी गरेका छन् । यसरी कविताको माध्यमबाट समाज परिवर्तन गर्न एउटा मार्ग बनाउन सफल भएका कवि श्रेष्ठका कविताले आजको दिनमा मात्र होइन भोलिका दिनमा  पनि त्यतिकै महत्वपूर्ण हुन सक्छ भनी लेखकले व्यक्त गरेका छन् ।

**दुर्गाप्रसाद श्रेष्ठ, 'प्रकृतिका कवि सिद्धिचरण', 'रचना', रेखा २, विन्दु १ २०१९ पुस, पृ.५९-६८**

दुर्गाप्रसाद श्रेष्ठले 'प्रकृतिका कवि सिद्धिचरण' शीर्षकको लेख लेखेका छन् । यसमा लेखकले सिद्धिचरण श्रेष्ठका व्यक्तित्व र कवित्वको चर्चा गरेका छन् । केटाकेटीदेखि नै प्रकृतिको काखमा हुर्केको बाल्यकालमा भानुभक्तको रामायण, सुब्बा केदारनाथ र होमनाथको कृतिहरू पढेर आँखालाई आँसुको तलाउ बनाई हाल्ने कवि श्रेष्ठको जन्म वि.सं १९६९ ओखलढुङ्गा जिल्लामा भएको कुरा लेखकले व्यक्त गरेका छन् । केटाकेटीमा शान्ति र आनन्दको त्यो मनोहर स्थल छाडेर सहरमा आइ बस्नु पर्दा कविलाई साह्रै दुःख लागेको हुनाले जुन भावलाई उनले आफ्नो प्यारो ओखलढुङ्गा कवितामा पोखेको लेखकले उल्लेख गरेका छन् । कवि श्रेष्ठको व्यक्तित्वतर्फ ध्यान दिने हो भने उनी दुब्लो पातलो शरीर भएका थिए । जो कोहीले देख्ने वित्तिकै कवि श्रेष्ठ उनै हुन भनी

ठम्याउन गाह्रो भए पनि मानिसको बाहिरिया अनुहारले उसको भित्री व्यक्तित्व र गुण चिन्न नसकिने कुरालाई चर्चा गर्दै शारीरिक रूपमा दुब्ला पातला भए पनि उनी विभिन्न पत्रपत्रिकाको सम्पादक र सामाजिक संघ संस्थामा क्रियाशील हुँदै सङ्घर्षका दिनहरूसँग समय बिताएको लेखकले उल्लेख गरेका छन् । यसरी मानव जीवनको दु:खमय कष्ट सहेर भए पनि कविलाई यो जीवन प्यारो लाग्छ, सुन्दर लाग्छ किन भने प्रकृतिको सुन्दर प्रवाह उनको निमित्त प्रेरणादायक भएको छ भनी लेखकले बताएका छन् ।

**आनन्ददेव भट्ट, 'कवि सिद्धिचरण श्रेष्ठ ज्यूमा क्रान्तिकारिता', 'रूपरेखा' वर्ष ४, अङ्क १२, वैशाख २०२१, पृ.७१-८५**

आनन्ददेव भट्टले 'कवि सिद्धिचरण श्रेष्ठ ज्यूमा क्रान्तिकारिता' शीर्षकको लेख लेखेका छन् । यसमा लेखकले कवि श्रेष्ठलाई क्रान्तिकारी कविको रुपमा चर्चा गरेका छन् । वि.सं. १९९० मा संहारकारी भूकम्पले सम्पूर्ण जनतामा जुन सङ्कट खडा आइपऱ्यो त्यसको सहायातार्थ देशविदेशबाट आएको मद्दतले शासकहरूले आफ्नै खल्ती भोलाएको देखेर तत्कालीन शासकहरूको घोर अन्यायलाई विरोध गरी आफ्ना विभिन्न रचनाहरूबाट समाजलाई अघि बढ्न आह्वान गर्ने कवि श्रेष्ठ एक क्रान्तिकारी कवि भएको लेखक भट्टले व्यक्त गरेका छन् ।

**प्रो. मणिकलाल श्रेष्ठ, 'कवि सिद्धिचरण श्रेष्ठबारे केही', 'रत्नश्री' वर्ष ४, अङ्क ३, २०२२, पृ. १०-१६**

प्रो. मणिकलाल श्रेष्ठद्वारा लेखिएको 'कवि सिद्धिचरण श्रेष्ठबारे केही' शीर्षकको लेख रत्नश्री पत्रिकामा प्रकाशित छ । यसमा लेखक श्रेष्ठले कवि श्रेष्ठका कवितामा प्रकृति वर्णन आधिक्य पाइन्छ । प्राकृतिक वस्तुबाट प्रेरणा लिने प्रवृत्ति उनका कवितामा देखिन्छन. । मेरो चेतनाले कविता देवीको दर्शन गरी केही निकाल्नु नै कविताको उद्देश्य हो भनी विश्वास गर्ने कवि समाज र सामाजिक व्यवस्थामा परिवर्तन ल्याउन देन दिने कहिवहरूमा आदर्श कवि सिद्धिचरण श्रेष्ठ भएको लेखकले उल्लेख गरेका छन् । त्यसैगरी कवि श्रेष्ठको राम्रोसँग परिचय पाउन उनको जीवन दर्शन जान्न तिनका प्रतिभाको लेखाजोखा गर्न नेपाल भाषाका कविताहरू अध्ययन गर्न आवश्यक छ भनी लेखकले टिप्पणी गरेका छन् ।

**गोमा नेपाली, 'साहित्यिक फूलबारीमा सिद्धिचरण', रत्नश्री वर्ष १२, अङ्क ४, साउन २०२४, पृ. २५-३३**

**'नेपाली साहित्यिक फूलबारीमा सिद्धिचरण'**, शीर्षकको लेख गोमाद्वारा लेखिएको हो । यसमा गोमाले सिद्धिचरण श्रेष्ठलाई प्रकृति प्रेमी कविका रूपमा चर्चा गरेकी छन् । प्रकृतिको सुन्दर लीला भूमि नेपालको शान्त प्रकृतिको काख ओखलढुङ्गा जिल्लामा जन्मेका कवि प्रकृतिको पूजारी मात्र नभई उनी भक्तै बनेर जन्मेको कुरालाई गोमाले उल्लेख गरेकी छन् । कवि श्रेष्ठलाई

विधाताको मसी नै सौन्दर्य हो । यस सौन्दर्य मसीबाट उनी अनेकौ गीत लेख्छन् अनि त्यस गीतलाई सबै मिलेर पढौ गाऔँ भन्ने कविको आह्वान सबैका लागि उपयुक्त भएको कुरा गोमाले व्यक्त गरेकी छन् । निरस पुस्तक पढेर आफू बिग्रनुभन्दा बरु प्राकृतिक पुस्तक पढौँ जानौँ, सिकौँ भन्ने प्रकृतिप्रेमी कवि श्रेष्ठको भनाइ अवश्य प्रशंसनीय रहेको गोमाले यस लेखमार्फत उल्लेख गरेकी छन् ।

**ठाकुरप्रसाद पराजुली, 'नेपाली कविको आधुनिक दिशा र प्रवृत्ति', 'रूपरेखा' वर्ष ११, अङ्क १, जेठ २०२७, पृ १८-२०**

ठाकुरप्रसाद पराजुलीद्वारा लेखिएको **नेपाली कविको आधुनिक दिशा र प्रवृत्ति** शीर्षकको लेख रूपरेखा पत्रिकामा प्रकाशित छ । यसमा लेखक पराजुलीले नेपाली साहित्यमा क्रान्ति प्रगति र अर्न्तमुखी चिन्तनका कवि श्रेष्ठ आफ्नो जीवनको पूर्वाद्धमा क्रान्तिकारी र प्रगतिशील कवि भएको बताएका छन् । पराजुलीका विचारमा कवि सिद्धिचरण सर्वाधिक सफल त्यही छन् जहाँ प्रकृत्तिका कोमल भावना र क्रान्तिका सङ्घर्षशील विचारहरूको सम्झौताबाट एक किसिमको रमरम बौद्धिकता पैदा भएको छ । यिनै बौद्धिकताको स्पर्श पाएका कवि श्रेष्ठका कविताहरू मानवीय संवेदनाको चाल्नीमा चालिएर मात्र बाहिर आउँछन् भन्ने लेखक पराजुलीको टिप्पणी छ । यसरी घनीभूत संवेदना, रमरम बौद्धिकता र जीवनमुखी दृष्टिकोणको त्रिवेणी कवि श्रेष्ठका कवितामा पाइने कुरा लेखक पराजुलीले प्रस्तुत गरेका छन् ।

**ताना शर्मा, 'युद्धप्रसाद मिश्र र सिद्धिचरण श्रेष्ठ', 'रूपरेखा' वर्ष १०, अङ्क १२ वैशाख २०२७, पृ. ३३-४५**

ताना शर्माद्वारा लेखिएको 'युद्धप्रसाद मिश्र र सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख रूपरेखा पत्रिकामा प्रकाशित छ । यसमा लेखक शर्माले कवि श्रेष्ठ र युद्धप्रसाद मिश्रका कवितालाई तुलना गरी मिश्रका कविता जति स्तरीय छ त्यति कवि श्रेष्ठको कविता स्तरीय नभएका उल्लेख गरेका छन् । लेखक शर्माको विचारमा संस्कृत छन्दका साथै लयात्मक शैलीलाई अँगाली प्रकृतिबाट प्रेरित भएर जीवनको व्यथाहरू प्रकट गर्ने शैलीलाई यी दुवै कविताका कलमले अघि सारेका छन् तापनि मिश्रका कविताहरूमा जति इमान्दार सरस लयमय कवितात्मक अभिव्यक्ति प्रस्तुत हुन्छ त्यति कवि श्रेष्ठका कवितामा व्यक्त नहुने कुरा उल्लेख गरेका छन् । कवि श्रेष्ठका कवितामा भाषा अपरिमार्जित अपरिष्कृतका साथै चाहिने भन्दा बढी शब्दहरूलाई हरफ लम्बाएर आफ्नो कमजोरी प्रस्तुत गरेका छन् भनी शर्माले व्यक्त गरेका छन् । कवि श्रेष्ठका 'ओखलढुङ्गा' कवितालाई प्रकृतिप्रेमको राम्रो र अद्धितीय उदाहरण मान्दै आए पनि प्रकृतिको चित्रणमा उनलाई कवि मिश्रले उछिनेको कुरा शर्माले व्यक्त गरेका छन् । यसैले चौथास्तरको कवि श्रेष्ठ युद्धप्रसाद मिश्रको स्तरमा कहिल्यै पुग्न नसकेको कुरा शर्माले उल्लेख गरेका छन् ।

**कुमुदिनीदेवी, 'सिद्धिचरण श्रेष्ठ एक विवेचना', रूपरेखा वर्ष ११, अङ्क ३, साउन २०२७, पृ.४४-६९**

कुमुदिनी देवीद्वारा लेखिएको 'सिद्धिचरण श्रेष्ठ एक विवेचना' शीर्षकको लेख रूपरेखा पत्रिकामा प्रकाशित छ । यसमा कुमुदिनीले कवि सिद्धिचरण श्रेष्ठलाई ताना शर्माले अबमूल्यन गरी गिराउन खोजिएको प्रसङ्गलाई चर्चा गरेकी छन् । पूर्णाङ्क १०८ को 'रूपरेखा' पत्रिकामा युद्धप्रसाद मिश्र र कवि सिद्धिचरण श्रेष्ठका काव्यात्मक व्यक्तित्वका तुलनात्मक विवेचनामा एउटाको अपेक्षाकृत केही सफल रचनाहरू बटुलेर अर्काको जर्वजस्ती खोसिएका असफलतासँग मात्र तुलना गरेर समालोचना नै हुन नसक्ने कुरा लेखिकाले व्यक्त गरेकी छन् । कवि श्रेष्ठलाई अनुप्रास र लयात्मकताको फोस्रा आरोप लगाउँदै जर्वजस्ती अर्थाएर पखेटा काटिदिएको र कवि मिश्रलाई उचालेर पखेटा भिराइदिएको कुमुदिनीले आफ्नो अभिव्यक्ति प्रस्तुत गरेकी छन् ।

**योगराज पौडेल, 'कवि सिद्धिचरण श्रेष्ठको कवि व्यक्तित्व', अरुणोदय वर्ष ११, अङ्क १, पुस-माघ २०३० /०३१, पृ. २७-३४**

कवि सिद्धिचरण श्रेष्ठको 'कवि व्यक्तित्व' शीर्षकको लेख योगराज पौडेलले लेखेका हुन् । यसमा लेखक पौडेलले कवि श्रेष्ठका काव्यगत मान्यता र प्रवृत्तिका सम्बन्धमा उल्लेख गरेका छन् । कवि श्रेष्ठको कविता र काव्यमा प्राकृतिकता एवम सामाजिकताका साथ साथै मानसिक अनुभुतिको प्रबल अभिव्यक्ति पाइन्छ भनी लेखक पौडेलले व्यक्त गरेका छन् । उनले आफ्ना कवितामा मात्रा छन्दमा गीतिमयता पूर्वक सशक्त अभिव्यक्ति दिनुका साथै सहज र सुकोमल शैलीमा भाव व्यक्त गर्नु मुख्य मुख्य काव्यगत मान्यता र प्रवृत्ति भएको लेखक पौडेलले बताएका छन् ।

**राजेन्द्र सुवेदी, 'सिद्धिचरणको कवि व्यक्तित्व कविताको परिप्रेक्ष्य र समालोचनाको मतभेदको सन्दर्भमा' 'रूपरेखा' वर्ष १५, अङ्क ३ साउन २०३१, पृष्ठ २९-३४**

'सिद्धिचरणको कवि व्यक्तित्व कविताको परिप्रेक्ष्यमा र समालोचनाको मतभेदको सन्दर्भमा' शीर्षकको लेख राजेन्द्र सुवेदीद्वारा लेखिएको हो । यसमा लेखक सुवेदीले सिद्धिचरणको कवि व्यक्तित्वको साथ साथै समालोचनाको मतभेदको सन्दर्भलाई चर्चा गरेका छन् । नेपाली कविता जगतमा लेखनाथको ऋतुविचारले नै रोमान्टिक महलको ढोका खोलिदिएको भए पनि महाकवि देवकोटा र कवि सिद्धिचरण श्रेष्ठ नआएसम्म त्यस ढोकाबाट रोमान्टिकताको चहकिलो प्रकाशले प्रवेश पाउन नसकेको कुरालाई उल्लेख गरेका छन् । लेखक सुवेदीले धारागत प्रवृत्ति दुवैको एकै भए पनि देवकोटाको रोमान्टिकता व्यापक रूपले अघि बढेको तर कवि श्रेष्ठको रोमान्टिकता कोमल कलकल ध्वनिमा मात्र बहेको टिप्पणी गरेका छन् । १९९५ तिर आउँदा देवकोटा व्यापक विधामा देखिए भने कवि श्रेष्ठ सीमित विधामा मात्र देखिए । यसैलाई लिएर कवि श्रेष्ठलाई कसैले आधुनिक नेपाली कविता क्षेत्रमा चार तारामध्ये एक तारामा दर्ता गराए भने कसैले सामान्य

स्तरका कविका रूपमा चर्चा गरे । यसरी अधिमूल्यन र अवमूल्यनका चापमा परेका कवि श्रेष्ठ स्वच्छन्दतावादी धाराकै प्रकृतिप्रेमी कवि भए पनि उनमा देवकोटामा जस्तो रोमान्टिकताको छताछुल्ल बेग नभएको सुवेदीले व्यक्त गरेका छन् ।

**भोजराज वाग्ले, 'सिद्धिचरणको उर्वशी', 'मधुपर्क' वर्ष ७ , अङ्क १२, वैशाख २०३२, पृष्ठ १९-२४**

भोजराज वाग्लेद्वारा लेखिएको 'सिद्धिचरणको उर्वशी' शीर्षकको लेख मधुपर्कमा प्रकाशित छ । यसमा लेखक वाग्लेले नेपाली साहित्यमा महाकवि देवकोटा र कवि श्रेष्ठ दुवै समकक्षका भए पनि देवकोटा 'मुनामदन' खण्डकाव्यको माध्यमबाट अघि बढेको तर कवि श्रेष्ठ सीमित विधामा मात्र क्रियाशील रहेको चर्चा गरेका छन् । कवि श्रेष्ठलाई विभिन्न व्यवधानले गर्दा कविता प्रकाशनमा उतार चढाव आउनाले कुनै समालोचकहरूका नजरमा अधिमूल्यन र कसैको नजरमा अवमूल्यनका द्वन्द्वमा परेको कुरा व्यक्त गरेका छन् । यसरी अधिमूल्यन र अबमूल्यनका द्वन्द्वमा परेका  कवि श्रेष्ठको वास्तविक प्रतिभा त्यही द्वन्द्वको माझबाट मुखरित भएको वाग्लेले टिप्पणी गरेका छन् । कवि श्रेष्ठले अर्जुन र उर्वशीबीचको अन्र्तद्वन्द्वलाई प्रस्तुत गर्न 'उर्वशी' खण्डकाव्य लेखेका हुन् र यसमा  कविले गीताको निष्काम कर्मको  दर्शनलाई अँगालेका छन् भन्दै  प्रस्तुत काव्यमा अन्तर्द्वन्द्वको बारेमा लेखक वाग्लेले विवेचना गरेका छन् ।

**घटराज भट्टराई 'सिद्धिचरण श्रेष्ठ-व्यक्ति र कृति', 'मधुपर्क' वर्ष ९, अङ्क ९, माघ, २०३३, पृष्ठ ७०-७६**

घटराज भट्टराईले 'सिद्धिचरण श्रेष्ठ व्यक्ति र कृति'  शीर्षकको  लेख लेखका छन् । यसमा लेखक  भट्टराईले  कवि श्रेष्ठको व्यक्तित्व र कृतित्वको बारेमा  प्रकाश पारेका  छन् । सगरमाथा अञ्चल प्रकृतिको रमणीयकाख ओखलढुङ्गा जिल्लामा वि.सं. १९६९  जेठ शुक्ल पञ्चमीका दिन जन्मेका  सिद्धिचरण श्रेष्ठ सानै देखि कविता लेख्न सुरु गरेका हुन् । ओखलढुङ्गाको केही समय बसाइ पछि काठमाडौं आएका कवि श्रेष्ठ विक्रम संम्वत १९९० को  भूइँचालोको विवश रूप देखेर 'भूइँचालो' शीर्षकमा कविता लेखी सोही साल गोरखा पत्रमा प्रकाशित भएपछि कविताको प्रकाशन क्रम प्रारम्भ भएको लेखक भट्टराइले प्रस्तुत गरेका छन् । 'शारदा' 'पत्रिकाको सम्पादक', 'गोरखापत्र'को सम्पादक नेपाली पहिलो खबर पत्रिका 'आवाज'को प्रधान सम्पादक, त्रिभुवन स्मारक समितिका संस्थापक सदस्य जस्ता विभिन्न पदहरूमा रही शोभा बढाउँदै रा.प्र.प्र. को आजीवन सदस्य हुँदै हाल राजसभा स्थायी समितिको सदस्य पदमा  सुशोभित भएका कवि श्रेष्ठ गो.द.वा., श्रीपट्ट जस्ता सम्मानद्वारा सम्मानित भएको लेखक भट्टराईले चर्चा गरेका छन् । कवि श्रेष्ठका कोपिला, मेरो प्रतिबिम्ब, जूनकीरी, बालीबध जस्ता प्रकाशित कृतिहरू सुरु सुरुका रचना प्रकृतिसित तादत्मयता सम्बन्ध राख्न सफल भएका छन् भने पछि पछिका रचना जीवनीमूलक बन्दै गएको लेखक भट्टराईले व्यक्त गरेका छन् ।

**गिरीराज जोशी, 'कवि सिद्धिचरण', 'मधुपर्क' वर्ष १३, अङ्क १०, २०३७, पृष्ठ ८१-८९**

गिरीराज जोशीद्वारा लेखिएको 'कवि सिद्धिचरण' शीर्षकको लेख मधुपर्कमा प्रकाशित छ । यसमा लेखक जोशीले पाँच दशक लामो नेपाली साहित्यको सेवामा लागेका कवि श्रेष्ठ नेपाली रोमान्टिक कविता साहित्यका एक उज्ज्वल तारा भएको उल्लेख गरेका छन् । कलिला अनुभुतिको रोमान्टिक उच्छवास मात्रै होइन विक्रम सम्वत् १९८६-१९९७ सम्मका कविताको सङ्कलन 'कोपिला' अनि कठोर कारागारको अवधिमा मूल रूपमा लेखिएको व्यक्ति मनका अर्न्तद्वन्द्वको चित्रण पाइने 'उर्वशी' र सामाजिक असमानता घात-प्रतिघात असन्तोष व्यक्तिएको 'मेरो प्रतिविम्व' कविता पाइन्छ भनी जोशीले व्यक्त गरेका छन् । यसरी काव्य फाँटमा सशक्त सफल रहन सकेका कवि श्रेष्ठले स्वदेश तथा विदेशको भ्रमण पनि गरेको चर्चा गर्दै नवीन शिल्पको प्रयोग गरेर नयाँ-नयाँ भावमा बहन चाहने उनका हरेक शब्दमा सरलता, सहजताका साथ प्रकृति स्वभाविक रूपमा पाइने कुरा लेखक जोशीले बताएका छन् ।

**इन्द्र माली, 'मूल्याङ्कनका सन्दर्भमा कवि सिद्धिचरण श्रेष्ठ', 'रश्मि', वर्ष १, अङ्क २, कार्तिक २०४०, पृष्ठ ६१-६८**

इन्द्र मालीद्वारा लेखिएको 'मूल्याङ्कनका सन्दर्भमा कवि सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख रश्मि पत्रिकामा प्रकाशित छ । यसमा लेखक मालीले कवि व्यक्तित्वको प्रस्फुटन र विकासलाई देखाउँदै नेपाली साहित्यमा स्वच्छन्दवादी काव्य धाराका आमन्त्रणमा कवि श्रेष्ठको भूमिका र मूल्याङ्कनको चर्चा गरेका छन् । नेपाली साहित्यमा कवि श्रेष्ठ युगकवि, रोमान्टिक कवि, प्रगतिवादी कवि, प्रकृतिवादी कवि, जागरुक कवि आदिका रूपमा परिचित कविले सानैदेखि कविता लेख्न सुरुवात गरे पनि वि.सं.१९९० को 'भुइँचालो' कविता गोरखापत्रमा प्रकाशित भएपछि मात्र कवि व्यक्तित्व प्रकाशमा आएको उल्लेख गरेका छन् । कवि व्यक्तित्वको मूल्याङ्कनको सन्दर्भमा सर्वप्रथम सूर्यप्रसाद ज्ञवालीले महाकवि देवकोटा र कवि श्रेष्ठ यी दुई कवि आधुनिक काव्यका उदयीमान ताराको रूपमा अवलोकित हुन्छन् भनी समीक्षात्मक लेख प्रकाशित भएपछि उनका सम्बन्धमा चर्चा परिचर्चा सुरु भएको लेखक मालीले उल्लेख गरेका छन् । यसैगरी उनका सम्बन्धमा चर्चा परिचर्चा गर्ने सम्बन्धमा रत्नध्वज जोशीले कवि प्रतिभाको मुख्य विषय प्रकृतिको रङ्गमञ्च हो आनन्ददेव भट्टका अनुसार 'पहिले समाज व्यवस्थाका कवि त्यसपछि प्रकृति र प्रेमी कवि' भनी चर्चा गरेको कविलाई ताना शर्माले सामान्य स्तरका कवि मानेका छन् । यसरी विभिन्न समालोचकहरूको नजरमा कहिले राम्रो र कहिले सामान्य स्तरमा दाजिएका कवि श्रेष्ठ 'मुनामदन' को प्रकाशनबाट देवकोटाको कवि व्यक्तित्वको प्रस्फूरणमा उन्मेष र उन्मुक्तता पाइन्छ भने उनको गतिमा त्यही अनुरूपको तीव्रता नभएको लेखक मालीले व्यक्त गरेका छन् ।

**अशेष मल्ल, 'भेटवार्ता सिद्धिचरण श्रेष्ठ' 'गरिमा' वर्ष २, अङ्क ८ साउन, २०४१, पृ. ११६-१२०**

'भेटवार्ता सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख अशेष मल्लले लेखेका हुन् । यसमा लेखक मल्लले ७३ वर्षीय कवि श्रेष्ठसँग भएको भेटवार्तालाई चर्चा गरेका छन् । यसमा उनका समकालीन कविहरूको चर्चा परिचर्चा, 'उर्वशी' खण्डकाव्यको चर्चा, नेपाली साहित्य समालोचनाको परिपाटी, प्रज्ञाप्रतिष्ठानको मूल्याङ्कन र वर्तमान परिवेशमा प्रकाशित कविताहरूको बारेमा छलफल भएको लेखक मल्लले बताएका छन् । हालसालै प्रज्ञा प्रतिष्ठानले 'पृथ्वी प्रज्ञा पुरस्कार' सूर्यविक्रम ज्ञवालीलाई प्रदान गरेकोमा कतिपय साहित्यप्रेमीहरूले उक्त पुरस्कार कवि श्रेष्ठलाई दिनुपर्ने चर्चा भएको मल्लले टिप्पणी गरेका छन् । उक्त प्रसङ्गलाई कवि श्रेष्ठसँग राख्दा उनले 'यो सामान्य कुरा हो पुरस्कार नपाउनुमा मलाई विस्मात छैन ज्ञवाली म भन्दा अग्रज हुनुहुन्छ म उहाँलाई मान्छु । उहाँले पाउनुभएकोमा मलाई खुशी लागेको छ तर प्रज्ञाप्रतिष्ठानले गरेको निर्णयलाई सही साहित्यिक मूल्याङ्कन मान्दिन' भनेको कुरालाई लेखक मल्लले व्यक्त गरेका छन् ।

**रमेश गोर्खाली, 'कविवर सिद्धिचरण श्रेष्ठको देवघाट माथि विहङ्गम दृष्टि', 'गरिमा' वर्ष ६, अङ्क २ माघ २०४४, पृष्ठ ६६-७०**

रमेश गोर्खालीद्वारा लेखिएको 'कविवर सिद्धिचरण श्रेष्ठको देवघाट माथि विहङ्गम दृष्टि' शीर्षकको लेख गरिमामा प्रकाशित छ । यसमा लेखक गोर्खालीले नेपाली साहित्यमा प्रतिभा शिरोमणि मानिएका लक्ष्मीप्रसाद देवकोटासँगै स्वच्छन्दतावादी काव्य धाराको सह-प्रवर्तक मानिएका कवि श्रेष्ठ पनि एक अग्रणी कवि हुन् भनी चर्चा गरेका छन् । कवि श्रेष्ठले आफ्ना कवितामा सरल, सरस, सफल र सुकोमल भाव व्यक्त गर्नुका साथै युगचेतनासँगै स्वतन्त्रता पनि अभिव्यक्त हुन्छ भनी लेखकले टिप्पणी गरेका छन् । लेखकका विचारमा पौने सय वर्ष नाघेका सिद्धिचरणका लेखन दुई बीस पूर्व झै द्रूत नभएपनि २०४१ मा 'देवघाट' रचना प्रकाशित भएपछि उनी अन्य युवाहरू सरह नेपाली साहित्यमा सक्रिय रहेको कुरालाई व्यक्त गरेका छन् । यस काव्यमा कवि श्रेष्ठ देवघाटलाई देहमुक्त हुने आध्यात्मिक स्थल मात्रै ठान्दैनन् । सौन्दर्य र प्रकृतिको समन्वय विन्दु मात्रै मान्दैनन् वस्तुतः अस्तित्ववादको माध्यम लिदै जे-जे खोजे त्यो त्यो पाइने थलो पनि मानेका छन् भनी लेखकले व्यक्त गरेका छन् । नेपाल भूमि विश्वका हिन्दुहरूको पवित्र तिर्थस्थल मध्ये नारायणी अञ्चल चितवन जिल्लामा पर्ने हरिहर क्षेत्रको पवित्र जलप्रवाह त्रिवेणी देवघाटलाई युगकविले आफ्नो कृतिको माध्यम बनाएको लेखक गोर्खालीले व्यक्त गरेका छन् ।

**अभि सुवेदी, 'कवि सिद्धिचरण श्रेष्ठको काव्य मूल्याङ्कन गर्ने आधारहरू' 'मधुपर्क' वर्ष २२, अङ्क ८ पुस २०४६, पृष्ठ २६-२८**

अभि सुवेदीद्वारा लेखिएको 'कवि सिद्धिचरण श्रेष्ठको काव्य मूल्याङ्कन गर्ने आधारहरू' शीर्षकको लेख मधुपर्कमा प्रकाशित छ । यसमा लेखक सुवेदीले कवि श्रेष्ठको मूल्याङ्कन गर्ने आधारहरूलाई चर्चा गरेका छन् । कवि श्रेष्ठका कवितामा ठूला-ठूला विम्वहरू र क्लिष्ट भाषाका सङ्केतहरू प्रयोग भएको पाइँदैन । यसैले साधारण बोलीचालीको भाषा प्रयोग गरी काव्य सरलताको आधारमा उनका कवितामा व्यङ्ग्य निर्माण हुन्छ भनी लेखक सुवेदीले उल्लेख गरेका छन् । कवि श्रेष्ठले रचना गर्ने काल नेपाली कवितालाई रोमान्टिक कविता भनिन्छ जुन समयमा अनेकौं कविहरूले काव्यको विशिष्टतालाई कायम राखेर कविता लेखेका छन् भने कवि श्रेष्ठका कवितामा पाण्डित्य पाइदैन तर जीवन शक्ति र युगको आह्वान पाइन्छ भनी लेखक सुवेदीले व्यक्त गरेका छन् ।

**ज्योति पाण्डे, 'उर्वशी खण्डकाव्यमा श्री सिद्धिचरण श्रेष्ठ' 'उन्नयन' वर्ष २, अङ्क ५ २०४७, पृष्ठ ४६-५४**

ज्योति पाण्डेद्वारा लेखिएको 'उर्वशी खण्डकाव्यमा श्री सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख उन्नयन पत्रिकामा प्रकाशित छ । यसमा पाण्डेले प्रस्तुत काव्य कवि श्रेष्ठलाई नेपाली साहित्यमा चर्चित बनाउन सफल भएको टिप्पणी गर्दै जसलाई पूरा गर्न जेलको गुम्स्याइलो र बाफिलो वातावरण प्रमुख बनेको चर्चा गरेकी छन् । वि.सं.१९९७ मा रचेर प्रकाशनको गर्भबाट वि.सं.२०१७ मा आएर छुटकारा पाएको प्रस्तुत काव्य स्वयम् कविकै मानसिक धरातलमा अन्तर्द्वन्द्व सृजना भएको उल्लेख गरेकी छन् । प्रत्येक मानवले जे जस्तो व्यवधानलाई आफैभित्र पचाएर अघि बढ्न सकेमा मात्र कल्याण छ भन्ने धारणालाई कविले आफ्नो भावनाको केन्द्रविन्दु मानेका अर्जुनलाई स्वीकार्न चाहने उर्वशीको इच्छाको विफलताले जुन प्रकारको वितृष्णा गरायो । त्यो सर्वथा निराधार छ भन्ने कुरा यस काव्यले देखाएको पाण्डेले प्रस्तुत गरेकी छन् । मात्रा छन्दमा ज्यादै रमाएको उपसंहार सहित नौ सन्दर्भहरूमा विभाजित यस काव्यमा कवि आफू भित्रको प्रबन्धात्मक शक्तिलाई समात्न सफल भई काव्यको आदि भागतर्फ बासनाको प्रतिमूर्तिका रूपमा उर्वशीलाई उभ्याउन लगाए पनि यिनै कवि उत्तरतिर उर्वशीको मनोच्छा विफल भएको देख्दा सहानुभूति व्यक्त गर्दै उनको मनलाई सान्तवना दिन अग्रसर भएको लेखिका पाण्डेले बताएकी छन् ।

**श्यामप्रसाद, 'सिद्धिचरण केही स्मरण केही मूल्याङ्कन' 'मधुपर्क' वर्ष २५, अङ्क ५ असोज २०४९, पृष्ठ ३५-३६**

श्यामप्रसादद्वारा लेखिएको 'सिद्धिचरण केही स्मरण केही मूल्याङ्कन' शीर्षकको लेख मधुपर्कमा प्रकाशित छ । यसमा लेखक श्याम प्रसादले कवि श्रेष्ठसँग आखिरी भेट २०४८ साल

असोज २५ गते ललितपुरमा मदन पुरस्कार प्रदान गर्ने समारोहमा भएको स्मरण गर्दै विदेश भ्रमणमा भएका साहित्यिक गतिविधिलाई पनि टिप्पणी गरेका छन् । सन् १९५९ मा कवि श्रेष्ठ चीन गएको र सन् १९७७ को अक्टोवरमा नेपाल चीन मैत्री संघको प्रतिनिधि मण्डलको सदस्य भएर लेखक स्वयम् पनि छिमेकी राष्ट्र चीनको एक महिनासम्म भ्रमण गर्ने सुअवसर पाउँदा त्यसबेला क्यान्टन क्षेत्रको यात्रा अवधिमा क्यान्टन लेखक संघका सदस्य कुओ पनि सँगै भएको र कुओले कवि श्रेष्ठको क्यान्टबारे कवितालाई चिनिया भाषामा अनुवाद गरेको लेखकले बताएका छन् । यसमा लेखकले कवि श्रेष्ठको लोकप्रिय 'ओखलढुङ्गा' कविता वि.सं.२००३-०४ सालतिर वीरगन्जमा त्रियुद्ध मा.वि.को विद्यार्थी छदाँ पढन पाएको र पहिलो परिचय कविसँग त्यही कविताबाट भएको उल्लेख गरेका छन् ।

**कृष्णचन्द्रसिंह प्रधान, 'सम्पादकीय', 'समकालीन साहित्य', वर्ष २, अङ्क ३, साउन २०४९**

कृष्णचन्द्रसिंह प्रधानले समकालीन साहित्य पत्रिकाको सम्पादकीयमा नेपाली क्यालेण्डरको कालोकोष्ठभित्र रहने जेठ २२, २०४९ लाई दुःखद घटनाको रूपमा सम्झिरहने उल्लेख गरेका छन् । लेखक प्रधानको विचारमा मृत्यु भनेको ओपन टिकट जस्तै हो जन्मेदेखि साथै लिएर आएको र बिना मितिको अनिवार्य यात्रामा हामी निरन्तर हिडिरहेका हुन्छौं । यस यात्राको अन्त्य कति खेर हुन्छ भन्ने कसैलाई थाहा हुँदैन । थाहा नै नभई अन्त्य हुनु पर्ने यो अवस्था जो कसैलाई मर्माहन्त लाग्दछ । त्यस्तै मर्माहन्तमा हामी नेपाली साहित्यप्रेमीहरू आज टुहुरो भएको टिप्पणी गर्दै युगकविको निधनबाट नेपाली साहित्यमा अपूर्णनीय क्षति भएको प्रधानले व्यक्त गरेका छन् ।

**डा. तुलसी भट्टराई, 'सिद्धिचरण युग सचेतक कवि', 'समकालीन साहित्य' वर्ष २, अङ्क ३, साउन २०४९, पृष्ठ १०७-११२**

'सिद्धिचरण युग सचेतक कवि' शीर्षकको लेख डा. तुलसी भट्टराईले लेखेका हुन् । यसमा लेखक भट्टराईले तत्कालीन महावीर स्कूलमा शिक्षक समेत बनेका सिद्धिचरण श्रेष्ठ मूलत क्रान्तिवादी परिवर्तनवादी र स्वतन्त्रताप्रेमी कवि हुन् भनी व्यक्त गरेका छन् । लेखकले कविका अधिकांश कवितामा परिवर्तनका स्वर प्रस्तुत हुने चर्चा गरेका छन् । ६ दशक लामो कविता यात्रा भित्र धेरैवटा घुम्तीहरू पार गरिसकेका कवि श्रेष्ठका आधा दर्जन कविता काव्यकृतिहरू मध्ये 'उर्वशी' खण्डकाव्य अमर कृति हो भनी चर्चा गरेका छन् । कुनै पनि साहित्यिक रचना अमर हुन्छ अमरता मध्ये अमर रोजिन्छ कवि श्रेष्ठको काव्य रोज्नुपर्दा 'उर्वशी' रोजिने मध्ये पर्छ भनी लेखक भट्टराईले आफ्ना धारणा राखेका छन् ।

**शिव रेग्मी, 'कविवर सिद्धिचरण श्रेष्ठ र नेपाली कविता' मधुपर्क वर्ष २५, अङ्क ३ साउन २०४९, पृष्ठ १५-१६**

शिव रेग्मीद्वारा लेखिएको 'कविवर सिद्धिचरण श्रेष्ठ र नेपाली कविता' शीर्षकको लेख मधुपर्कमा प्रकाशित छ । यसमा लेखक रेग्मीले नेपाली साहित्यमा कविता र काव्यका क्षेत्रमा करिब ६ दशक लामो यात्रा पूरा गरी सातौ दशकमा हिडिरहेका कवि श्रेष्ठको वि.सं.२०४९ जेठ २२ गते विहिबार मृत्यु भएको उल्लेख गरेका छन् । त्रिभुवन पुरस्कार, प्रबल गो.द.बा.तथा विख्यात त्रिशक्तिपट्टबाट विभूषित भएका कवि यसै तथ्यलाई गोरखापत्र (सं.२०४९ जेठ २३) ले श्रीपट्ट पाएको त्रुटिपूर्ण कुरा उल्लेख गरेर जतातत्तै यसै विभूषणको आलोचना भएको लेखक रेग्मीले व्यक्त गरेका छन् । सुरुमा स्वच्छन्दतावादी प्रकृतिप्रेमी कवि श्रेष्ठका कविताले विस्तार-विस्तार युग चेतनाको स्वरहरू सुसेल्दै अगि बढन थालेको र यो सुसेलीमा क्रान्तिका स्वरहरू सुनिएकाले केही समय जेल पनि बस्नुपरेको कवि कसैको अधिमूल्याङ्कन र कसैको अवमूल्याङ्कन द्वन्द्वको कसीमा घोटिदै नेपाली काव्य साहित्यको इतिहासमा प्रखर व्यक्तित्व भएर उभिन सफल भएको लेखक रेग्मीले उल्लेख गरेका छन् ।

**रा.स.स., 'युगकविको निधन अपूर्णनीय क्षति', 'गोरखापत्र' वर्ष ९२ अङ्क ३१ जेठ २३, २०४९**

रा.स.स. ले 'युगकविको निधन अपूर्णनीय क्षति' शीर्षकमा लेख लेखी गोरखापत्रमा प्रकाशित गरेको छ । यसमा नेपाल प्रजापरिषदले युगकवि सिद्धिचरण श्रेष्ठ यस युगका क्रान्तिकारी तथा अगुवा कवि श्रेष्ठ एक हुनुहुन्थ्यो र उहाँको स्वर्गारोहण हुनु नेपालको साहित्यिक फाँटमा मात्र होइन सामाजिक क्षेत्रमा पनि अपूर्णीय क्षति भएको रा.स.स.ले उल्लेख गरेको छ ।

**समाचारदाता, 'युगकवि सिद्धिचरण श्रेष्ठको निधन', 'गोरखापत्र' वर्ष ९२, अङ्क ३१, जेठ २३, २०४९**

'युगकवि सिद्धिचरण श्रेष्ठको निधन' शीर्षकको लेख गोरखापत्र समाचारदाताले लेखेका हुन् । यसमा समाचारदाताले युगकवि सिद्धिचरण श्रेष्ठको श्वासप्रश्वास तथा मुटु सम्बन्धी रोगबाट ८० वर्षको उमेरमा निधन भएको प्रस्तुत गरेका छन् । वि.सं.१९६९ ओखलढुङ्गामा जन्मनु भएका कवि श्रेष्ठ विभिन्न पत्रपत्रिकाको सम्पादक भई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्य, राजसभा स्थायी समितिको सदस्य र विभिन्न पदकले शोभायमान भएका कविले देहत्याग गर्नु अघि आफ्ना सम्वन्धितहरू समक्ष 'आज म जादैछु नमस्ते' भनी अन्तिम विदाई लिनु भएको समाचारदाताले व्यक्त गरेका छन् ।

**रा.स.स., 'युगकवि सिद्धिचरण श्रेष्ठको साहित्यिक योगदान माथि प्रकाश' 'गोरखापत्र' वर्ष ९२, अङ्क ३२, जेठ २४, २०४९**

रा.स.स. ले 'युगकवि सिद्धिचरण श्रेष्ठको साहित्यिक योगदान माथि प्रकाश' शीर्षकको लेख गोरखापत्रमा प्रकाशित गरेको छ । यसमा युगकवि सिद्धिचरण श्रेष्ठको निधनबाट नेपाली साहित्य

क्षेत्रमा भएको योगदान र उहाँको निधनले अपूर्णीय क्षति भएको रा.स.स. ले प्रस्तुत गरेको छ । ने.रा.प्र.प्र.ले एक शोक प्रस्ताव पारित गरी प्रतिष्ठानका आजीवन सदस्य युगकवि सिद्धिचरण श्रेष्ठको निधन भएको शोक सन्देशमा कविवर श्रेष्ठ नेपाली साहित्यकारको एक उज्जवल नक्षत्र भएको चर्चा गरेका छन् भनी रा.स.स. ले टिप्पणी गरेको छ । आधा शताब्दी भन्दा बढी समयदेखि नेपाली कविता र काव्यद्वारा राष्ट्रलाई जीवन्त र जागृत बनाउनमा विशिष्ट योगदान गर्नु हुने युगकविलाई ने.रा.प्र.प्र.ले सं.२०२७ मा त्रिभुवन पुरस्कार र सं.२०४५ मा पृथ्वी प्रज्ञा पुरस्कारद्वारा सम्मानित गरेको रा.स.स.ले व्यक्त गरेको छ ।

**रा.स.स., 'प्रधानमन्त्रीद्वारा शोक सन्देश', 'गोरखापत्र' वर्ष ९२, अङ्क ३२, जेठ २४, २०४९**

रा.स.स.ले 'प्रधानमन्त्रीद्वारा शोक सन्देश' शीर्षकको लेख गोरखापत्रमा प्रकाशित गरेको छ । यसमा प्र.म. गिरिजाप्रसाद कोइरालाले कविवर श्रेष्ठको निधनमा दिनुभएको शोक सन्देशलाई रा.स.स.ले प्रस्तुत गरेको छ । युगकवि श्रेष्ठ ६ दशक सम्म साहित्यको अनवरत सेवा गरी नेपाली साहित्यमा एउटा छुट्टै भावधारा एउटा छुट्टै स्वर र प्रस्तुति लिएर देखापरेका सशक्त क्रान्तिकारी कविको रूपमा मात्र होइन नेपालको ऐतिहासिक पत्रिका 'शारदा' का कुशल सम्पादकको रूपमा पनि परिचित कवि श्रेष्ठलाई सधै श्रद्धा र सम्मान गर्नेछ प्र.म. कोइरालाले भन्नुभएको रा.स.स.ले टिप्पणी गरेको छ ।

**सम्पादकीय, 'हार्दिक श्रद्धाञ्जली' गोरखापत्र, वर्ष ९२, अङ्क ३२, जेठ २४, २०४९**

गोरखापत्रको सम्पादकीयमा 'हार्दिक श्रद्धाञ्जली' शीर्षकको लेख सम्पादकले लेखेका छन् । यसमा सम्पादकले पाँच दशक भन्दा बढी समय नेपाली काव्य साहित्यको श्रीवृद्धिमा समर्पित गर्नुहुने कवि सिद्धिचरण श्रेष्ठको असी वर्षको उमेरमा भौतिक देहत्याग भएको टिप्पणी गरेका छन् । भाषा र साहित्यको क्षेत्रमा मात्र होइन जहानिया राणाशासन अन्त्य गर्न पनि उत्तिकै सक्रिय रहनु भएको स्वर्गीय श्रेष्ठ नेपालका एक महान सपूत भएको सम्पादकीयले उल्लेख गरेका छन् ।

**इन्द्र माली, 'कविरत्न सिद्धिचरणका केही कविताहरू : एक अध्ययन', 'बगर', वर्ष ११, अङ्क ३६, भदौ २०४९, पृष्ठ ७-१२**

'कविरत्न सिद्धिचरणका केही कविताहरू : एक अध्ययन' शीर्षकको लेख इन्द्र मालीद्वारा लेखिएको हो । यसमा लेखक मालीले नेपाल भाषामा रचिएका कविताको यथार्थ मूल्याङ्कन बिना श्रेष्ठको मूल्य निरूपण गर्नु एकाङ्की हुन जाने चर्चा गरेका छन् । कविरत्न श्रेष्ठका कृत्तिले सार्वजनिक यात्राको क्रममा नेपाल भाषाको कविता सङ्ग्रह नेपाल विहारमा 'राष्ट्रिय गान' वर्षा र गंगुखुशी कविता प्रकाशित भएको र वर्षा कवितामा क्रान्ति शब्दको प्रयोगले वि.सं.१९९७ को ऐतिहासिक काण्डमा प्रजापरिषदको सदस्यहरूको साथ राजकाज अपराध अन्तर्गत सर्वस्वहरण सहित १८ वर्ष कैद सजाय तोकेको लेखक मालीले व्यक्त गरेका छन् । कवि श्रेष्ठका 'सीस्वाँ' (

२००७) 'फूस्वाँ' (२०१७) र 'ग्वयस्वाँ' (२०४७) आदि नेपाल भाषाका कवितामा स्वच्छन्दवादी भावचेतनाका साथै देशभक्ति र सामाजिक कुरीति निर्मूल गर्न क्रान्तिको समेत स्वर गुञ्जाएको लेखक मालीले बताएका छन् ।

**रामचन्द्र गौतम, 'जसले आफ्नो युगलाई सशक्त वाणी दियो', 'गोरखापत्र', वर्ष ९२, अङ्क ३९, जेठ ३१, २०४९**

रामचन्द्र गौतमद्वारा लेखिएको 'जसले आफ्नो युगलाई सशक्त वाणी दियो' शीर्षकको लेख गोरखापत्रमा प्रकाशित छ । यसमा लेखक गौतमले शारदा मार्फत परिवर्तनको निर्भीक स्वर निकाल्ने साहसिला र आटिला कवि सिद्धिचरण श्रेष्ठ हुन् भनी प्रस्तुत गरेका छन् । मानव जातिकै स्वतन्त्र सत्ताको अहम्लाई स्वस्थ ढङ्गबाट स्थापित गर्ने कविले वि.सं.१९९० सम्म प्रचलित काव्य परम्पराकै प्रभावमा परेर लेख्ने क्रम चलाएका भए तापनि वि.सं.१९९०-९५ बीचको अवधिमा प्राकृतिक सौन्दर्य र मानव जीवनका अनुभूति भिजेका सुन्दर कविता सिर्जना गरेर नयाँ नेतृत्वको जिम्मेवारी आफ्नो हातमा लिन पुगेको लेखक गौतमले उल्लेख गरेका छन् ।

**रा.स.स., 'युगकवि सिद्धिचरणको निधनमा शोकसभाहरू' गोरखापत्र वर्ष ९२, अङ्क ४१, असार १, २०४९**

रा.स.स.ले 'युगकवि सिद्धिचरणको निधनमा शोकसभाहरू' शीर्षकमा लेख लेखी गोरखापत्रमा प्रकाशित गरेको छ । यसमा रत्न पुस्तकालय, साहित्यमा मुलुखा, नेपाल चलचित्र कलाकार संघले युगकविका निधनमा शोकशभा गरेको रा.स.स.ले टिप्पणी गरेको छ । राष्ट्रिय युवा सेवा कोषको विशेष बैठकले एक शोक प्रस्ताव पारित गरी युवा वर्ष मोती पुरस्कार समितिका अध्यक्ष समेत भई कोषको कार्यमा विशेष योगदान दिनुहुने युगकविको निधनबाट राष्ट्रमा एउटा अपूर्णीय क्षति भएको रा.स.स.ले उल्लेख गरेको छ ।

**रा.स.स., 'युगकवि श्रेष्ठको योगदान माथि प्रकाश' गोरखापत्र वर्ष ९२, अङ्क ४३, असार ३, २०४९**

'युगकवि श्रेष्ठको योगदान माथि प्रकाश' शीर्षकको लेख रा.स.स.ले गोरखापत्रमा प्रकाशित गरेको छ । यसमा युगकवि श्रेष्ठको योगदान माथि सर्वमान्य नेता गणेशमान सिंहले युगकविको निधनको तेह्रौ दिनको श्रद्धाञ्जली सभामा देशको लागि कवि सिद्धिचरणले दिनु भएको योगदान राष्ट्रले कदापि बिर्सने छैन भन्दै नेपाली साहित्यको क्षेत्रमा उहाँको कृति सदा अमर रहने विचार व्यक्त गरेको रा.स.स.ले टिप्पणी गरेको छ । गणेशमानले ठूला मानिसका जीवनमा केही क्षण विकार आउँछ तर पछि त्यो बादल हटेर गए जस्तै जान्छ भन्दै सिद्धिचरणको जीवनमा पनि एकपटक त्यस्तो विकार आए तापनि उहाँको व्यक्तित्वले त्यस विकारलाई हटाउन सफल भएको कुरालाई रा.स.स.ले टिप्पणी गरेको छ ।

**इन्द्र माली, 'मातृभाषाका कविताहरू भित्रका कविरत्न सिद्धिचरण' कान्तिपुर वर्ष १, अङ्क ९३, जेठ २०५०, शनिबार**

इन्द्र मालीद्वारा लेखिएको 'मातृभाषाका कविताहरू भित्रका कविरत्न सिद्धिचरण' शीर्षकको लेख कान्तिपुरमा प्रकाशित छ । यसमा लेखक मालीले कवि श्रेष्ठले नेपाल भाषामा गरेको योगदानको बारेमा उल्लेख गरेका छन् । नेपाल भाषा कविता क्षेत्रमा सुकोमल मनोहर भावनाले युक्त कविता रचना गरेका कवि श्रेष्ठका काव्य र कवितामा तत्कालीन मानिसको मनोदशा विशेष गरी त्यसबेला राजनीतिक आत्मबन्धनबाट सिर्जित निराशा र कुण्ठालाई आफ्नो अभिव्यक्तिको माध्यम बनाएको टिप्पणी गरेका छन् । आफ्ना रचनाका माध्यमबाट  देशप्रेम स्वतन्त्रता र क्रान्ति चेत सुसलेकाले उनी नेपाल भाषा काव्य क्षेत्रमा 'कविरत्न' को रूपबाट विभूषण भएको हुन  भनी लेखकले उल्लेख गरेका छन् ।

**डा. गार्गी शर्मा, 'विमल प्रतिभा युगकवि सिद्धिचरण : मङ्गलमान काव्य' 'गरिमा' वर्ष १२, अङ्क ४, चैत २०५०, पृष्ठ ५३-६१**

डा. गार्गी शर्माले 'विमल प्रतिभा युगकवि सिद्धिचरण : मङ्गलमान काव्य' शीर्षकको लेख लेखेकी छन् । यसमा लेखिका शर्माले समयको महाप्रवाहमा कुनै हतास नभई युगको आह्वान गर्नाले आधुनिक नेपाली साहित्यमा कवि श्रेष्ठलाई युगकवि मानिएको व्यक्त गरेकी छन् । कवि श्रेष्ठको 'मङ्गलमान खण्डकाव्य' मा नेपाली जनजीवनको राणाशासन वि.सं.२००७ को क्रान्ति, प्रथम संसदीय व्यवस्था र यसको विघटन अर्थात् १९९० देखि २०१८ साल सम्मको राजनैतिक इतिहासका घटनाहरू प्रस्तुत भएर आएको कुरालाई शर्माले टिप्पणी गरेकी छन् । यस काव्यमा राणाशासनको स्पष्ट झलक पाइनुका साथै अत्याचारी शासकको भण्डाफोर पनि अभिव्यक्त भएको व्यक्त गरेकी छन् । वि.सं.१९९० को भूकम्प शहीदहरूको हत्या, वि.सं.२००७ को क्रान्ति पश्चात अवसरवादी राजनीतिज्ञहरूको कार्यलाई पनि सरल र सहज शैलीमा व्यक्त भएको कवि श्रेष्ठको यस काव्यमा मानव जीवनका प्रशस्त घाम छाया, उत्थान पतन, परिवार, समाज, राष्ट्र आदि थुप्रै तथ्यहरूको अनुशीलन पाइनुका साथै संक्रमणकालीन समाज चाकडीप्रथा र छुवाछुतको प्रथालाई पनि समेटिएको लेखिका शर्माले व्यक्त गरेकी छन् । सरल र सरस भाषा लयमा अभिव्यक्त भएका यस काव्य एकातिर काव्यात्मक सफलता छ भने अर्कोतिर ऐतिहासिक घटनाहरू पनि समेटिएको छ जसमा कवि श्रेष्ठले करीब तीन दशकको युगप्रवाहलाई समेटने प्रयास गरेका छन् भनी शर्माले व्यक्त गरेकी छन् ।

**रमेशजङ्ग सिजापति 'आश्रित', 'युगकवि सिद्धिचरण काव्य पुरस्कार', 'कान्तिपुर' वर्ष २, अङ्क ९१, जेठ ७, २०५१**

'युगकवि सिद्धिचरण काव्य पुरस्कार' शीर्षकको लेख रमेशजङ्ग सिजापति 'आश्रित' ले लेखेका हुन् । यसमा लेखक आश्रितले नेपाली भाषा र साहित्यका दीर्घसेवी युगकवि सिद्धिचरण श्रेष्ठको सम्मान र श्रद्धाका लागि विभिन्न काव्यात्मक एवम् सिर्जनात्मक कार्यहरू सञ्चालन गरी उहाँको योगदानलाई अमर बनाउन वि.सं.२०४८ पुसमा युगकवि सिद्धिचरण प्रतिष्ठान स्थापना भएको उल्लेख गरेका छन् । यस प्रतिष्ठानबाट प्रत्येक वर्ष कवि श्रेष्ठको जन्मदिन पारी नेपाली साहित्यको कविता विधामा साधनारत कवि वा कवयित्रीलाई 'युगकवि सिद्धिचरण काव्य पुरस्कार' प्रदान गरिने कुरा लेखक आश्रितले व्यक्त गरेका छन् । यस पुरस्कार प्रथम पटक वि.सं.२०४८ सालमा कवि तथा कथाकार पोषण पाण्डेलाई प्रदान गरिएको कुरा लेखक 'आश्रित' ले बताएका छन् ।

**वासु रिमाल 'यात्री', 'सिद्धिचरण : प्रकृतियात्रा र काव्ययात्रा' 'कान्तिपुर' वर्ष २, अङ्क ९१, जेठ ७, २०५१**

वासु रिमाल 'यात्री'ले 'सिद्धिचरण : प्रकृतियात्रा र काव्ययात्रा' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक 'यात्री' ले युगकवि सिद्धिचरण काव्य प्रतिष्ठानको आयोजना र मचान जङ्गल रिसोर्टको आमन्त्रणमा कवि श्रेष्ठको जन्मदिन मनाउन धेरै कवि तथा लेखकहरू त्यस समारोहमा उपस्थित भएको चर्चा गरेका छन् । 'तिम्रो बासित पैसा छैन' शीर्षकको कविता लेख्ने कवि श्रेष्ठले राणाशासनको समयमा गाएको त्यो करुण गाना आज पनि उत्तिकै सान्दर्भिक भएको लेखक 'यात्री' ले व्यक्त गरेका छन् ।

**रविलाल अधिकारी, 'उर्वशी र यसका केही समीक्षा' 'गरिमा' वर्ष १२, अङ्क ६, जेठ २०५१, पृ.५१**

रविलाल अधिकारीद्वारा लेखिएको 'उर्वशी र यसका केही समीक्षा' शीर्षकको लेख गरिमामा प्रकाशित छ । यसमा लेखक अधिकारीले वि.सं.१९९७ सालमा सर्वस्वहरण भई जेल परेका र 'कोपिला', 'मेरो प्रतिविम्व', 'कुहिरो र घाम' जस्ता कविता सङ्ग्रह 'उर्वशी', 'ज्यानमारा शैल', 'मङ्गलमान' जस्ता खण्डकाव्य लेखेका कवि श्रेष्ठलाई राजनीति र साहित्यमा उत्तिकै सचेत स्रष्टा मान्नुपर्ने टिप्पणी गरेका छन् । दोस्रो भाषिका कवि श्रेष्ठको नेपाली भाषाका काव्याभिव्यक्ति सहज, सरल र भावुक पाइन्छ तापनि प्रथम श्रेणीका देवकोटाको जस्तो द्रुतगामी र प्रवाहशील नभए पनि उनका रचनामा परिमार्जित र भावमय भएको लेखकले चर्चा गरेका छन् । पौराणिक काव्य 'उर्वशी' को कथावस्तु कवि श्रेष्ठले महाभारतबाट लिएको हो र महाभारत वनपर्वका ३७-४६ सम्मका दश अध्यायमा अर्जुनको तपस्याका साथै स्वर्गारोहण सम्बन्धी वृतान्त पाइने कुरा लेखक अधिकारीले चर्चा गरेका छन् । कविले ४६ औ अध्यायमा इन्द्रका आज्ञाले चित्रसेनद्वारा उर्वशी

मध्यरातमा नन्दन वनका भव्य महलमा अर्जुनसँग पठाएको र आफ्नो हावभाव कटाक्ष देखाई नाचे पनि जितिन्द्रय अर्जुनले वासनाको आवेग देखाउनाको साटो 'आमा' को जस्तो सम्मान देखाएको र अन्त्यमा खिन्नमता उर्वशीले श्राप दिएर फर्केको प्रसंग प्रस्तुत काव्यमा आएको लेखक अधिकारीले विवेचना गरेका छन् । कवि श्रेष्ठका काव्य मध्ये पौराणिक काव्य 'उर्वशी' विशेष कृत्ति मानिन्छ । विशेष रूपमा मानिएको हुनाले नै उनका कृतिका समीक्षा गर्ने सन्दर्भमा धेरै समालोचकहरूले यस कृत्तिलाई रोजाईका विषय बनाई कलम चलाएका छन् भनी लेखकले व्यक्त गरेका छन् ।

**विश्वनाथ भण्डारी, 'सिद्धिचरणको आँसुमा विद्रोही स्वर', 'गरिमा' वर्ष १२, अङ्क ६, जेठ २०५१,पृ. ९५-९७**

'सिद्धिचरणको आँसुमा विद्रोही स्वर' शीर्षकको लेख विश्वनाथ भण्डारीले लेखेका हुन् । यसमा लेखक भण्डारीले कवि श्रेष्ठका 'आँसु' काव्य पीडित अपहेलित, विंगलित एवम् विश्रखलित आत्माहरूको चित्कार हो भनी उल्लेख गरेका छन् । कवि श्रेष्ठले तत्कालीन सामाजिक विकृत्ति प्रतिको असहमति र विरोध वा विद्रोहलाई थाम्न नसकी आँसुका थोपा-थोपामा वाणी दिएको लेखक भण्डारीले प्रस्तुत गरेका छन् । यस धर्तीमा शान्ति भद्रता निष्कपटता र स्वच्छतालाई स्थायीत्व दिन चाहने सिद्धिचरण श्रेष्ठ समाधानका बेथिति रीतिप्रति विद्रोह गरी उज्जवल समुन्नत समाजको खोजी गर्छन् र भोलिको उज्यालो दिनको आशा गर्छन् जुन कुरा आँशु काव्यमा व्यक्त भएको कुरा लेखक भण्डारीले उल्लेख गरेका छन् । यसैले लेखक भण्डारीको विचारमा प्रस्तुत काव्य नेपाली साहित्यमा समाजवादी यथार्थवादी रचनाको कोसेढुङ्गा सावित हुन पुगेको कुरालाई व्यक्त गरेका छन् ।

**वासु रिमाल 'यात्री', 'मेरो चिन्तनमा सिद्धिचरण र मङ्गलमान', 'गरिमा' वर्ष १२, अङ्क १०, असोज २०५१, पृष्ठ १८-२२**

वासु रिमाल 'यात्री' द्वारा लेखिएको 'मेरो चिन्तनमा सिद्धिचरण र मङ्गलमान' शीर्षकको लेख गरिमामा प्रकाशित छ । यसमा लेखक 'यात्री' ले वि.सं.१९९७ सालको विद्रोह अघि देखि नै क्रान्तिकारी कविता लेख्न सुरु गरेका कवि श्रेष्ठ त्यसै समयमा उनलाई राजनैतिक प्रभाव परेको कुरा उल्लेख गरेका छन् । नेपाली साहित्यिक फाँटमा आफ्नो बेग्लै पहिचान बनाएका कवि श्रेष्ठले समाजको एउटा वीर क्रान्तिकारी समाज सेवी मङ्गलमानलाई नायक बनाएर लेखेको यस काव्यमा वि.सं.१९९७ सालको विद्रोह देखि वि.सं.२०१८ साल सम्मको इतिहासको सुन्दर काव्यात्मक वर्णन पाइने लेखक 'यात्री' ले व्यक्त गरेका छन् ।

**राधाकृष्ण भट्टराई, 'नेपाली काव्य यात्रामा सिद्धिचरण श्रेष्ठ' 'कान्तिपुर वर्ष ३, अङ्क ९७, जेठ १३, २०५२**

'नेपाली काव्य यात्रामा सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख राधाकृष्ण भट्टराईले लेखेका हुन् । यसमा लेखक भट्टराईले वि.सं.१९६९ ओखलढुङ्गामा जन्मेका सिद्धिचरण श्रेष्ठ नेपाली कविता फाँटका एक प्रतिष्ठित व्यक्तित्व भएको चर्चा गरेका छन् । नेपाली काव्ययात्रामा कवि श्रेष्ठका कविताहरू कहिले क्रान्तिकारी, कहिले देशभक्ति र जीवन जगतको शास्वत अनुभूति लिएर आए भनी लेखकले टिप्पणी गरेका छन् । यसरी प्रकृतिप्रेमी, देशभक्ति र मानवीय सम्वेदनालाई कविता मार्फत व्यक्त गर्ने कवि वि.सं.१९९७ को शहीद पर्वको समयमा विद्रोही क्रान्तिचेतनालाई कविता मार्फत मुखरित गरेर देशभक्तिको गौरवमय गाथा गाउन पुगे वापत कवि श्रेष्ठ सोही पर्वकै मुद्दामा लामो कारावास सजाय पाएको लेखक भट्टराईले व्यक्त गरेका छन् । यसका साथै उनका कवितामा प्रकृतिप्रेम, देशभक्ति मात्र होइन क्रान्तिको चेत र सामाजिक विसङ्गतिप्रतिको व्यङ्ग्य पनि  पाइन्छ भने लेखकले व्यक्त गरेका छन् ।

**बमबहादुर थापा, 'जिताली' 'सिद्धिचरणको विचरणमा मङ्गलमान', 'मिर्मिरे' वर्ष २५, अङ्क ११, फागुण २०५३, पृष्ठ १३६-४३**

बमबहादुर थापा 'जिताली'ले 'सिद्धिचरणको विचरणमा मङ्गलमान' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक जितालीले खण्डकाव्य रचनाकार सिद्धहस्त रोमान्टिक कवि श्रेष्ठको नेपाली काव्य जगतमा उल्लेखनीय योगदान रहेको चर्चा गरेका छन् । साहित्य समाजको ऐना हो भन्ने कवि श्रेष्ठले 'मङ्गलमान खण्डकाव्य' भित्र सामाजिक बेथिति प्रतिको क्रान्तिकारी स्वर, आर्थिक दुरावस्थाको यथार्थ चित्रण, सरकारी अव्यवस्था, अन्याय र अप्रजातान्त्रिक व्यवहारप्रतिको व्यङ्ग्य पाइने कुरा लेखक जितालीले व्यक्त गरेका छन् ।

**राष्ट्रिय समाचार समिति, 'वैरागी काइँलालाई सिद्धिचरण पुरस्कार' 'सगरमाथा' वर्ष १, अङ्क ११९, जेठ १०, २०५३**

रा.स.स.ले 'वैरागी काइँलालाई सिद्धिचरण पुरस्कार' शीर्षकको लेख लेखी सगरमाथा पत्रिकामा प्रकाशित गरेको छ । यसमा रा.स.स.ले युगकवि सिद्धिचरण श्रेष्ठको ८५ औं जन्मजयन्तीको उपलक्ष्यमा राष्ट्रिय सभाका अध्यक्ष बेनी बहादुर कार्कीले कवि वैरागी काइँलालाई युगकवि सिद्धिचरण पुरस्कार प्रदान गर्दै युगकविको व्यक्तित्व एवम् प्रतिभाको चर्चा गरेको रा.स.स.ले टिप्पणी गरेका छन् । अध्यक्ष कार्कीले नेपाली कविता साहित्यमा स्वच्छन्दतावादी धाराको प्रवर्द्धन र सम्वर्द्धनमा स्व. श्रेष्ठको विशिष्ट योगदान रहेको उल्लेख गरेका छन् । सामाजिक यथार्थवाद र प्रगतिवादको संरचनामा कवि श्रेष्ठको ऐतिहासिक भूमिकाबारे चर्चा गर्दै अध्यक्ष

कार्कीले कवितामा क्रान्ति चेतनाको विगुल फुकेकाले वि.सं.१९९७ सालमा १८ वर्ष कैद र अंश सर्वस्वहरण भएको कुरा बताउनुभएको रा.स.स.ले टिप्पणी गरेको छ ।

**प्रतीक ढकाल, 'पाँच नेपाली हुलाक टिकटमा चित्राङ्कित सरस्वतीका सन्तानहरू', 'मधुपर्क' वर्ष २९, अङ्क ५, असोज २०५३, पृष्ठ ५-१२**

प्रतीक ढकालद्वारा लेखिएको 'पाँच नेपाली हुलाक टिकटमा चित्राङ्कित सरस्वतीका सन्तानहरू' शीर्षकको लेख 'मधुपर्क' मा प्रकाशित छ । यसमा लेखक ढकालले कवि सिद्धिचरणको चित्राङ्कित हुलाक टिकटको बारेमा टिप्पणी गरेका छन् । नेपाली साहित्यिक युगपुरुष कवि श्रेष्ठको जन्म वि.सं.१९६९ जेठ ९ गते ओखलढुङ्गामा भएको र आफ्नो सम्पूर्ण जीवन काव्यसाधनामा समर्पण गरी तराईको खेती स्याहारेर काठमाडौंमा बस्ने कवि राणाकालीन कठोरतामा आफ्नो जन्मथलो सम्झेर विव्ह्ल हुने युगकवि श्रेष्ठको चित्राङ्कित हुलाक टिकट वि.सं.२०५० को 'राष्ट्रिय व्यक्तित्व टिकट श्रृंखला' अन्तर्गत प्रकाशन गरिएको व्यक्त गर्दै उक्त टिकटको मूल्य रु. सात रहेको लेखकले बताएका छन् । यस श्रृंखलामा टङ्कप्रसाद आचार्य, सुङ्दरे शेर्पा, फाल्गुनन्दर कवि श्रेष्ठको छुट्टाछुट्टै टिकटहरू छापिएको ढकालले प्रस्तुत गरेका छन् । कवि श्रेष्ठको चित्राङ्कित टिकटको नमुना कलाकार मोहन नरसिंह राणाले तयार पार्नुभएको र वि.सं.२०५० मंसिर १७ गते देखि प्रचलनमा ल्याएर युगकविप्रति सम्मान व्यक्त गरेको लेखक ढकालले चर्चा गरेका छन् ।

**इन्द्र माली, 'युगकवि सिद्धिचरणका छचल्केका आँसुका थोपाहरू', 'अभिव्यक्ति' वर्ष २७, अङ्क शरद ऋतु, असोज-कार्तिक २०५३, पृष्ठ ४८-५३**

इन्द्र मालीद्वारा लेखिएको 'युगकवि सिद्धिचरणका छचल्केका आँसुका थोपाहरू' शीर्षकको लेख अभिव्यक्तिमा प्रकाशित छ । यसमा लेखक मालीले कवि श्रेष्ठका 'आँसु काव्य' समाजमा व्याप्त विडम्बना र जीवनको उत्पीडनलाई आत्मसात गरी त्यसबाट मुक्त हुन क्रान्तिचेत सम्प्रेषित गर्दै जहानिया राणाशासनले उब्जाएको परिवेशबाट मुक्त हुनका लागि लेखिएको लेखकले व्यक्त गरेका छन् । कवि श्रेष्ठले वि.सं.१९९६ साल देखि विद्रोह क्रान्ति चेतको साथै जुन प्रसारण आफ्ना कविताको माध्यमबाट गरि आए आँसु सम्म आइपुग्दा त्यसको राम्रो निर्वाह भएको मात्र हैन पूर्व अभिव्यक्ति भन्दा बढी सजग, शसक्त र जीवन्त हुन पुगेको लेखकले व्यक्त गरेको छन् ।

**विश्वनाथ भण्डारी, 'उर्वशी काव्यमा युगकवि श्रेष्ठ', 'मधुपर्क' वर्ष २९, अङ्क १, जेठ २०५३, पृष्ठ ४७-४८**

विश्वनाथ भण्डारीले 'उर्वशी काव्यमा युगकवि श्रेष्ठ' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक भण्डारीले युगकवि श्रेष्ठ नेपाली साहित्यको अमर प्रतिभा हुन् उनका कविता सरल छन् सरल र सहज भएर नै युगको प्रतिनिधित्व गर्दै युगको मागलाई बुझेर आफ्ना कवितामा अभिव्यक्त गरेको चर्चा गरेका छन् । वि.सं.१९९७-२००२ सम्म जेलको चिसो छिडी रुड्न विवश

परेको बेला सिर्जना गरेको 'उर्वशी' काव्य जेलजीवन ताका युवाजोशमा कवि क्रान्तिकारी बनी आफ्नो धारणामा अड्डी लिदै उर्वशीमा अर्जुन बनेको लेखक भण्डारीले व्यक्त गरेका छन् । जेलबाट छुटेपछि वासनाको देवी उर्वशीमा आफ्नो घनघोर सहानुभूति दर्शाउदै काव्यलाई टुंगाउदै कवि स्वयम् अर्न्तद्वन्द्वमा रुमलिन पुगेका छन् भनी लेखक भण्डारीले उल्लेख गरेका छन् । भण्डारीको विचारमा प्रस्तुत काव्यमा महाभारतका कथा छाप भन्दा कवि श्रेष्ठको मानसिक द्वन्द्वको चाप बढी भएको धारणो व्यक्त गरेका छन् ।

**डा. जनकलाल बैद्य, 'सिद्धिचरण श्रेष्ठका नेपाल भाषाका गद्य कविता', 'मधुपर्क' वर्ष ३०, अङ्क १, जेठ २०५४**

'सिद्धिचरण श्रेष्ठका नेपाल भाषाका गद्य कविता' शीर्षकका लेख डा. जनकलाल बैद्यले लेखेको हुन् । यसमा लेखक बैद्यले नेपाली साहित्यकाशका उज्जवल तारा कविरत्न युगकवि र रोमान्टिक प्रकृतिवादी कविका रूपमा प्रख्यात कवि श्रेष्ठको स्थान नेपाल भाषा र नेपाली साहित्य दुबै क्षेत्रमा उच्च भएको चर्चा गरेका छन् । कवि श्रेष्ठ वि.सं.१९९७ माघमा राजकाज मुद्दामा वि.सं.२००२ सम्म जेलभित्र रहदा नेपाल भाषा गद्यमा 'बांख्यातगय् जुइमाः?' (कहानी कस्तो हुनुपर्छ) र 'प्रेम : कविता या प्राण' (प्रेम कविताको प्राण) शीर्षकको गद्य रचनामा कलम चलाएको लेखकले उल्लेख गरेका छन् । नेपाल भाषा साहित्यको समुन्नति गर्ने अभियान र उत्कृष्ट काव्य सिर्जना साधनामा संलग्न आफ्ना सहधर्मी कवि लेखक बन्धुका कृत्तिहरू आत्मीय भावले विशद व्याख्या विश्लेषण र मूल्याङ्कन सहित समीक्षामा उल्लेखनीय योगदान गरेको कवि श्रेष्ठलाई नेपाल भाषामा 'कविरत्न'का रूपमा विभूषित गरिएको लेखकले प्रस्तुत गरेका छन् ।

**कृष्णप्रसाद दुवाल, 'सिद्धिचरणको दान' गोरखापत्र वर्ष ९७, अङ्क १२, जेठ ४, २०५४**

'सिद्धिचरणको दान' शीर्षकको लेख कृष्णप्रसाद दुवालले लेखेका हुन् । यसमा लेखक दुवालले सिद्धिचरण श्रेष्ठका दानको बारेमा चर्चा गरेका छन् । कवि श्रेष्ठले एकेडेमीबाट रु.छ सय भत्ता लिएपछि उनीसँगै दुवाल पनि डिल्लीबजार कालिकास्थान गोविन्द भट्टको घरमा गएको प्रसङ्गलाई चर्चा गरेका छन् । गोविन्द भट्टको छोरी लुना भट्ट एस.एल.सी.मा सर्वोत्तकृष्ट नतिजा ल्याउन सफल भएकीले स्यावासी दिंदै कविले रु.२००।- उनकै हातमा राखिदिनुभएको दुवालले उल्लेख गरेका छन् । केही क्षणको बसाइ पछि पुतलीसडक हुँदै अद्वैत संस्थाको कम्पाउण्ड भित्र पसी त्याहाँ राखिएको पूजाको थालीमा रु.२००।- राखिदिनु भयो  र प्रसाद लिएर बसपार्क हुदै रत्नपार्क निस्कने क्रममा पेटीमा स-साना दुईवटा बच्चा काखमा राखी यौटी अधवैशे आईमाई हात थाप्दै बसीरहेको देखेपछि कविले मन थाम्न सकेनन् र बच्चालाई राम्रोसँग खुवाउनु है भन्दै आफूँसँग बाँकी भएको जम्मा रु.२००।- उनैको हातमा राखिदिनुभयो । कवि श्रेष्ठको दानकार्य सकिएको लेखकले बताएका छन् । यसरी कवि श्रेष्ठसँगै त्यस दिन आफू पनि सहयात्री बनेको

स्मरण गर्दै ठूला व्यक्तिहरूको स्वभावबाट आफूँ झनै प्रभावित र प्रेरित बन्न पुगेको लेखक दुवालले व्यक्त गरेका छन् ।

**तेजेश्वरबाबु ग्वंगः, 'साहित्यिक प्रकृतियात्रा-सिद्धिचरणप्रतिकै निष्ठा', 'आजको समाचारपत्र' वर्ष २, अङ्क १३२ , जेठ ९, २०५४**

तेजेश्वराबाबु ग्वंगः ले 'साहित्यिक प्रकृतियात्रा-सिद्धिचरण प्रतिकै निष्ठा' शीर्षकको लेख लेखका छन् । यसमा लेखकले सिद्धिचरण प्रतिष्ठान र मचान वाइल्ड लाइफ रिर्सोटले कवि श्रेष्ठको ८५ औं जन्म जयन्तीको समारोहमा साहित्यिक प्रकृतियात्रा कार्यक्रम संयुक्त रूपमा आयोजना गरेको चर्चा गरेका छन् । चारवटा खण्डमा विभाजित भएको यस कार्यक्रमका चौथो खण्डमा कवि सम्मेलन भएको प्रस्तुत गरेका छन् । चौथो खण्डमा मोहन हिमांशु थापाले कवि सिद्धिचरणको कवि व्यक्तित्वमाथि प्रकाश पार्ने क्रममा कविलाई राणशासनले गरेको कठोर व्यवहार नै उनका लागि अक्षम्य सौहार्दता वा पुरस्कार हुन गएकोले उनी युगकवि भएको चर्चा गरेका थिए भनी लेखकले बताएका छन् ।

**घटराज भट्टराई, 'कारागारको सम्झनाभित्रको सिद्धिचरण', 'गोरखापत्र' वर्ष ९८, अङ्क १७, जेठ ९, २०५५**

'कारागारको सम्झना भित्रको सिद्धिचरण' शीर्षकको लेख घटराज भट्टराईले लेखेका हुन् । यसमा लेखक भट्टराईले नेपाली कविता र काव्य फाँटका सशक्त प्रतिभा कवि श्रेष्ठ राष्ट्रका गरिमामय पदहरूमा समेत रही जीवनका उत्तरार्द्धमा आएर आफ्नो महत्वपुर्ण घटनाहरूलाई 'कारागारको सम्झनाभित्र' (२०५२) पुस्तक संस्मरणका रूपमा अङ्कित गर्नुभएको चर्चा गरेका छन् । 'कारागारको सम्झनाभित्र' २७ संस्मरण छन् । यसमा कवि श्रेष्ठ पक्राउ परेपछि के कसरी बयान लिइयो ? के कस्तो पक्रिया अपनाइयो ? जस्ता प्रश्नको उत्तर पाइने संस्मरण राणाकालीन सात वर्षको कारागार बसाइको एक रोचक इतिहास हो । जसलाई सरुभक्तले सम्पादन गरेका छन् भनी लेखक भट्टराईले उल्लेख गरेका छन् ।

**तेजेश्वरबाबु ग्वंगः, 'सिद्धिचरणमा पुगेर सिद्धिचरण', 'कान्तिपुर' वर्ष ७, अङ्क ९२ जेठ ८, २०५६**

तेजेश्वरबाबु ग्वंगः ले 'सिद्धिचरणमा पुगेर सिद्धिचरण' शीर्षकको लेख लेखेका छन् । यसमा लेखकले नेपाली काव्य फाँटमा कवितामात्र लेखेर सिद्धिचरण श्रेष्ठ चर्चित भएको टिप्पणी गरेका छन् । राष्ट्रभाषाका युगीन कवि सिद्धिचरण जसले मातृभाषामा पनि कविता लेखेको उल्लेख गर्दै दुवै भाषाका साझा कवि सिद्धिचरणको एक पाइला नेपाली भाषा र अर्को पाइला नेपाल भाषामा चर्चित रहेको उल्लेख गरेका छन् । दुवै भाषामा उत्तिकै पोख्त रहेका कवि श्रेष्ठ कविता क्षेत्रमा नै सिद्धि कमाउन सफल भएको लेखकले टिप्पणी गरेका छन् ।

**विमल भौकाजी, 'शहीद जस्तै सिद्धिचरण', 'कान्तिपुर' वर्ष ८, अङ्क ९४, जेठ ९, २०५७**

शहीद जस्तै सिद्धिचरण शीर्षकको लेख विमल भौकाजीले लेखका हुन् । यसमा लेखक भौकाजीले कवि श्रेष्ठले आफ्ना कवितात्मक अभिव्यक्ति मार्फत तत्कालीन शासकहरूलाई व्यङ्ग्य गरी समाजमा जागरण ल्याउन ठूलो भूमिका खलेको चर्चा गरेका छन् । जुन बेलामा राणा शासनको समय थियो त्यस समयमा कोही कसैले आवाज उठाउन सकेको थिएन । त्यस समयमा पनि कविले आफ्ना कविता मार्फत शासकको विरोध गरे उनले लेखेका 'वर्षा' शीर्षक कवितामा 'क्रान्ति विना हुँदैन शान्ति', 'विश्वव्याथा'मा हड्ताल शब्दको प्रयोग र 'ओखलढुङ्गा' शीर्षकमा ओखलमा राणाहरूलाई राखेर पिस्ने भनी लगाइएको अर्थका कारण सर्वस्वहरण सहित १८ वर्ष कैद सजाय भोगेको लेखक भौकाजीले बताएका छन् । नेपालको इतिहासमा अपराध गर्ने ज्यान मार्ने, चोरी डकैती गर्ने कसुर भन्दा बेग्लै कसुर गरे वापत सजाय पाएका कवि श्रेष्ठले नेपाली साहित्यलाई ठूलो गुन लगाएका छन् भनी लेखकले उल्लेख गरेका छन् । यसरी साहित्यिक अभिव्यक्ति मार्फत जेल सजाय भोगेका कवि श्रेष्ठलाई साहित्यिक सहीद भन्न नसकिएको कुरालाई लेखकले प्रस्तुत गरेका छन् ।

**मञ्जुल, 'सिद्धिचरणहरू', 'गरिमा' वर्ष १९, अङ्क २, माघ २०५७, पृ. ४१-४३**

मञ्जुलद्वारा लेखिएको 'सिद्धिचरणहरू' शीर्षकको लेख गरिमामा प्रकाशित छ । यसमा लेखक मञ्जुलले कवि श्रेष्ठको सम्झनामा 'सिद्धिचरणहरू' रचना हुन गएको प्रसङ्गलाई टिप्पणी गरेका छन् । आफूले लेखेका कविताहरू सुनाउन भनी कविका घरमा धेरै पटक गएको र उनलाई कविता सुनाएको चर्चा गरेका छन् । कवि श्रेष्ठ शान्त स्वभावका थिए अरुका कविताहरू पनि उत्तिकै रुचाउने कवि कविता सुन्दा सुन्दै भावुक हुने थिए भनी लेखकले व्यक्त गरेका छन् । यसरी कविता सुन्दा जो कोही भावुक हुनु स्वभाविक हो । तर त्यत्रो ठूलो मान्छे कविता सुन्दा सुन्दै रोएको आफूले कहिल्यै नदेखेको लेखकले व्यक्त गरेका छन् । आफू पनि कविता लेखिरहने र अरुलाई पनि लेख्नका लागि प्रेरणा गरिरहने कवि श्रेष्ठ कतिपय कवितालाई तारिफ पनि गर्दथे भने कतिपय कवितालाई नराम्रो पनि भन्ने गर्दथे भनी लेखकले टिप्पणी गरेका छन् । यसरी राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भनी हाल्ने स्वभावका कवि श्रेष्ठ सधैं उत्साहका साथ कविता सुनिरहन्थे । फेरिफेरि कविता सुनाउन 'आऊ है बाबु' भनी आफूलाई आग्रह पनि गरी रहने कविलाई सम्झेर कविता लेख्दै गएँ । त्यो क्रम बढ्दै गयो अतः 'सिद्धिचरणहरू' कवितामाला निर्माण हुन पुग्यो भनी लेखकले व्यक्त गरेका छन् ।

**कोषराज न्यौपाने, 'सिद्धिचरण श्रेष्ठको कवि व्यक्तित्व', 'गोरखापत्र' वर्ष १०१, अङ्क १३, जेठ ६, २०५८**

कोषराज न्यौपानेद्वारा लेखिएको 'सिद्धिचरण श्रेष्ठको कवि व्यक्तित्व' शीर्षकको लेख गोरखापत्रमा प्रकाशित छ । यसमा लेखक न्यौपानेले नेपाली साहित्य फाँटमा भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल र बालकृष्ण सम आ-आफ्नो अस्तित्व लिएर जसरी

आएका छन् त्यसरी नै कवि सिद्धिचरण नजानिदो किसिमले युगकवि बनेर उदाएको चर्चा गरेका छन् । कवि श्रेष्ठको नेपाल भाषाका एक हरफ कविता 'क्रान्ति बिना थन दैमखु शान्ति' नै त्यस समयको ज्वाला हो जुन समयमा अभिजात्य र सम्पन्न वर्गहरूका माझबाट एउटा बेमात्तृमाषी र उच्च शिक्षा प्राप्त गर्ने अवसर समेत नपाएको व्यक्तिले नेपाली साहित्यमा जुन योगदान गरेको छ । त्यो अविस्मरणीय मात्र होइन चिरस्थायी समेत छ भनी लेखक न्यौपानेले उल्लेख गरेका छन् ।

**ईश्वरकुमार श्रेष्ठ, 'सिद्धिचरण श्रेष्ठका कविता प्रवृत्तिहरू', 'गरिमा' वर्ष १९, अङ्क ६, जेठ २०५८, पृष्ठ २०-२७**

'सिद्धिचरण श्रेष्ठका कविता प्रवृत्तिहरू' शीर्षकको लेख ईश्वरकुमार श्रेष्ठले लेखेका हुन् । यसमा लेखक श्रेष्ठले सिद्धिचरण श्रेष्ठका कवितागत मुख्य प्रवृत्तिहरूको चर्चा गरेका छन् । श्रेष्ठका कवितामा युगीन सामाजिक राजनीतिक क्रान्तिचेतका साथ प्रकृति वर्णनका माध्यमद्वारा राष्ट्रभक्ति र राष्ट्रियताको स्वरलाई तीव्र पार्न सफल भएको लेखकले व्यक्र गरेका छन् । मात्रिक छन्दको प्रयोगमा विशिष्टता प्राप्त गरेको कविले आफ्ना कविताका माध्यमबाट वर्गीय सामाजिक एवम् सामन्ती आर्थिक बैषम्य तथा विसङ्गतिप्रति तीव्र व्यङ्ग्य विरोध गर्दै राणा शासनको विरुद्ध निर्भीकता साथ विद्रोहको आवाज उठाएको लेखकले टिप्पणी गरेका छन् । कवि श्रेष्ठका कवित्व प्रतिभा आफ्ना अनुभूति एवम् सम्वेदनालाई हतार हतारमा पोखेर रित्याउनुमा भन्दा पनि अत्यन्त सम्यमित र सहजताका साथ प्रकट गर्ने प्रवृत्ति देखिएको लेखकले व्यक्त गरेका छन् ।

**गणेशबहादुर प्रसाई, 'आखिर किन सिद्धिचरण विरुद्ध यो मूर्तियन्जन ?', 'नेपाल समाचारपत्र' वर्ष ६, अङ्क १३१, जेठ ८, २०५८**

'आखिर किन सिद्धिचरण विरुद्ध यो मूर्तियन्जन ?' शीर्षकको लेख गणेशबहादुर प्रसाईले लेखेका हुन् । यसमा लेखक प्रसाईले 'शारदा' का प्रकाशन सँगसँगै नेपाली ढुकढुकीलाई कवितामा प्रतिविम्वित गर्ने, परिवर्तनको निर्भिक स्वर ओकल्न सक्ने त्यस समयका एक मात्र कवि सिद्धिचरण युगकवि हुन् भनी उल्लेख गरेका छन् । कवि श्रेष्ठका कविताले ईश्वरवादीको जञ्जालबाट नेपाली साहित्यलाई सरलतापूर्वक मुक्ति प्रदान गर्नुका साथै सामाजिक, आर्थिक परिवर्तनका लागि आफ्ना कविता माध्यमबाट आह्वान गरेको जुन ऐतिहासिक कार्य हो । त्यो स्वयममा अतुलनीय थियो भन्दै कवि श्रेष्ठका लागि जति चर्चा हुनुपर्थ्यो आखिर हुन नसकेको कुरालाई लेखक प्रसाइले व्यक्त गरेका छन् ।

**लोककृष्ण भट्टराई, 'कविवर सिद्धिचरण एक महान् कवि', 'नेपाल समाचारपत्र' वर्ष ६, अङ्क १३१, जेठ ८, २०५८**

लोककृष्ण भट्टराईद्वारा लेखिएको 'कविवर सिद्धिचरण एक महान् कवि' शीर्षकको लेख नेपाल समाचार पत्रमा प्रकाशित गरेको छ । यसमा लेखक भट्टराईले कवि सिद्धिचरण नेपाली साहित्य आकाशमा ६ दशक लामो निरन्तर योगदान गरेका कवि नेपाली काव्य क्षेत्रमा एक ज्योति

भएको चर्चा गरेका छन् । कवि श्रेष्ठले आफ्ना कविता मार्फत नेपाली समाजको आर्थिक, सामाजिक रूपान्तरण र स्वस्थ प्रजातान्त्रिक शोषणविहीन र सभ्य समाजको सिर्जना गर्ने मुख्य उद्देश्य भएको लेखक भट्टराईले व्यक्त गरेका छन् । अधिकार बिनाको राष्ट्रियता ढोगी हुन्छ भन्ने आफ्नो दृढ मान्यताका धनी कविले नेपाली जनतालाई मात्र गुण लगाएको होइन नेपालको सिङ्गो प्रजातान्त्रिक आन्दोलनलाई पनि उत्तिकै गुण लगाएका कवि श्रेष्ठ महान् कवि भएको लेखक भट्टराईले प्रस्तुत गरेका छन् ।

**डा.साफल्य अमात्य, 'राजा त्रिभुवनलाई आफ्नो कविता लेखाउने सिद्धिचरण' 'नेपाल समाचारपत्र' वर्ष ६, अङ्क १३१, जेठ ८, २०५८**

डा.साफल्य अमात्यले 'राजा त्रिभुवनलाई आफ्नो कविता लेखाउने सिद्धिचरण' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक अमात्यले आफ्नो लागि होइन आफ्नो भाषा र कल्पनामा बुद्धि र विवेकबाट तत्कालीन श्री ५ महाराजधिराज त्रिभुवन वीर विक्रम शाहको लागि कवि श्रेष्ठले दुईवटा कविता लेख्नु भएको चर्चा गरेका छन् ।

मानवता तरु नै वैलाउँछ युगको धर्म न अपनाए
राष्ट्र बिलाउँछ युग कर्म लिई जनबल सित जुग्न नजाने
जनवाणी यै युगवाणी यै मुखरित गरी दिशा दिशामा
छर्कुन् जयश्री कल्याणीले नयाँ वर्षको शुभकामना ।

लेखक - सिद्धिचरण
स. २०१०/१/१/२

प्रकाशमय उच्च भविष्य जागृत जन राष्ट्र सबल
पूर्ण विकास ल्याउनलाई वर्ष नयाँको प्रतिफल
आईरहेछन् उत्साह मरी छर्दै प्रिय शुभ मंगल
अखिल विश्वमा आज छ मेरो यही शुभेच्छाको मल ।

लेखक - सिद्धिचरण
स. २०११/१/१

यसरी दुई वर्ष सम्म श्री ५ त्रिभुवनले आफ्नो शुभकामना कार्डमा प्रयोग गरिबक्सी युगकविलाई त्यत्रो ठूलो मान सम्मान र इज्जत प्रदान गरिबक्सिएको लेखक अमात्यले टिप्पणी गरेका छन् । प्रकृतिप्रेमी र राष्ट्रभक्ति कवि श्रेष्ठले जनताको ढुकढुकी बोल्ने सशक्त आवाजका धनि कवि प्रजातन्त्रप्रेमी हुन् भनी लेखक अमात्यले व्यक्त गरेका छन् ।

**फोटो पत्रकार, 'जिउँदोमा ढुङ्गा मरेपछि फूल', 'नेपाल समाचारपत्र' वर्ष ६, अङ्क १३२, जेठ ९, २०५८**

नेपाल समाचारपत्रमा फोटो पत्रकारले 'जिउँदोमा ढुङ्गा मरेपछि फूल' शीर्षक राखी नेपाली साहित्यलाई तीक्ष्ण व्यङ्ग्य हानेका छन् । युगकवि सिद्धिचरण श्रेष्ठका ९० औ स्मृति दिवसको उपलक्ष्यमा ओमबहालस्थित उनको शालिकमा फूलले सजाएको दृश्यलाई देखाउँदै बाँचुञ्जेल जो कोहीले जो कोहीलाई वास्ता नराख्ने मरेपछि गुणगान गाउने परिवेश नेपाली साहित्य क्षेत्रपनि यसबाट अछुतो नभएको प्रसङ्गलाई प्रस्तुत गरेका छन् ।

**निर्मोही व्यास, 'कोकिल ! ग्रीष्म ऋतुमा किन मौन ?' मधुपर्क वर्ष ३५, अङ्क १, जेठ २०५९, पृष्ठ १३-१४**

'कोकिल ! ग्रीष्म ऋतुमा किन मौन ?' शीर्षकको लेख निर्मोही व्यासले लेखेका हुन् । यसमा लेखक निर्मोहीले युगकविको देहावसान हुनुअघि कविसँग भएको निकटतालाई चर्चा गर्दै कविको मौन अवसानको टिप्पणी गरेका छन् । लेखक निर्मोहीले कवि सिद्धिचरण श्रेष्ठका घरमा गएर कयौ कविता सुनाएको र कविबाट पनि कविता सुनेको प्रसङ्गलाई उल्लेख गर्दै कविको देहावसान पछि आफू मर्माहत हुन पुगेको कुरा उल्लेख गरेका छन् । २०३३ साल पुस ७ गतेदेखि २०४७ साल जेठ १२ गतेसम्म कवि श्रेष्ठसँगै विभिन्न सभा समारोहमा सहभागी भई नजिकैबाट उनका कविताहरू सुनिरहेको हुन्थे तर आज २०४९ साल जेठ २२ गते बिहिबार बेलुका सात चालीसको समाचार प्रसारणमा नेपाल टेलिभिजनले कवि सिद्धिचरण श्रेष्ठको देहावसान भएको प्रत्यक्ष देखाउँदा मेरो मनले केहि सोच्न नसकी उनकै कविताको भाका टिपेर 'कोकिल ग्रीष्म ऋतुमा किन मौन ?' भन्न मन लागेको लेखकले व्यक्त गरेका छन् । २०४६ सालको उत्तम पुरस्कार अर्पण समारोहमा कवि श्रेष्ठको हातबाट उक्त पुरस्कार ग्रहण गर्न पाउँदा प्रसन्नताको आकाशमा बतासिदै उनलाई हार्दिक अभिवादन चढाएको थिए तर आज सम्वेदनाको सागरमा डुबुल्किदै हार्दिक श्रद्धाञ्जली चढाउदैछु भनी लेखक निर्मोहीले आफ्नो विचार व्यक्त गरेका छन् ।

**ठाकुर शर्मा, 'सिद्धिचरण एक र अनेक' नयाँ कृति', 'गोरखापत्र' वर्ष १०२, अङ्क १९, जेठ ११, २०५९**

ठाकुर शर्माले 'सिद्धिचरण एक र अनेक' काव्यको कृति समीक्षा गरेका छन् । लेखक शर्माले सङ्घर्ष नै जीवन हो यो सङ्घर्ष भएन भने जीवन नै निरर्थक हुन्छ भन्ने युगकविलाई प्रतीक बनाएर लेखेको नारायण गोदारेको यस काव्य एउटा पुष्प हार जस्तै हो भनी चर्चा गरेका छन् । ६४ वटा पुष्पको एउटै हारको रूपमा प्रस्तुत गरिएको यस काव्यमा कवि सिद्धिचरणका कवि व्यक्तित्वको पक्षलाई समेटेर लेखिएको हो भन्दै सरल भावना भएका सिद्धिचरणको रूप नै परिणत भएको र जीवन्त भएको शर्माले व्यक्त गरेका छन् ।

**महानन्द पौड्याल, 'कवि सिद्धिचरण श्रेष्ठ चर्चा गरिमाको मात्र', 'गोरखापत्र' वर्ष १०२, अङ्क १७, जेठ, २०५९**

महानन्द पौड्यालले 'कवि सिद्धिचरण श्रेष्ठ चर्चा गरिमाको मात्र' शीर्षकको लेख लेखेका हुन् । यसमा लेखक पौड्यालले कवि श्रेष्ठका कवितामा प्रकृति प्रेम, देशप्रेम र जातिप्रेम पाइन्छ भनी चर्चा गरेका छन् । राणाशासनकालमा देश र जातिप्रति आफ्नो ममताको राग उराल्नु शासकको गाथ गादी ताक्नु मानिन्थ्यो त्यस्तो समयमा पनि कविले आफ्नो जीवन भन्दा राष्ट्र र जातिलाई महान् सम्झी देश र जातिको यशोगान गाएको लेखकले उल्लेख गरेका छन् । कवि श्रेष्ठले आफ्ना रचनामा जे भन्दछन् सरल भाषामा व्यक्त गर्छन् । यही सरलताभित्र उनको काव्यगत गरिमाको बास भएको लेखक पौड्यालले प्रस्तुत गरेका छन् ।

**प्रा. शिवगोपाल रिसाल, 'आध्यात्मिक चेतनामा युगकवि सिद्धिचरण श्रेष्ठ', 'गोरखापत्र' वर्ष १०३, अङ्क १८, जेठ २०६०**

प्रा. शिवगोपाल रिसालद्वारा लेखिएको 'आध्यात्मिक चेतनामा युगकवि सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख 'गोरखापत्र' मा प्रकाशित छ । यसमा लेखक रिसालले कवि सिद्धिचरण वैदिक सनातनी हिन्दु धर्मावलम्वी एवम् धर्ममा निष्ठा राख्ने प्रवुर्ध कवि हुनाले उनका कविता काव्यमा आध्यात्मिक चेतना हुनु स्वभाविक भएको चर्चा गरेका छन् । लेखक रिसालले कवि श्रेष्ठ आफ्नो अन्त्य समय थाह पाएर "आज म जानुपर्छ म जादैछु नमस्कार ।" भनी सबैसँग विदावरी भएका र अन्तमा 'राम !' भनी प्राण त्यागिदिने प्रकृतिका कवि, स्वच्छन्दतावादी धाराका मूर्धन्य कवि युगकवि सिद्धिचरण भगवान रामका भक्त आध्यात्म चेतना भएको आध्यात्मिक कवि हुन् भनी लेखक रिसालले व्यक्त गरेका छन् ।

**डा.नन्दीश अधिकारी, 'युगकविको मङ्गलमान माथि एक दृष्टि' गरिमा वर्ष २२, अङ्क ६ जेठ २०६१, पृष्ठ ६४ ७६**

डा.नन्दीश अधिकारीद्वारा लेखिएको 'युगकविको मङ्गलमान माथि एक दृष्टि' शीर्षकको लेख गरिमामा प्रकाशित छ । यसमा लेखक अधिकारीले कवि श्रेष्ठ आजीवन नेपाली साहित्यको श्रीवृद्धिमा मात्र होइन आफ्नो जीवनयात्राका कतिपय मोडमा विभिन्न पत्रपत्रिकाको सम्पादक समेत भएको उल्लेख गरेका छन् । 'शारदा', 'गोरखापत्र', आवाज' जस्ता पत्रपत्रिकाहरूमा आवद्ध कवि श्रेष्ठका काव्यकृत्तिको मूलधार स्वच्छन्दतावाद भए पनि उनका कतिपय कृत्तिमा निर्धाहरूप्रति सहानुभूति, सामाजिक, साँस्कृतिक विकृत्तिप्रति असन्तुष्ट युगचेतनाको भाव र विद्रोहको सङ्केत देख्न पाइन्छ भनी लेखकले टिप्पणी गरेका छन् । यसप्रकारका कृतिमा 'मङ्गलमान खण्डकाव्य' एक हो भनी चर्चा गर्दै यस काव्यमा तत्कालीन युगको गुगीन यथार्थ मात्र होइन युग-युगको भावना

समेटेर आफूभित्रको विद्रोहको ज्वालालाई दन्काइरहेको पाइन्छ । सायद यस्तै कृतिले नै सिद्धिचरणलाई हामी 'युगकवि' भन्दछौ भनी लेखक अधिकारीले व्यक्त गरेका छन् ।

**प्रा.उषा ठाकुर, 'वर्तमान सन्दर्भ र कविहरूको दायित्व', 'गरिमा' वर्ष २२, अङ्क १०, असोज २०६१, पृष्ठ ७७-८३**

प्रा. उषा ठाकुरले 'वर्तमान सन्दर्भ र कविहरूको दायित्व' शीर्षकको लेख लेखेकी छन् । यसमा लेखिका ठाकुरले कर्तव्यप्रति पूर्ण सचेत र जागरुक युगकवि सिद्धिचरणका रचनाहरू आज हामी समक्ष एउटा अनुकरणीय उदाहरण बन्न गएको चर्चा गरेकी छन् । कवि श्रेष्ठले समाजका समस्याहरूको चित्रण गर्दै देशवासीलाई उद्‌बोधित गर्नुका साथै विश्व व्यापी समाजमा समाहित भएर युगको आवाजलाई ध्वनित गरेको लेखिका ठाकुले उल्लेख गरेकी छन् । देश व्यापी अन्याय, अशान्ति, कलह, अत्याचार तथा विषमता हटाउनका लागि कवि जीवन पर्यन्त क्रियाशिल रहदै मानवताका विरोधी तत्वलाई समाप्त गर्ने प्रयासमा सम्पूर्ण जीवन व्यतीत गरेको कवि श्रेष्ठको योगदान वर्तमान सन्दर्भमा पनि त्यत्तिकै सान्दर्भिक रहेको लेखिका ठाकुरले चर्चा गरेकी छन् ।

**डा.गार्गी शर्मा, 'स्वच्छन्दतावादी युगका केही विद्रोही कविहरू', 'दायित्व' वर्ष १८, पूर्णाङ्क ५०, कार्तिक २०६१, पृष्ठ ५०-६१**

डा.गार्गी शर्माद्वारा लेखिएको 'स्वच्छन्दतावादी युगका केही विद्रोही कविहरू' शीर्षकको लेख 'दायित्व' पत्रिकामा प्रकाशित गरेको छ । यसमा लेखिका शर्माले नेपाली स्वच्छन्दतावादी युगका धेरै कविहरू उल्लेखनीय कवि प्रतिभा भए पनि नेपाली काव्यको माध्यमबाट 'क्रान्ति'को लागि अग्रसर हुने प्रथम कवि सिद्धिचरण हुन् भनी उल्लेख गरेकी छन् । आधुनिक नेपाली साहित्यको काव्य विधामा सुरुसुरुका कवितामा प्रकृति प्रयोगको प्रवृत्ति देखिए पनि कवि श्रेष्ठले पछि उक्त प्रवृत्तिभन्दा भिन्न प्रवृत्ति अपनाई वर्षा शीर्षकको कवितामा 'क्रान्ति' शब्द प्रयोग गरेर क्रान्ति अथवा परिवर्तनको लागि आगो ओकल्ने प्रथम कवि सिद्धिचरण श्रेष्ठ हुन् भनी लेखिका शर्माले व्यक्त गरेकी छन् ।

**प्रा. देवी शर्मा, 'कवि सिद्धिचरणको बाँचिरहेको आवाज कविता सङ्ग्रहभित्रका नारी स्वरहरू' युगान्तर वर्ष ३, क्रमाङ्क ५ जेठ २०६१, पृष्ठ ८०-८४**

प्रा.देवी शर्माले 'कवि सिद्धिचरणको बाँचिरहेको आवाज कविता सङ्ग्रह भित्रका नारी स्वरहरू' शीर्षकको लेख लेखेकी छन् । यसमा लेखिका शर्माले कवि श्रेष्ठले नारीहरू प्रति सुकोमल सहानुभूतिपूर्ण एवम् आस्थावान भई नारीका दुःख र पीडामा आँसु बगाएको लेखिका शर्माले उल्लेख गरेकी छन् । कवि श्रेष्ठले नारीलाई कविताका विषय बनाएर अरु धेरै कविता लेखेका छन् तर 'बाँचिरहेको आवाज' कविता सङ्ग्रहभित्रका नारी सम्बन्धी कवितालाई मात्र चर्चा गरेकी छन् । 'लोग्ने मरेकी नारीलाई' शीर्षक कवितामा कविले नारीलाई धैर्य धारण गरी समाजसँग डटेर

मुकाविला गर्दै सवल भएर उभिन सल्लाह दिएकी छन् भने 'नारी' कवितामा नारी र पुरुषलाई एक अर्कासँग तुलना गरिएको छ । 'बाँचिरहेको आवाजमा' नेपालको इतिहासले नारीको मुटुमा लाएको घाउ कोटाएको छ जसमा नेपालको ऐतिहासिक राजनैतिक साँस्कृतिक र मानवीय पीडा बोकेको सं. १८६३ वैशाख महिनामा शालिनदीको किनारामा गुन्जिएको एउटी सतीको चित्कारलाई चर्चा गरेको लेखिका शर्माले व्यक्त गरेकी छन् ।

**प्रा.डा. मोहन हिमांशु थापा, 'युगकवि सिद्धिचरण' मधुपर्क, वर्ष ३१, अङ्क १, जेठ २०६३, पृ. ३५-३६**

प्रा.डा. मोहन हिमांशु थापाद्वारा लेखिएको 'युगकवि सिद्धिचरण' शीर्षकको लेख मधुपर्कमा प्रकाशित छ । यसमा लेखक थापाले युगकवि श्रेष्ठको कवि व्यक्तित्व माथि चर्चा गरेका छन् । नेपाली कवितामा परम्परागत भन्दा भिन्न नवीन भाव बोधको महसुस गरी आफ्ना कवितामा अभिव्यक्त गर्न सकेकाले नेपाली जनमानसले उनलाई युगकविको रुपमा प्रतिस्थापित गरेको हो भनी थापाले व्यक्त गरेका छन् । दुब्लो शरीर भए पनि आँट र हिम्मतमा कति पनि हार नखाई अघिबढेका कवि श्रेष्ठले सर्वमान्य नेता गणेशमानलाई धेरै पटक भाँचिनबाट बचाई उनलाई लौह पुरुषको रुपमा ढाल्ने ऐतिहासिक भूमिकाको निर्वाह गरेकाले उनलाई थापाले प्रशंसा गरेका छन् । मन वचन र कार्यद्वारा सिर्जना र व्यवहारमा सामान्यजस्य स्थापित गरी नेपाली कवितामा उल्लेखनीय योगदान गरेको कवि श्रेष्ठले नेपाली भाषा र नेपाल भाषामा आफ्नो बेग्लै पहिचान बनाउन सफल भएको चर्चा गर्दै उनी पछि मात्र नेवारी भाषाभाषी र अन्य राष्ट्रिय भाषा भाषीको आ-आफ्नो तहबाट राष्ट्रभाषा नेपालीको प्रवर्द्धनमा योगदान हुँदै आएको लेखक थापाले व्यक्त गरेका छन् । यसरी दुवै भाषामा कलम चलाएको कवि श्रेष्ठलाई नेपाल भाषा साहित्यमा कविरत्न र नेपाली साहित्यमा युगकविको रुपमा चिन्दछौं भनी लेखक थापाले बताएका छन् ।

**नारायण गोदारे, 'युगकवि सिद्धिचरण सं. १९९० देखि सं. २००७ साल सम्मका स्वच्छन्दतावादी साहित्यका स्वामी', 'मिर्मिरे' वर्ष ३५, अङ्क ५, भदौ २०६३, पृष्ठ ३६-३९**

नारायण गोदारेद्वारा लेखिएको 'युगकवि सिद्धिचरण सं. १९९० देखि वि.सं.२००७ साल सम्मका स्वच्छन्दतावादी साहित्यका स्वामी' शीर्षकको लेख मिर्मिरेमा प्रकाशित छ । यसमा लेखक गोदारेले नेपाली भाषा साहित्यिक फाँटमा युगकविका रुपमा चर्चित कवि श्रेष्ठ नेपाली साहित्यिक फाँटका साथै नेवारी साहित्य क्षेत्रमा पनि स्वच्छन्दतावादी धारालाई सम्बर्द्धन गर्ने काव्यमा उल्लेखनीय योगदान गरेको चर्चा गरेका छन् । कवि श्रेष्ठले नेपाली साहित्यको स्वच्छन्दतावादी धारालाई अन्य विभिन्न प्रवृत्तिसँग समागम गर्दै सशक्त रुपमा कविता विधामा मात्र सिर्जनशील रहेको लेखकले व्यक्त गरेका छन् । राणाकालीन निरङ्कुश शासन पद्धति विरुद्ध आफ्ना काव्य सिर्जनामार्फत सशक्त विरुद्धमा ओर्लेका कवि श्रेष्ठ वि.सं. २००७ फागुण ७ मा प्रजातन्त्रको घोषणा भएको चौबीस घण्टा नबित्दै ८ गतेको 'आवाज' पत्रिकाको प्रधान सम्पादक बनेको

लेखकले उल्लेख गरेका छन् । यसरी वि.सं.१९९०-२००७ साल सम्म आफ्ना त्याग तपस्याले नेपाली भाषाका लागि मरिमेटेर लाग्ने देशभक्त, सरल भाषाका प्रेमी कविलाई नेपाली साहित्यमा 'स्वामी' मान्न सकिने लेखक गोदारेले व्यक्त गरेका छन् ।

**अंगुर बाबा जोशी, 'युगकवि- सादर सम्झना', 'गोरखापत्र' वर्ष १०६, अङ्क १७, जेठ ९, २०६३**

'युगकवि- सादर सम्झना' शीर्षकको लेख अंगुर बाबा जोशीले लेखेकी हुन् । यसमा लेखिका जोशीले कवि श्रेष्ठलाई नारी प्रति ठूलो आदर सम्मान र सहानुभूति राख्ने कविको रूपमा चर्चा गरेकी छन् । कवि श्रेष्ठका गद्य वा पद्य दुबै रचनामा नेपाली नारीको कथा, व्यथा, कामना, भावना, धैर्य एवम् सहनशीलता तथा विवेक र स्वाभिमान पक्षको राम्रोसँग अभिव्यक्त हुने कुरालाई जोशीले व्यक्त गरेकी छन् ।

**नगेन्द्रराज रेग्मी, 'राजनीति र साहित्य बीचको लक्ष्मणरेखा', 'शारदा' वर्ष १, अङ्क ८, भदौ २०६४, पृष्ठ ५०-५४**

नगेन्द्रराज रेग्मीले 'राजनीति र साहित्य बीचको लक्ष्मणरेखा' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक रेग्मीले विभिन्न कविताहरूको चर्चा गर्ने क्रममा कवि सिद्धिचरण श्रेष्ठलाई पनि एक क्रान्तिकारी कविको रूपमा चर्चा गरेका छन् । कवि श्रेष्ठ त्यस्ता कवि हुन् जो निरङ्कुश शासन सत्ता नहटी नेपाली जनताले शान्ति र सम्वृद्धि प्राप्त गर्न सक्दैनन् भन्ने धारणा राखी 'क्रान्ति बिना शान्ति हुदैन' भनी कविता लेखे वापत वि.सं.१९९७ मा जेल समेत परेको लेखक रेग्मीले बताएका छन् ।

**समाचारदाता, 'युगकवि श्रेष्ठको सम्झनामा कार्यक्रम आयोजित' 'गोरखापत्र' वर्ष १०८, अङ्क १७, जेठ ९, २०६५**

'युगकवि श्रेष्ठको सम्झनामा कार्यक्रम आयोजित' शीर्षकको लेख गोरखापत्र समाचारदाताले लेखेका हुन् । यसमा समाचारदाताले नेपाली जनताको मौलिक अधिकार स्वतन्त्रता र प्रजातन्त्रका पक्षमा क्रान्तिकारी कविता लेखेर आफूलाई युगकविको रूपमा स्थापित गर्न सफल स्वर्गीय कवि सिद्धिचरणको ९७ औ जन्मजयन्तीको अवसरमा विभिन्न कार्यक्रम आयोजना गरेको व्यक्त गरेका छन् । उक्त कार्यक्रममा साहित्यकार श्यामदास बैष्णवले जनताको स्वतन्त्रता र प्रजातन्त्रका लागि राणाकालमा सशक्त ढङ्गले कलम चलाएका क्रान्तिकारी कविलाई कसैले पनि बिर्सन नहुने चर्चा गरेका थिए भने अन्य कवि या कवियत्रीले उनको सम्झनामा कविता वाचन गरेको समाचारदाताले प्रस्तुत गरेको छ ।

**पुरुषोत्तम बस्नेत, 'सिद्धिचरण श्रेष्ठ-एक क्रान्तिकारी कवि', 'गोरखापत्र' वर्ष १०८, अङ्क १७, जेठ ९, २०६५, पृष्ठ ७**

पुरुषोत्तम बस्नेतद्वारा लेखिएको 'सिद्धिचरण श्रेष्ठ-एक क्रान्तिकारी कवि' शीर्षकको लेख गोरखापत्रमा प्रकाशित गरेको छ । यसमा लेखक बस्नेतले एकतन्त्रीय शासनको थिचोमिचोमा

नेपाली जनताले जनता होइन रैतीको रूपमा सधैं दबिएर रहनुपर्ने अवस्थामा कविले आफ्ना हरेक कवितामा शासनप्रति तीक्ष्ण व्यङ्ग्य र विरोध गर्न सफल भएको प्रस्तुत गरेका छन् । हुकुमलाई नै कानुन मान्नुपर्ने समयमा कविले देशप्रतिको कर्तव्यबोध कहिल्यै भुलेनन् र साहसको साथ आफ्ना अभिव्यक्तिलाई कवितामार्फत व्यक्त गरिरहे । यसवापत उनले १२ वर्ष कैद सजाय भोग्न बाध्य भएको कुरा लेखकले व्यक्त गरेका छन् । यसरी लेखेर मात्र होइन यातना बेहोरेर पनि एकतन्त्रीय शासनको विरोधमा उभिएको कवि श्रेष्ठ नेपाली काव्य फाँटमा क्रान्तिकारी कविको रूपमा चिरपरिचित भएको कुरा लेखक बस्नेतले व्यक्त गरेका छन् ।

**ज्ञानप्रसाद बास्तोला, 'स्वच्छन्दतावादी धाराका युगकवि सिद्धिचरण श्रेष्ठ' 'अन्नपूर्ण पोष्ट' वर्ष ८, अङ्क २३, जेठ ९, २०६६**

'स्वच्छन्दतावादी धाराका युगकवि सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख ज्ञानप्रसाद बास्तोलाले लेखेका हुन् । यसमा लेखक बास्तोलाले कवि श्रेष्ठ नेपाली भाषा साहित्य क्षेत्रमा र आफ्नो मातृभाषामा पनि उत्तिकै प्रतिभावान कवि हुन भनी चर्चा गरेका छन् । नेपाली साहित्यको भाषालाई लोकभाषासँग सम्बद्ध गराउने अभियानको थालनी गरेका कवि श्रेष्ठ नेवारी भाषामा पनि कविरत्नका रूपमा परिचित भएको लेखक बास्तोलाले व्यक्त गरेका छन् । कवि श्रेष्ठले नेपाली भाषा र साहित्यको स्वच्छन्दवादी धारा, विभिन्न वाद र प्रवृत्तिलाई समाहित गरे पनि नेपाली काव्य विधाको आधुनिक मोडमा विशेषतः उनी स्वच्छन्दतावादी धारामा उल्लेखनीय योगदान गरेको लेखक बास्तोलाले व्यक्त गरेका छन् ।

**दीर्घराज प्रसाई, 'एक युग प्रतिनिधि' कान्तिपुर वर्ष १७, अङ्क ९५, जेठ ९, २०६६, पृष्ठ ६**

दीर्घराज प्रसाईद्वारा लेखिएको 'एक युग प्रतिनिधि' शीर्षकको लेख कान्तिपुरमा प्रकाशित गरेको छ । यसमा लेखक प्रसाईले नागरिक हक र अधिकारको प्रणेता सिद्धिचरण श्रेष्ठले राष्ट्रको लागि आफ्नो ज्यानको समेत बाजी राखेका थिए भनी उल्लेख गरेका छन् । राष्ट्रिय जागरणप्रति प्रतिविम्वित भई राष्ट्रवादका शिखरमा टेकेर प्रकृत्तिप्रेमको गीत गाउने प्रतिभाशाली कवि श्रेष्ठ यस धर्तीमा छैनन् तापनि उनी अमर छन् भनी लेखक प्रसाईले उल्लेख गरेका छन् । नेपाली साहित्य फाँटमा कविहरूले जन समयमा सिर्जना गरेर समाजलाई अघि बढाउन सफल भएको हो । त्यसैगरी कवि श्रेष्ठका कविताहरू पनि घटना र सङ्घर्षको वेदीमा प्रस्फुटन भएर एक युगको प्रतिनिधि हुन सफल भएको लेखक प्रसाईले उल्लेख गरेका छन् ।

**समाचारदाता, 'राष्ट्रकविलाई युगकवि पुरस्कार', 'गोरखापत्र' वर्ष १०९, अङ्क १८, जेठ १०, २०६६ पृष्ठ ५**

'राष्ट्रकविलाई युगकवि पुरस्कार' शीर्षकको लेख गोरखापत्र समाचारदाताले लेखेका हुन् । यसमा युगकवि सिद्धिचरण श्रेष्ठको ९८ औं जन्मजयन्तीको समारोहमा राष्ट्रपति रामवरण

यादवबाट राष्ट्रकवि माधव घिमिरेलाई वि.सं.२०६५ को 'युगकवि सिद्धिचरण पुरस्कार' प्रदान गरेको कुरा समाचारदाताले प्रस्तुत गरेका छन् । उक्त कार्यक्रममा लेखक, समालोचक, कवि कवियत्रीहरूले सिद्धिचरणको त्याग लेखन शैली र योगदान बारे व्यक्त भएको कुरा समाचारदाताले टिप्पणी गरेका छन् ।

**समाचारदाता, 'युगकवि सिद्धिचरण प्रति श्रद्धाञ्जली' गोरखापत्र वर्ष १०१, अङ्क १७, जेठ ९, २०६६**

'युगकवि सिद्धिचरण प्रति श्रद्धाञ्जली' शीर्षकको लेख गोरखापत्र समाचारदाताले लेखेका हुन् । यसमा कविताको माध्यमबाट राणाशासनको समयमा क्रान्ति ल्याउन सफल युगकवि सिद्धिचरणको ९८ औ जन्म जयन्तीको अवसरमा श्रद्धाञ्जली कार्यक्रम भएको उल्लेख गरेका छन् । उक्त कार्यक्रममा संस्कृतविद् सत्यमोहन जोशीले राणा शासनको समयमा क्रान्तिको शब्द प्रयोग गर्ने पहिलो व्यक्ति युगकवि सिद्धिचरणको चर्चा जति गरे पनि अपूर्ण हुन्छ भनी व्यक्त गरेका कुरालाई समाचारदाताले प्रस्तुत गरेका छन् ।

## निष्कर्ष

समग्रमा कवि श्रेष्ठद्वारा रचित फुटकर कविता वि.सं. १९९० सालदेखि प्रकाशित हुन थाले पनि यिनका सम्बन्धमा सर्वप्रथम सूर्यविक्रम ज्ञवालीले वि.सं.१९९३ मा प्रकाशित नेपाली साहित्य सम्मेलन पत्रिकामा कवि सिद्धिचरण श्रेष्ठ र महाकवि लक्ष्मीप्रसाद देवकोटाका कविताहरूलाई विषय बनाई 'नेपाली साहित्याकाशका दुईतारा' शीर्षकको समीक्षात्मक लेख प्रकाशित गरेका थिए । यसैबाट कवि श्रेष्ठ सम्बन्धी अध्ययनको प्रारम्भ भएको हो । यसरी ज्ञवालीबाट थालनी भएको कवि सिद्धिचरण सम्बन्धी अध्ययन परम्परा हालसम्म पनि चालू छ । वि.सं. १९९३ सालदेखि हालसम्म कवि श्रेष्ठ र उनका काव्य कृतिका सम्बन्धमा नेपाल तथा नेपाल बाहिरका विभिन्न विद्वान्हरूले आ-आफ्ना समालोचनात्मक अध्ययनहरू प्रस्तुत गर्दै आएका छन् । वि.सं ९९३ को लेखलाई यस शोधकार्यमा समावेश गर्न सकिएको छैन । यसैले वि.सं १९९५ देखि हालसम्म उपलब्ध सामग्रीको आधारमा धेरैजसो लेखक समालोचकहरूले उनलाई नेपाली साहित्याकाशका स्वच्छन्दतावादी धाराका एक अग्रज कविका रूपमा चर्चा गरेको पाइन्छ । स्वच्छन्दतावादी धाराका रूपमा उनी नेपाली साहित्यमा मात्र होइन नेपाल भाषामा पनि सशक्त कविका रूपमा क्रियाशील रहेको कुरा विभिन्न अध्येताहरूले प्रस्तुत गरेका छन् । यसरी नेपाली र नेवारी भाषामा कलम चलाउँदै विभिन्न पत्रपत्रिकाका सम्पादक र सामाजिक संघसंस्थामा आवद्ध भई सृजनात्मक क्रियाकलापमा सधैं अग्रसर रहने कवि श्रेष्ठका योगदानका बारेमा अध्ययन हुँदै आएको पाइन्छ । कवि श्रेष्ठका कृतित्वको विविध पक्षमा अध्ययन हुने क्रममा अध्येताहरूले उनका केही कृतिलाई विशेष महत्व दिएको देखिन्छ । खास गरी कवि श्रेष्ठका 'उर्वशी' र 'मङ्गलमान' खण्डकाव्यबारे बढी चर्चा गरेको पाइन्छ । ती मध्ये 'उर्वशी' मा मानवीय मनका सूक्ष्म र सबल

अनुभूतिहरूका साथै अन्तर्द्वन्द्व र सूक्ष्म अन्तर्मुखी चिन्तन पाइने कुरा व्यक्त गरिएको पाइन्छ भने 'मङ्गलमान' नेपालको प्रमुख सामाजिक राजनीतिक राष्ट्रिय घटनाहरूलाई समावेश गरी लेखिएको उच्चकोटिको खण्डकाव्यको रूपमा रहेको टिप्पणी गरिएको भेटिन्छ । सिद्धिचरण श्रेष्ठका कवि व्यक्तित्वका आधारमा सूर्यविक्रम ज्ञवाली, ईश्वर बराल र रत्नध्वज जोशीले उनलाई नेपाली स्वच्छन्दतावादी काव्यधाराका एक प्रतिष्ठित कविका रूपमा चर्चा गरेका छन् भने ताना शर्माले श्रेष्ठको कवित्व सामान्य स्तरमा रहेको भनी चर्चा गरेका देखिन्छ । यसरी कवि श्रेष्ठका सम्बन्धमा गरिएका अध्ययनलाई हेर्दा कतिपय अध्येताले प्रशंसा गरेका छन् भने कतिपयले उनलाई सामान्य कविका रूपमा प्रस्तुत गरेका छन् । अवमूल्यन र अधिमूल्यनका चापमा परे पनि कवि श्रेष्ठ निरन्तर कविता विधामा क्रियाशील भएको पाइन्छ । लामो समय सम्म कविता सृजनामा सक्रिय रहेका कवि श्रेष्ठको सम्बन्धमा विभिन्न विषयमा अध्ययनहरू हुँदै आएका छन् र यो क्रम आजसम्म पनि चालू नै छ ।

# चौथो परिच्छेद

## सिद्धिचरण श्रेष्ठ सम्बन्धी पुस्तकाकार अध्ययनहरूको सर्वेक्षण

विभिन्न पुस्तकाकार कृत्तिहरूमा सिद्धिचरण श्रेष्ठ सम्बन्धी विभिन्न लेखक समालोचकहरूबाट विभिन्न अध्ययनहरू हुँदै आइरहेको पाइन्छ । यस्ता अध्ययन परम्पराहरूमा सिद्धिचरण श्रेष्ठमै केन्द्रित पुस्तकहरू प्रकाशित भएका छन् भने अन्य विभिन्न पुस्तकहरूमा पनि कवि श्रेष्ठका विविध पक्षलाई लिएर अध्ययन भएको पाइन्छ । यस परिच्छेदमा सिद्धिचरण श्रेष्ठमै केन्द्रित पुस्तकहरूका साथै उनका सम्बन्धमा अध्ययन गरिएका पुस्तकाकार कृत्तिहरूको सूची निम्नानुसार कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

| क्रं. सं | लेखक नाम | पुस्तकको नाम | प्रकाशन | प्रकाशन मिति (वि.सं) |
|---|---|---|---|---|
| १. | सिद्धिचरण श्रेष्ठ | मेरो प्रतिविम्बि कवितासङ्ग्रह | स्वयम् कवि | २०२१ |
| २. | राजेश्वर देवकोटा | नेपाली निबन्धवाली | ने.रा.प्र.प्र. | २०२४ |
| ३. | कृष्णप्रसाद पराजुली | पन्ध्रतारा र नेपाली साहित्य | साझा प्रकाशन | २०२४ |
| ४. | रत्नध्वज जोशी | साहित्य समीक्षा | साझा प्रकाशन | २०२५ |
| ५. | चुडामणि बन्धु | साझा कविता | साझा प्रकाशन | २०३४ |
| ६. | रत्नध्वज जोशी | नेपाली साहित्यको झलक | साझा प्रकाशन | २०३४ |
| ७. | यदुनाथ खनाल | साहित्यिक चर्चा | साझा प्रकाशन | २०३४ |
| ८. | सिद्धिचरण श्रेष्ठ | तिरमिर तारा बालकविता सङ्ग्रह | ने.रा.प्र.प्र. | २०४५ |
| ९. | सिद्धिचरण श्रेष्ठ | कुहिरो र घाम कवितासङ्ग्रह | साझा प्रकाशन | २०४५ |
| १०. | सिद्धिचरण श्रेष्ठ | सिद्धिचरणका प्रतिनिधि कविता | ने.रा.प्र.प्र. | २०४५ |
| ११. | वासुदेव त्रिपाठी | नेपाली कविता भाग दुई | साझा प्रकाशन | २०४५ |
| १२. | गणेशबहादुर प्रसाई | नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा | ने.रा.प्र.प्र. | २०४८ |
| १३. | रमेश श्रेष्ठ | नेपाली कविताको प्रवृत्ति | साझा प्रकाशन | २०४८ |
| १४. | सिद्धिचरण श्रेष्ठ | मङ्गलमान खण्डकाव्य | हिरण्यमान | २०४९ |

| | | | | |
|---|---|---|---|---|
| | | | चन्द्रमान | |
| १५. | गोविन्दराज भट्टराई | काव्यिक आन्दोलनको परिचय | ने.रा.प्र.प्र. | २०४९ |
| १६. | उत्तम कुँवर | स्रष्टा र साहित्य | साझा प्रकाशन | २०४९ |
| १७. | गार्गी शर्मा | सिद्धिचरणका खण्डकाव्यको अध्ययन | भुवनमोहिनी | २०५० |
| १८. | रघु घिमिरे | सिर्जना र दृष्टि | साझा प्रकाशन | २०५१ |
| १९. | घटराज भट्टराई | प्रतिभै प्रतिभा र नेपाली साहित्य | एकता बुक्स डिस्ट्रीव्यूटर्स | २०५१ |
| २०. | यादव प्रकाश लामिछाने | नेपाली कविता-काव्य र साहित्यतत्व | विद्यार्थी पुस्तक भण्डार | २०५१ |
| २१. | महानन्द पौडेल | विचरण आफ्नै क्षितिजभित्र | इन्द्रकिल सिक्किम | सन् १९९७ |
| २२. | गार्गी शर्मा | केही समीक्षात्मक अभिव्यक्ति | नेपाली साहित्य मन्दिर | २०५३ |
| २३. | महेश्वर न्यौपाने | साधरण नेपाली | विद्यार्थी पुस्तक भण्डार | २०५३ |
| २४. | जयदेव भट्टराई | व्यक्तित्व र शब्द चित्र | साझा प्रकाशन | २०५३ |
| २५. | मञ्जुल | सिद्धिचरणहरू | युगकवि सिद्धिचरण प्रतिष्ठान | २०५५ |
| २६. | कृष्णप्रसाद पराजुली | देउराली | साहित्य सङ्गम वाराणसी | २०५७ |
| २७. | भानुभक्त पोखरेल | साहित्यिक अनुशीलन | साझा प्रकाशन | २०५७ |
| २८. | प्रमोद प्रधान | नेपाली बालसाहित्यको इतिहास | बगर फाउन्डेसन | २०५७ |
| २९. | नारायण गोदारे | सिद्धिचरण एक र अनेक | सुगन्ध | २०५८ |
| ३०. | उषा ठाकुर | स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि | रामभक्त ठाकुर | २०५८ |

| | | | | |
|---|---|---|---|---|
| ३१. | गार्गी शर्मा | शारदाका कवितामा विद्रोहात्मक स्वर | नेपाली साहित्य मन्दिर | २०५८ |
| ३२. | खगेन्द्रप्रसाद लुइटेल | कविता सिद्धान्त र नेपाली कविताको इतिहास | ने.रा.प्र.प्र. | २०६० |
| ३३. | पूर्णप्रकाश नेपाल 'यात्री' | सिद्धिचरण सञ्चरण महाकाव्य | तन्नेरी प्रकाशन | २०६० |
| ३४. | दक्षराज शर्मा | जीवनीको आलोकमा केही स्रष्टा समीक्षण | श्रीमती शकुन्तला भट्टराई | २०६१ |
| ३५. | कृष्णप्रसाद पराजुली | अर्को देउरालीबाट | साहित्य सङ्गम | २०६४ |

## ४.१ कवि श्रेष्ठमै केन्द्रित पुस्तकाकार कृतिमा भएका अध्ययनहरू

सिद्धिचरण श्रेष्ठ सम्बन्धी विभिन्न पुस्तकाकार कृत्तिहरूमा विभिन्न लेखक समालोचकहरूबाट अध्ययनहरू हुँदै आएको पाइन्छ । यस्ता अध्ययन परम्पराहरूमा कवि श्रेष्ठमै केन्द्रित पुस्तकहरू प्रकाशित भएका छन् भने अन्य विभिन्न विषयका पुस्तकहरूमा पनि उनका विविध पक्षलाई लिएर अध्ययन भएको पाइन्छ । यहाँ कवि श्रेष्ठका सम्बन्धमा अध्ययन गरिएका पुस्तकाकार कृत्तिहरूमध्ये कवि श्रेष्ठमै केन्द्रित पुस्तकको मात्र अध्ययन गरी निष्कर्षलाई काल क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

**गणेशबहादुर प्रसाई, नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा ने.रा. प्र.प्र.२०४८**

'नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा' नामक पुस्तक गणेशबहादुर प्रसाईले लेखेका हुन् । यसमा प्रसाईले युगकवि सिद्धिचरण र उनका कृति शीर्षकमा चर्चा परिचर्चा गरेका छन् । वि.सं. १९६९ मा ओखलढुङ्गा जिल्लामा मध्यमवर्गीय परिवारमा जन्मेका सिद्धिचरण श्रेष्ठ सानै उमेरदेखि कविता लेख्न सुरु गरेका हुन् । उनका सुरु सुरुका कविता प्रचलित काव्य परम्पराबाट प्रभावित भएको पाइन्छ भने वि.सं १९९०-९५ सम्ममा प्रकृति र मानव जविनका उत्तम कविता सिर्जना गर्न सफल भएका छन् भनी प्रसाईले व्यक्त गरेका छन् । 'शारदा' को आरम्भ सँगसँगै कवितामा परिवर्तनको निर्भिक स्वर निकाल्न सक्ने कवि श्रेष्ठको एक्लो प्रयासमा एक दशक भन्दा बढी समयसम्म अथवा २००२ सम्म उनको एकाधिकार कायम रहेको उल्लेख गर्दै स्वच्छन्दतावादी काव्य धाराको मुहान खोल्ने लक्ष्मीप्रसाद देवकोटालाई समेत प्रसाईले कवि श्रेष्ठका सह प्रवर्तक मानेका छन् । यसरी त्यस समयमा निकै सक्रिय भएर कविता विधामा देखा परेका कवि श्रेष्ठलाई वि.सं १९९६मा पुत्र वियोगको आघात पर्दा उनले लेखेको विश्वव्यथा

कविताको चर्चा गर्दै त्यस कोटिको कविता लेख्न सक्ने क्षमता अरु कुनै नेपाली कविले देखाउन नसकेको लेखकले टिप्पणी गरेका छन् । क्रान्ति र विद्रोहको आवाज निकालेवापत वि.सं. १९९७ देखि २००२ सम्म जेल परेका कवि त्यसपश्चात पनि कविता विधामा साधनारत रहेको देखिन्छ । यसरी कविता विधामा मात्र साधनारत कवि श्रेष्ठलाई बेला बेलामा समालोचकहरूले कोहीले सबैभन्दा राम्रो कवि भनी मूल्याङ्कन गरेका छन्. भने कोहीले सामान्य स्तरका कवि भनी मूल्याङ्कन गरेको प्रसाईले व्यक्त गरेका छन् । यसरी कहिले सबैभन्दा राम्रो र कहिले सामान्य स्तरको कवि देशमा आएको २००७ सालको परिवर्तनसँगै आफ्ना कवितालाई आर्थिक एवम सामाजिक परिवर्तन मोड्न खोजे तर त्यस कालमा देखापरेका अन्य कविहरूका समकक्षी हुन नसक्दा उनी प्रशंसकहरूको जमातमा प्रशंसित हुन असमर्थ भएको लेखक प्रसाईले आफ्नो विचार व्यक्त गरेका छन् ।

यसप्रकार स्वच्छन्दतावादी काव्यधाराका कवि श्रेष्ठले असंख्य मात्रामा सरल र सहज भाषामा उत्कृष्ट कविता लेखेको चर्चा गर्दै जसले १९९० देखि २००२ सम्म नेपाली साहित्यमा नयाँ युगको आमन्त्रण गरेर नेपाली साहित्यलाई समृद्ध बनाउन ऐतिहासिक कार्य सम्पन्न गरे जो स्वयममा अतुलनीय सिद्ध हुन पुगेको छ भनी प्रसाईले यस अध्ययनमा बताएका छन् ।

**डा. गार्गी शर्मा, 'सिद्धिचरणका खण्डकाव्यको अध्ययन', 'भुवनमोहिनी प्रकाशन', २०५१**

'सिद्धिचरण खण्डकाव्यको अध्ययन' नामक पुस्तक डा.गार्गी शर्माले लेखेकी हुन् । यसमा शर्माले कवि श्रेष्ठका केही प्रकाशित खण्डकाव्यहरूको विश्लेषण गर्दै उनका जीवनदर्शन र शील्प कलाका बारेमा टिप्पणी गरेकी छन् । शर्माले कवि श्रेष्ठका खण्डकाव्यहरूमा 'ज्यानमाराशैल', 'मङ्गलमान', 'आँसु', 'विश्वव्यथा', 'शवरी', 'बाँचिरहेको आवाज' र 'उर्वशी' काव्यलाई चर्चा गरेकी छन् । कवि श्रेष्ठका काव्य चर्चा गर्ने क्रममा यथार्थवादी सामाजिक धरातलमा प्रस्तुत भएको कृति ज्यानमारा शैल, वि.सं १९९०-२०१८ साल सम्मको राजनैतिक इतिहास समेटिएको काव्य मङ्गलमान मानवतावादी भावना र सामाजिक सधुारको प्रण तथा परिवर्तनका लहरहरू उर्लेको काव्य आँसु आफ्नै पुत्र शोकले मर्माभिव्यक्ति प्रस्तुत भएको काव्य विश्वव्याथा, रामायणको भक्तिभावमा आधारित काव्य शवरी नेपाली इतिहासका ज्वलन्त चरित्रकी वीरङ्गना राजेश्वरीको सती जानुको अभिव्यक्ति बाँचिरहेको आवाजमा र तत्कालीन शासक र शाश्वितको द्वन्द्वात्मक प्रस्तुती उर्वशी काव्यमा प्रस्तुत भएको शर्माले विवेचना गरेकी छन् । यसरी लेखिका शर्माले कवि श्रेष्ठका काव्यपछि उनका जीवन दर्शन र शील्पकलालाई पनि चर्चा गरेकी छन् । आफ्नो काव्य निर्माणका सुरु सुरुका दिनहरूमा यो जीवनजगत अति प्यारो लाग्ने कविलाई समयको परिवर्तनसँगै धेरै अवरोध र सङ्घर्षका व्यवधानसँगै सामना गर्नु परेकाले उनका जीवनदृष्टि पनि बदलिन थालेको कुरा शर्माले उल्लेख गरेकी छन् । जीवनमा अनेक सङ्घर्ष गर्नु परेकाले उनी

कर्ममा आइलाग्ने पत्थरसँगै सङ्घर्ष गरेर आफ्नो लक्ष्यमा पुग्न सक्नुपर्दछ भन्ने विचार राख्ने कवि श्रेष्ठ मानव जीवन बहुमूल्य छ यो बहुमूल्य जीवनलाई अध्यारो पारिदिने तत्वसँग घोरभर्त्सना गर्दै अघि बढ्न सक्नुपर्छ भनी आह्वान गर्दछन् । यसैले उनी आफ्नो जीवनकालभर सङ्घर्ष गरेर पनि कहिल्यै हार नखाइ निरन्तर साहित्य सिर्जनामा लागी परेको कुरालाई शर्माले चर्चा गरेकी छन् । शर्माले कवि श्रेष्ठका काव्यकृति निकै सरल छ, भाषा सरल सहज हुनुका साथै वाणिक, मात्रिक छन्दमा सफलता प्राप्त गर्न सकेको व्यक्त गरेकी छन् । यसरी नेपाली काव्य क्षेत्रमा स्वच्छन्दवादलाई भित्र्याएर उनको शिल्पले नेपाली जनजीवनको दुःख क्रान्ति सङ्घर्ष र उत्पीडनको यथार्थभूमिमा नारीलाई श्रृङ्गार र प्रेमीको मूर्ति होइन बरु जीवन्त र ममतामयी स्वाभिमानी रूप प्रस्तुत गर्न सफल भएको कवि श्रेष्ठ नेपाली साहित्यमा उत्कृष्ट कवि हुन भनी शर्माले व्यक्त गरेकी छन् ।

## ४.२. कवि श्रेष्ठका सम्बन्धमा कविता, साहित्यको इतिहास र समालोचनाका पुस्तकहरूमा भएका अध्ययनहरू

सिद्धिचरण श्रेष्ठ सम्बन्धी विभिन्न पुस्तकहरूमा उनका विविध पक्षलाई लिएर अध्ययन भएको पाइन्छ । यस क्रममा कवि श्रेष्ठसम्बन्धी व्यक्तित्व, कृतित्व र योगदानमा गरिएको अध्ययनलाई निम्नानुसार कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

**विजय मल्ल, 'परिचय' 'मेरो प्रतिविम्ब' कवितासङ्ग्रह, प्रकाशन स्वयम् कवि २०२१**

कवि सिद्धिचरण श्रेष्ठको 'मेरो प्रतिविम्व' कविता सङ्ग्रहमा विजय मल्लले परिचय शीर्षकमा भूमिका लेखेका छन् । यसमा लेखक मल्लले कवि सिद्धिचरण आफ्नो काजी दाइ भएको प्रसङ्ग गर्दै जससँग झगडा पनि गर्न सक्छु र सम्मान पनि गर्दछु भनी चर्चा गरेका छन् । रोयल नेपाल एकेडेमीका सदस्य सहनशील स्वभाव भएका कवि श्रेष्ठ 'शारदा' पत्रिकाको प्रबन्धमा व्यस्त भइ कविताहरू निरन्तर रचि रहने गर्दथे भनी मल्लले व्यक्त गरेका छन् । सरल र सहज भाषा शैली प्रयोग गरेर कविता मार्फत राणाशासनको तीव्र आलोचना गरेका काजीदाइ १९९७ सालमा १२ वर्षको जेल सजाय पाएको लेखकले उल्लेख गरेका छन् । जेल जानुभन्दा अघि काखको छोरा विश्वमर्दा 'विश्वव्यथा' कविता रचेका काजीदाइ राणाशासनसँग मात्र होइन परमेश्वरसँग पनि विद्रोह गर्न पुगेका छन् भनी लेखकले टिप्पणी गरेका छन् । 'मेरो प्रतिबिम्ब' कविता सङ्ग्रह उनको जेलयात्रापछिको केही कविताहरूको सङ्कलन हो भन्दै जोस र उत्साहका साथ समाजलाई नवीन रुपमा ढाल्न यस कवितामार्फत आह्वान गरेका छन् भनी लेखक मल्लले व्यक्त गरेका छन् ।

**कृष्णप्रसाद पराजुली, 'पन्ध्रतारा र नेपाली साहित्य' 'साझा प्रकाशन', २०२४**

कृष्णप्रसाद पराजुलीले 'पन्ध्रतारा र नेपाली साहित्य' नामक पुस्तक लेखेका छन् । यसमा लेखक पराजुलीले सिद्धिचरण श्रेष्ठको कवि व्यक्तित्वको चर्चा गरेका छन् । वि.सं.१९६९ जेठ शुक्ल

पञ्चमीका दिन ओखलढुङ्गामा जन्मेका कवि श्रेष्ठ सात वर्षको उमेरमा काठमाडौं आएर दरबार स्कूलमा कक्षा आठसम्म मात्र अध्ययन गरेको त्यसपछि उनी घरैमा स्वअध्ययन तथा काव्यसाधना तर्फ लागि परेको पराजुलीले उल्लेख गरेका छन् । तत्कालीन शासकहरूप्रति क्रूर बनेका कवि श्रेष्ठ 'क्रान्ति बिना यहाँ हुदैन शान्ति' भनी 'वर्षा' शीर्षक कविता लेखे वापत राजनीतिक अभियोग लागेर अंश सर्वस्वसहित १८ वर्षको कैद तोके पनि उनी पाँच वर्षपछि जेलबाट छुटेको लेखकले व्यक्त गरेका छन् । कवि श्रेष्ठका प्रारम्भिक कविताको मूल स्वर प्रकृति र जीवनको संवेदनात्मक अभिव्यञ्जना हो भने जेलयात्रा पछि जीवनका टड्कारो समस्याका साथै क्रान्तिकारी विद्रोह तथा प्रगतिवादी विश्वासको लहर उर्लिएको लेखक पराजुलीले उल्लेख गरेका छन् । नेपाली आधुनिक साहित्यमा एउटा धारा कायम गरी योगदान दिएबापत वि.सं २०२७ मा त्रिभुवन पुरस्कार र २०४५ सालमा पृथ्वीप्रज्ञा पुरस्कार पाउने कवि नेपाली साहित्यमा प्रकृति प्रेमी, प्रगतिवादी कवि, र युगकविका रूपमा प्रतिष्ठित भएको लेखकले प्रस्तुत गरेका छन् । विभिन्न पत्रपत्रिकामा सम्पादक सामाजिक संघ संस्थामा क्रियाशील रहेका कवि वि.सं. २०१४-२०२२ सम्म प्रज्ञाप्रतिष्ठानका सदस्य त्यसपछि आजीवन सदस्य भएको लेखकले टिप्पणी गरेका छन् । उनका कवितामा प्रकृतिप्रेमी , मानवीय संम्वेदना युगानुकूल भाव, राष्ट्रिय भावना, समाजको अमिल्दो अवस्था प्रति असन्तोष र विरोध गरिनुका साथै सरल भाषा शैली मिठो अभिव्यक्ति, करुण र वीर दुवै रसको प्रयोग पाइने कुरा लेखकले उल्लेख गरेका छन् ।

**राजेश्वर देवकोटा, नेपाली निबन्धवाली ने.रा.प्र.प्र., २०२४**

राजेश्वर, देवकोटाले 'नेपाली निबन्धवाली' पुस्तक लेखेका छन् । यसमा लेखक देवकोटाले सिद्धिचरण श्रेष्ठलाई कवि व्यक्तित्वको रूपमा चर्चा गरेका छन् । प्रकृतिप्रेमी कविका रूपमा उपस्थित सिद्धिचरण प्रकृतिको कोमलतालाई चिनेर आफ्ना रचनामा अभिव्यक्त गर्न सफल भएको लेखक देवकोटाले टिप्पणी गरेका छन् । कवि श्रेष्ठ आफ्नो यौवनकालमा देशको अत्याचारी शासन विरुद्ध सङ्घर्ष गर्न तम्सेका व्यक्ति हुन् जसलाई आफ्नो राष्ट्रप्रति निकै चिन्ता छ र आफ्नो काव्य रचनामा प्रकृतिको माध्यमबाट विद्रोहको आवाज निकाली शासकहरू प्रति तीव्र रोष प्रकट गर्ने सफल भएका छन् भनी लेखक देवकोटाले उल्लेख गरेका छन् ।

**रत्नध्वज जोशी, 'साहित्य समीक्षा', 'साझा प्रकाशन', २०२५**

रत्नध्वज जोशीले 'साहित्य समीक्षा' नामक समालोचनात्मक पुस्तक लेखेका छन् । यसमा लेखक जोशीले सिद्धिचरण श्रेष्ठको काव्यगत शैलीलाई चर्चा गरेका छन् । कवि श्रेष्ठका सुरुका रचनाहरू वार्णिक छन्द मै देखिए पनि पछि मात्रिक छन्द लाई नै विशेष रूपमा प्रयोग गरेको लेखक जोशीले उल्लेख गरेका छन् । नेपाली भाषामा अभिव्यञ्जना शक्ति वि.सं.१९९१ साल सम्मका लेखनाथका कृतिहरूमा प्रकट हुन सकेको थिएन । त्यही शक्ति शारदा पत्रिकाको

प्रकाशनसँगै सिद्धिचरणका कविताहरू निस्कन थालेपछि आरम्भ भएको नेपाली कवितामा शब्दहरूका लक्षण शक्तिको प्रयोग यिनै कविका कृतिहरूमा प्रचुर मात्रामा प्रयोग हुन थालेको हो भनी लेखक जोशीले प्रस्तुत गरेका छन् ।

**चूडामणि बन्धु, 'साझा कविता', 'साझा प्रकाशन' २०३४** (ते.सं.)

'साझा कविता' नामक पुस्तक चूडामणि बन्धुद्वारा लेखिएको हो । यसमा लेखक बन्धुले नेपाली साहित्यमा कवि सिद्धिचरण श्रेष्ठ र महाकवि लक्ष्मीप्रसाद देवकोटा सुरुमा सहकर्मी कविका रुपमा देखिए पनि कवि देवकोटा मुनामदन खण्डकाव्य प्रकाशन भएपछि व्यापक रुपमा देखापरे भने कवि श्रेष्ठ कविताको क्षेत्रमा मात्र सीमित भएर बस्ने युगपुरुषहरूमा सिद्धिचरणको स्थान सर्वोच्च रहेको उल्लेख गरेका छन् । राष्ट्रिय र विश्वव्यापी समाज प्रकृति र जीवनको सरल र सजीव चित्रण, देशीय र विश्वव्यथाको करुण अभिव्यक्ति, देशको दलित र दुःखित अवस्थाको रहस्यात्मक र मार्मिक प्रकाशन, जनतालाई उठाउने आह्वान र क्रान्तिको प्रेरणा कवि श्रेष्ठका रचनामा पाइनाले उनका कविता युगका आवाज हुन् र उनी युगकवि भएको लेखक बन्धुले व्यक्त गरेका छन् ।

**रत्नध्वज जोशी, 'नेपाली साहित्यको झलक' साझा प्रकाशन, २०३४**

रत्नध्वज जोशीले 'नेपाली साहित्यको झलक' पुस्तक लेखेका छन् । यसमा लेखक जोशीले कवि श्रेष्ठलाई आलोचक व्यक्तिको रूपमा चर्चा गरेका छन् । कवि श्रेष्ठका कुनै आलोचनात्मक लेख पत्रपत्रिकामा प्रकाशित नभए पनि अनेक पुस्तकहरूको भूमिकाको क्रममा उनले आलोचक कै काम गरेको लेखकले बताएका छन् । आनन्ददेव भट्टको 'अब हिमाल बोल्छ' विजय मल्लको कविता सङ्ग्रह तथा गोविन्द बहादुर मल्ल 'गोठाले'को 'पल्लो घरको झ्याल'को भूमिका लेखेका कवि श्रेष्ठ कविका अतिरिक्त उपन्यास, कथा, कविता आदि आलोचकको केही अंश विद्यमान रहेको जोशीले व्यक्त गरेका छन् ।

**यदुनाथ खनाल, 'साहित्यिक चर्चा', 'साझा प्रकाशन', २०३४**

'साहित्यिक चर्चा' नामक पुस्तक यदुनाथ खनालद्वारा लेखिएको हो । यसमा लेखक खनालले कवि श्रेष्ठको व्यक्तित्व माथि चित्रण गरेका छन् । कवि श्रेष्ठ जे भन्छन् प्रत्यक्ष रुपमा भन्छन् । यही स्वभावले गर्दा आफ्ना शक्तिशाली कवितात्मक प्रहारद्वारा निर्णयताका साथ समाजका खराबीहरू र अन्यायहरूलाई विरोध गर्न पनि पछि परेका छैन् भनी खनालले टिप्पणी गरेका छन् । जुन समयमा संस्कृत साहित्यको प्रभाव व्यापक थियो संस्कृति साहित्यले नेपाली साहित्यलाई ओझेलमा पारेको थियो । त्यसबेलाको साहित्यिक परम्पराको विद्रोहमा उठेका प्रगतिवादी आन्दोलनका एक अगुवाको रूपमा कवि श्रेष्ठले नेपाली साहित्य क्षेत्रमा निकै परिश्रम गरेको कुरा लेखक खनालले बताएका छन् ।

**सिद्धिचरण श्रेष्ठ, 'तिरमिर तारा', 'बालकविता सङ्ग्रह', ने.रा.प्र.प्र., २०४५**

कविवर सिद्धिचरण श्रेष्ठको 'तिरमिर तारा' बालकविता सङ्ग्रह ने.रा.प्र.प्र.द्वारा वि.सं. वि.सं. २०४५ मा प्रकाशित गरिएको छ । कवि श्रेष्ठ आफ्ना प्रसाद गुण सम्पन्न कविताको लागि प्रख्यात हुनुका साथै देशप्रेमको भावनाले पनि उनका कविता उत्तिकै लोकप्रिय भएको कुरा प्रकाशकले उल्लेख गरेको छन् । 'तिरमिर तारा' कविता सङ्ग्रह बालसुलभका साथै सरल र मीठो अभिव्यक्तिले गर्दा बालबालिकाहरूको लागि अत्यन्त उपयुक्त हुन पुगेको व्यक्त गर्दै 'स्वावलम्वन किताब', 'बुद्धिमान काग', 'फटाहा गोठालो' जस्ता कविता शिक्षाप्रद छन् भने 'पढिरहेछौ हामी' 'आहवान' जस्ता कविता देशभक्ति जगाउने खालक छन् भनी प्रकाशकले टिप्पणी गरेका छन् । प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्य बयोवृद्ध कविवर श्रेष्ठका नेपाली बालबालिकाहरूको लागि प्रस्तुत बालकविता सङ्ग्रह बालसुलभ अभिव्यक्तिले गर्दा साँच्चै नै लाभान्वित हुने कुरा प्रकाशकले व्यक्त गरेका छन् ।

**सिद्धिचरण श्रेष्ठ, 'कुहिरो र घाम' कवितासङ्ग्रह 'साझा प्रकाशन', २०४५**

युगकवि सिद्धिचरण श्रेष्ठको 'कुहिरो र घाम' कविता सङ्ग्रह साझा प्रकाशनले प्रकाशित गरेको छ । प्रकाशकले भूमिकामा नेपाली काव्यको रोमान्टिक धाराको प्रवर्तक तथा अग्रज कवि द्वय मध्येका कवि सिद्धिचरण श्रेष्ठ एक प्रतिष्ठित कवि भएको चर्चा गरेका छन् । सिद्धिचरण श्रेष्ठ सामाजिक यथार्थताप्रति सचेत मानसिकताको रोमान्टिक कवि हुन् उनका कविताले भावुकताको परिवेश छुन्छ । त्यसैले सामाजिक यथार्थताको साङ्केतिक विम्ब स्थापित गरी तिनकै तिव्रतम बोधद्वारा सञ्चारित गर्दै सत्यको अनुभूतिमा सहभागी हुन हामीलाई विवश पार्दछ भन्दै कुहिरो र घाम कवितासङ्ग्रह पनि एक उत्कृष्ट कवितासङ्ग्रह भएको भनी प्रकाशकले व्यक्त गरेको छ ।

**सिद्धिचरण श्रेष्ठ 'सिद्धिचरणका प्रतिनिधि कविता', 'नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान' २०४५**

'सिद्धिचरण श्रेष्ठका प्रतिनिधि कविता' कवितासङ्ग्रह वि.सं. २०४५ मा ने.रा.प्र.प्र.ले प्रकाशनमा ल्याएको हो । यस कविता सङ्ग्रहमा डा. वासुदेव त्रिपाठीले भूमिका लेखेका छन् । त्रिपाठीले यसमा कवि श्रेष्ठका कविता यात्रा र मुख्य चरणको विभाजनल गरी उनको कवित्वको अन्तरविकासको बृहत् चर्चा गरेका छन् । यस क्रममा वि.सं. १९६९ मा ओखलढुङ्गा जिल्लामा जन्मेका सिद्धिचरण श्रेष्ठले वि.सं. १९८४ को 'सन्ध्या' कविताबाट लेख्न सुरु गरे पनि १९९० को गोरखापत्र मा प्रकाशित 'भूँइचालो' कविता उनको सार्वजनिक कविता हो । त्यसपछिको लगभग ६ दशक लामो सार्वजनिक कवितायात्राका क्रममा अनेक नेपाली पत्रपत्रिका मार्फत श्रेष्ठका असङ्ख्य फुटकर कविता छापिएका छन् जसमध्ये उनलाई व्यापक रूपमा चिनाउने माध्यम चाहिँ शारदा पत्रिका हो भनी त्रिपाठीले उल्लेख गरेका छन् । वि.सं.१९९१-१९९७ सालका अवधिमा कवि श्रेष्ठका कविताहरू धेरै प्रकाशित भएका थिए । ती मध्ये केही कवितामा क्रान्तिचेत

कवितात्मक अभिव्यक्ति आएको भन्दै १९९७ सालमा जेल सजाय पाएका कवि श्रेष्ठका कविता प्रकाशनमा केही बाधा आएको र जेल मुक्त भएपछि उनका कविताहरू निरन्तर रूपमा प्रकाशित भएको त्रिपाठीले व्यक्त गरेका छन् । कवि श्रेष्ठ जेल मुक्त भएपछि लेखिएका कवितामा समाजका यथार्थ स्वरहरू र मानवीय वेदनाहरू अभिव्यक्त भएको त्रिपाठीले उल्लेख गरेका छन् । वि.सं. १९८४को 'सन्ध्या' कवितादेखि २०४२ सालमा प्रकाशित चौकी कवितासम्मका प्रकाशित विभिन्न कविताका आधारमा स्वच्छन्दतावाद सामाजिक यथार्थोन्मुख प्रगतिवाद, देशभक्तिको राष्ट्रियचेत, र क्रान्तिचेत निजात्मक भोगाइको कुण्ठा, नैराश्य  र व्यङ्ग्य विद्रोहचेत उनका कवितामा पाइने प्रमुख प्रवृत्तिहरू भएको त्रिपाठीले व्यक्त गरेका छन् । यसरी लगभग ६ दशक लामो समयवाधिलाई विभिन्न मोडहरूमा चर्चा गर्ने क्रममा कवि श्रेष्ठका कवितामा स्वच्छन्दतावादको प्रभाव घट्दो र बढ्दो मात्र हो भन्दै त्यसको निरन्तरता सबै मोडमा आएको त्रिपाठीले उल्लेख गरेका छन् । नेपाली स्वच्छन्दतावादी धाराका कवि सिद्धिचरण श्रेष्ठ नेपाली काव्य फाँटमा उनको योगदान उल्लेख्य रहेको त्रिपाठीले चर्चा गरेका छन् ।

**बासुदेव त्रिपाठी, 'नेपाली कविता भाग २', साझा प्रकाशन, २०४८**

बासुदेव त्रिपाठीले 'नेपाली कविता भाग २' नामक पुस्तक लेखेका छन् । यसमा लेखक त्रिपाठीले कवि श्रेष्ठको काव्यगत प्रवृत्तिलाई चर्चा गरेका छन् । कवि श्रेष्ठले सुरु-सुरुमा प्रकृतिका सुन्दर र सुकुमार पक्षलाई बढी मन पराउने प्रकृतिका कवि पछि प्रकृतिका रौद्र र भीषण पक्षलाई छुन पुगेको त्रिपाठीले टिप्पणी गरेका छन् । कवि श्रेष्ठ एकातर्फ प्रकृतिका कोमल क्रूर भावचित्रलाई एवम् मानवीय अन्तर मनका सुकुमार केस्रा-केस्रा भावरागलाई समात्दै र अर्कातर्फ समाज तथा युगका बेथिति र परिवर्तनका क्रान्ति कामनालाई बोली दिदै वि.सं.२००७ साल पछि शिष्ट संयमित र परिष्कृत सहज अनुभूतिका अमर कविताहरू लेखेको त्रिपाठीले व्यक्त गरेका छन् ।

**रमेश श्रेष्ठ, 'नेपाली कविताको प्रवृत्ति' साझा प्रकाशन, २०४९**

रमेश श्रेष्ठले नेपाली कविताको प्रवृत्ति नामक पुस्तक लेखेका छन् । यसमा लेखकले नेपाली साहित्यमा कवि सिद्धिचरण श्रेष्ठ रोमान्टिक कवि हुन् भनी उल्लेख गरेका छन् । वि.सं. १९९० अघि लेखिएका 'सन्ध्या', 'भ्रान्ति', 'सुखी जीवन', 'उन्माद' आदि कविताहरूका विषयमा नैतिक ध्यान गर्ने लेखनाथीय प्रवृत्ति टड्कारो रूपमा पाइन्छ  । वि.सं. १९९० पछि 'जुनेली रातमा' 'निर्झर साँझमा हिमालको दृश्य', 'ओखलढुङ्गा आदि कविता प्रकाशनसँगै नेपाली कविता क्षेत्रमा कवि श्रेष्ठ शक्तिमान भेल भएर उदाएको लेखक रेग्मीले चर्चा गरेका छन् । प्रकृतिप्रेमी कवि श्रेष्ठ आफ्ना कवितामा प्रकृतिलाई सरल र सहज भाषामा अभिव्यक्त गर्दछन् । त्यसैले उनलाई प्रकृति प्रथमतः एउटा सौन्दर्य र त्यसपछि शिक्षा हुन गएको लेखकले उल्लेख गरेका छन् । नेपाली स्वच्छन्दवादी धाराका प्रवर्तक महाकवि देवकोटाका सहप्रवर्तक मानिने कवि श्रेष्ठले आफ्नो

जन्मभूमिप्रति निकै भावुक भई लेखिएको कविता ओखलढुङ्गा प्रकाशित भएपछि उनलाई त्यस युगमा माथिल्लो दर्जाको कविको रूपमा प्रतिष्ठापित गराउन सफल भएको लेखकले व्यक्त गरेका छन् ।

**सिद्धिचरण श्रेष्ठ, 'मङ्गलमान' खण्डकाव्य प्रकाशक हिरण्यमान प्रधान र चन्द्रमान, २०४९**

युगकवि सिद्धिचरण श्रेष्ठको 'मङ्गलमान' खण्डकाव्य वि.सं.२०४९ मा प्रकाशित भएको हो । 'मङ्गलमान' खण्डकाव्यका प्रकाशकले नेपाली साहित्यमा पहिलो पटक क्रान्तिको शब्द प्रयोग गरी कविता लेख्ने कवि श्रेष्ठ मङ्गलमान खण्डकाव्यमा झन शासकप्रति क्रूर भएको अभिव्यक्त पाइन्छ भनी टिप्पणी गरेका छन् । नेपाली सामाजिक चेतनाको बुलन्द आवाज घन्केको मङ्गलमान खण्डकाव्यमा समाजको र परिवारको साँघुरो घेराबाट माथि उठ्नको लागि विशाल छाती लिएर उभिएको मङ्गलमान चरित्र नायक बनाएको प्रकाशकले चर्चा गरेका छन् । प्रस्तुत काव्य कवि श्रेष्ठको जीवनकालमै प्रकाशित गर्ने इच्छा भए पनि त्यो पूरा हुन नसकेको व्यक्त गर्दै यस काव्यमा राष्ट्रियचेत प्रभावहित भएको प्रकाशकले व्यक्त गरेका छन् ।

**कृष्णचन्द्रसिंह प्रधान, 'चेतनाको नयाँ स्रोतः मङ्गलमान खण्डकाव्य' २०४९ प्रकाशक हिरण्यमान प्रधान र चन्द्रमान प्रधान**

'चेतनाको नयाँ स्रोत : मङ्गलमान खण्डकाव्य' शीर्षकको लेख कृष्णचन्द्रसिंह प्रधानले लेखेका हुन् । यसमा लेखक प्रधानले खण्डकाव्यको सृजनामा कवि श्रेष्ठको आफ्नै उल्लेखनीय योगदान रहेको चर्चा गरेका छन् । नेपाल भाषामा 'लुमुनी', 'तृष्णा' र 'उत्तराविलाप' खण्डकाव्य प्रकाशित भइसकेका र नेपालीमा प्रकाशित भएका मध्ये 'उर्वशी' र 'मङ्गलमान' काव्य अत्यन्त चर्चित भएको लेखकले टिप्पणी गरेका छन् । लेखक प्रधानले जनमुखी चेतना वा प्रगतिवादी प्रवृत्तिलाई उनका फुटकर कविताहरूमा यत्रतत्र पाइन्छ भन्दै अझ सहज शैलीमा व्यापक परिवेशभित्र मीठास शैलीमा राजनीतिक, सामाजिक र मानवीय अभिव्यक्ति मङ्गलमान खण्डकाव्यमा बेजोडका साथ प्रस्तुत भएको उल्लेख गरेका छन् । कवि श्रेष्ठले हाम्रै समाज घटेका घटनालाई टिपेर गरिबहरूको साथी मङ्गलमान चरित्र नायक बनाई प्रस्तुत गरेको मङ्गलमान खण्डकाव्यमा सामाजिक, क्रान्ति वा सङ्घर्षलाई प्रेरित गर्ने स्वच्छदवादी विद्रोह र राजनीतिक चेतनाका भावनाहरू अभिव्यक्त भएको लेखकले टिप्पणी गरेका छन् । सामाजिक परिवर्तन न्यायपूर्ण समाज स्थापना गर्ने आग्रहमा निर्माण भएको यस काव्य २१ परिच्छेद सम्म फैलिएको लेखक प्रधानले उल्लेख गरेका छन् ।

**गोविन्दराज भट्टराई, 'काव्यिक आन्दोलनको परिचय' ने.रा.प्र.प्र. २०४९**

गोविन्दराज भट्टराईद्वारा 'काव्यिक आन्दोलनको परिचय' नामक पुस्तक लेखेका छन् । यसमा लेखक भट्टराईले वि.सं.१९९७ साल देखि २००७ साल सम्मको अवधि पार गर्ने साहित्यिक

महारथीहरू आधुनिक नेपाली साहित्यका आधारशिला हुन भनी टिप्पणी गरेका छन् । १९९७ सालदेखि सुरु भएको राजनैतिक आन्दोलन सानो कष्टकर थिएन । शहीदहरू फँसीमा झुण्डिदै थिए र लेखकहरू थुनिदै थिए यस्तो समयमा पनि कविहरू सहदै र पेलिदै रचनाहरू गरिरहे स्वतन्त्रताको गीत गाए, कति जेलनेल भए कति निर्वासित भए यसमा कवि सिद्धिचरण श्रेष्ठ पनि सर्वस्वहरण सहित जेल परेको लेखक भट्टराईले व्यक्त गरेका छन् ।

**गोविन्दराज भट्टराई, 'काव्यिक आन्दोलनको परिचय' ने.रा.प्र.प्र., २०४९**

गोविन्दराज भट्टराईले 'काव्यिक आन्दोलनको परिचय' नामक पुस्तक लेखेका छन् । यसमा लेखक भट्टराईले सिद्धिदास अमात्यसँगै नेवारी कविता लेख्न थालेका कवि श्रेष्ठ राणाकालीन अत्याचार र दमनको विरुद्धमा आगोका फिलिङ्गा जस्ता कविता रच्ने कविमा अग्रपंक्तिमा रहेका टिप्पणी गरेका छन् । अनेक दुःख कष्ट र यातना खप्नुपरे पनि कवि श्रेष्ठको मनोबल दृढ भएकाले कुनै प्रहारले पनि उनी दबेनन् । यसर्थ 'राष्ट्रियगान', 'सुकेको खोला' र 'वर्षा' जस्ता नेवारी भाषामा प्रकाशित कविताले झन् क्रान्तिको ज्वाला दन्काउन उनी सफल भएको लेखक भट्टराईले उल्लेख गरेका छन् ।

**उत्तम कुँवर, 'स्रष्टा र साहित्य' साझा प्रकाशन, २०५०**

'स्रष्टा र साहित्य' नामक पुस्तक उत्तम कुँवरले लेखेका हुन् । यसमा लेखक कुँवरले सिद्धिचरण श्रेष्ठको व्यक्तित्व माथि प्रकाश पारेका छन् । पूर्व ३ नं. ओखलढुङ्गा जिल्लामा जेष्ठ शुक्ल पञ्चमीका दिन जन्मेका सिद्धिचरण श्रेष्ठ सात वर्षको उमेरमा काठमाडौं आई साधारण स्कूले शिक्षामा आठ कक्षासम्म मात्र औपचारिक शिक्षा पूरा गरेको लेखकले व्यक्त गरेका छन् । दुब्लो अग्लो, पातलो शरीर ज्यादै सहन सक्ने बानी र सोझो बोली भएका कवि श्रेष्ठ नेपाली साहित्य क्षेत्रमा जति सक्रिय रहेका थिए त्यति नै विभिन्न पत्रपत्रिकामा पनि सक्रिय रही काम गरेको लेखकले उल्लेख गरेका छन. । वि.सं.१९९० सालमा भूकम्पपीडितोद्वारमा जागिरे र 'शारदा'को प्रकाशनपछि  सम्पादन विभागमा काम गर्नुका साथै पहिलो खबर पत्रिका 'आवाज'का प्रधान सम्पादक भएको कवि श्रेष्ठ वि.सं.१९९७ मा क्रान्तिकारी कविता लेखेको अपराधमा १२ वर्ष कैद परेको लेखक कुँवरले व्यक्त गरेका छन् । नेपालका नौला पाइलाहरू ग्रैह नेपाली शान्ति समिति, नेपाल लेखक संघ, शहीद स्मारक समिति, जनकला केन्द्र आदिका संस्थापक सभापति भएको कवि श्रेष्ठ विदेशमा समेत नेपाली प्रतिनिधि मण्डलको सफल नेतृत्व गरेका कवि श्रेष्ठसँग पुरानो भन्सारको पुरानै घरमा बस्ने मौका पाउँदा उनको व्यक्तित्वलाई नजिकबाट  नियाल्ने अवसर पाएको  कुँवरले प्रस्तुत गरेका छन् ।

**रघु घिमिरे, 'सृजना र दृष्टि' साझा प्रकाशन, २०५१**

रघु घिमिरेले 'सृजना र दृष्टि' नामक पुस्तक लेखेका छन् । यसमा लेखक घिमिरेले शारदाका संस्थापक सम्पादक ऋद्धि बहादुर मल्लको घनिष्ठ मित्र कवि श्रेष्ठले शारदाका स्थापना

काल देखि सम्पादनमा सहयोग गरेको चर्चा गरेका छन् । ऋद्धिबहादुर मल्ल प्रधान सम्पादक र कवि श्रेष्ठ सहसम्पादकको रूपमा कार्यरत कविको 'शारदा'मा पहिलो प्रकाशित कविता 'जुनेली रातमा निर्झर' (सं.१९९१ फागुण) लगायत 'विश्वव्याथा', 'गोमा', 'मेरो प्रतिविम्व', 'ओखलढुङ्गा' आदि साठीवटा कविता प्रकाशित भएको लेखकले उल्लेख गरेका छन् । सं.१९९१ देखि २०१३ साल सम्म निरन्तर रूपमा 'शारदा' (सं.१९९१) को उपलब्ध १८० अङ्कहरूमा चार सय भन्दा धेरै कविहरूको बाह्र सय भन्दा बढी शीर्षकमा कविता प्रकाशित भएकोमा कवि श्रेष्ठले मात्र साठीवटा कविता प्रकाशित गरी पहिलो ठाउँ ओगट्न सफल भएको लेखक घिमिरेले उल्लेख गरेका छन् । शारदा वर्ष १/अंक १/१९९१ फागुणमा 'जुनेली रातमा निर्झर' शीर्षक कविता प्रकाशित भएपछि वर्ष २५ अङ्क १, २०१७ कार्तिकमा 'सेवा' 'घट्ट' शीर्षकको कविता प्रकाशित भएपछि उनका कविता शारदामा प्रकाशन हुन छाडेको लेखकले व्यक्त गरेका छन् । यसरी 'शारदा' पत्रिकाको माध्यमबाट सुप्रशिद्ध भएका कवि सम्पादकको रूपमा सिद्धिचरणको नाउँ, ऋद्धिबहादुर मल्ल, गोविन्द बहादुर मल्ल 'गोठाले', गोपालप्रसाद रिमालको जस्तै गरी नछापिएको हुनाले उनको सम्पादकीय टिप्पणी 'शारदा'मा कस्तो किसिमको रहयो भनी बुझ्न निकै कठिन भएको लेखक घिमिरेले व्यक्त गरेका छन् ।

**घटराज भट्टराई , 'प्रतिभै प्रतिभा र नेपाली साहित्य' एकता बुक्स डिस्ट्रिब्युटर्स, २०५१**

'प्रतिभै प्रतिभा र नेपाली साहित्य' नामक पुस्तक घटराज भट्टराईले लेखेका हुन् । यसमा लेखकले सिद्धिचरण श्रेष्ठको कवि व्यक्तित्वको बारेमा प्रकाश पारेका छन् । आफ्नै मातापिताका प्रेरणा र साहित्यिक गुरु ऋद्धिबहादुर मल्लसँगको सम्पर्कबाट कविता लेखनप्रति प्रेरित हुन पुगेका कवि श्रेष्ठ सं.१९९० सालको 'भुँइचालो' शीर्षकको कविता गोरखापत्रमा प्रकाशित भएपछि उनको कविता प्रकाशनक्रम प्रारम्भ भएको र 'शारदा' 'नेवुला' 'उद्योग' आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित गराउँदै नेपाली काव्य विधामा सिद्धहस्त प्राप्त गर्न सकेको लेखक भट्टराईले बताएका छन् ।

**यादवप्रकाश लामिछाने, 'नेपाली कविता काव्य र साहित्य तत्व' विद्यार्थी पुस्तक भण्डार, २०५३**

यादवप्रकाश लामिछानेले 'नेपाली कविता काव्य र साहित्य तत्व' नामक पुस्तक लेखेका छन् । यसमा लेखक लामिछानेले कवि श्रेष्ठको परिचय र 'वखलढुङ्गा' कविताको चर्चा गरेका छन् । स्वच्छन्दवादी काव्य धाराका सहप्रवर्तक कवि श्रेष्ठको सिर्जनात्मक प्रतिभा शारदाकालीन समय देखि नै देखिन थालेको र तत्कालीन शासकहरूको विरोधमा क्रान्तिकारी कविता लेख्नाले जेल समेत परेका कविको काव्यमा राष्ट्र, राष्ट्रियता, सामाजिक व्यङ्ग्य र क्रान्तिचेत प्रवल रूपमा पाइने लेखकले उल्लेख गरेका छन् । ओखलढुङ्गा जिल्लामा जन्मेका कवि श्रेष्ठ काठमाडौं फर्किएपछि बाल्यकालको स्मरण गर्दै त्यहाँको सुन्दर प्रांकृत्तिक दृश्यको चित्र उतारी ओखलढुङ्गालाई

अविस्मरणीय स्थल र काठमाडौंलाई मरुस्थलको रूपमा तुलना गरी जन्मभूमिप्रति अगाध स्नेह पोखेको ओखलढुङ्गा कविता हो भनी लेखक लामिछानेले व्यक्त गरेका छन् ।

**महानन्द पौड्याल, 'विचरण आफ्नै क्षितिजभित्र' इन्द्रकिल प्रकाशन सिक्किम, १९९७ अप्रिल**

'विचरण आफ्नै क्षितिजभित्र' नामक पुस्तक महानन्द पौड्यालद्वारा लेखिएको हो । यसमा लेखक पौड्यालले कवि श्रेष्ठ नेपाली साहित्यका एक प्रतिष्ठित कवि हुन् भनी चर्चा गरेका छन् । प्रकृत्तिलाई गुरु बनाई कविताको क्षेत्रमा उदाएका कवि श्रेष्ठले अनेक प्रकृति प्रेमी कविताद्वारा नेपाली साहित्य संसारलाई आलोकित पार्दै 'वखलढुङ्गा' कविता रचना गरेको टिप्पणी गरेका छन् । प्रकृति प्रेमको आडमा आफू जन्मेको जन्मथलो प्रतिको प्रेमलाई महत्व दिई राणाशासनकालमा अन्याय र अत्याचारको मारले थिचिएर मूक बनेका नेपाली जनतामा कवि श्रेष्ठले जन्मभूमिप्रति देखाएको अभिव्यक्ति अत्यन्त सान्दर्भिक रहेको लेखकले चर्चा गरेका छन् । राणाशासनकालमा देश र जातिप्रति आफ्नो ममताको राग उराल्नु अक्षम्य अपराध सावित हुन्थ्यो त्यस समयमा पनि कविले आफ्नो जीवन भन्दा राष्ट्र र जातिलाई महान् सम्झी देशलाई शासकहरूको हातबाट स्वतन्त्र गराउन सम्भावित सङ्कटको वास्ता नगरी कलम चलाएकाले केही समय उनी जेल समेत परेको लेखक पौड्यालले उल्लेख गरेका छन् ।

**डा. गार्गी शर्मा, 'केही समीक्षात्मक अभिव्यक्ति' नेपाली साहित्य मन्दिर, २०५३**

डा. गार्गी शर्माले 'केही समीक्षात्मक अभिव्यक्ति' नामक पुस्तक लेखेकी छन् । यसमा शर्माले कविवर श्रेष्ठका कतिपय अप्रकाशित कृत्तिहरू मध्ये 'युद्ध र शान्ति' खण्डकाव्य पनि एक हो जसमा युद्ध होइन शान्ति चाहिन्छ भनी प्रस्तुत भएको काव्य अशान्तिको विरुद्ध घोर सङ्घर्ष गर्नु पछि हट्न हुदैन भन्ने अभिव्यक्ति आएको टिप्पणी गरेकी छन् । स्वच्छन्दतावादी कविहरूको प्रधानपीठ प्रकृति हो र यसैले कविवर श्रेष्ठ पनि आफ्नो काव्य साधनामा प्रकृतिलाई प्रशस्त स्थान दिदै मानवताको पोषक कवि सधैं विनास र पतन, झगडा र अशान्ति विरुद्ध सङ्घर्ष गर्न अग्रसर हुन्छन् भनी शर्माले आफ्नो धारणा राखेकी छन् । लेखिका शर्माको विचारमा कवि श्रेष्ठ शान्तिको अग्रदूत हुन्, युद्ध र विध्वंशका घोर बिरोधी हुन् तर शान्तिका लागि क्रान्तिको ध्वजा फहराएर क्रान्तिको भूमिका उत्रिन नेपाली काव्यद्वारा शंखघोष गर्ने प्रथम कवि सिद्धिचरण श्रेष्ठ नै हुन भनी शर्माले प्रस्तुत गरेकी छन् ।

**महेश्वर न्यौपाने, 'साधारण नेपाली' विद्यार्थी पुस्तक भण्डार, २०५३**

'साधारण नेपाली' नामक पुस्तक महेश्वर न्यौपानेले लेखेका हुन् । यसमा लेखक न्यौपानेले कवि श्रेष्ठको परिचय दिदै 'विश्वव्याथा' कविताको चर्चा गरेका छन् । 'भुँइचालो' कविताबाट नेपाली साहित्यमा देखापरेका कवि श्रेष्ठ सामाजिक यथार्थ र क्रान्तिचेतनाका साथै निम्नवर्गीय आर्थिक समस्यासित सम्बन्धित कविता पनि उनले रचना गरी प्रकाशित भएको लेखक न्यौपानेले

बताएका छन् । कवि श्रेष्ठको आफ्नै सुपुत्रको निधनप्रति संवेदनशील भएर लेखिएको 'विश्वव्याथा' कविताले निजी अनुभवलाई विश्वजनीन रूप दिन सफल भएको लेखक न्यौपानेले उल्लेख गरेका छन् ।

**जयदेव भट्टराई, व्यक्तित्व र शब्दचित्र साझा प्रकाशन, २०५३**

जयदेव भट्टराईद्वारा लेखिएको वरिष्ठ-कनिष्ठ र घनिष्ठ शीर्षकको लेख व्यक्तित्व र शब्दचित्र नामक पुस्तकमा प्रकाशित छ । यसमा लेखकले सिद्धिचरण श्रेष्ठको कवि व्यक्तित्वको चर्चा गरेका छन् । नेपाली साहित्य क्षेत्रमा कविता विधामा मात्र सक्रिय रहेका कवि श्रेष्ठ आफू जति लेख्छन् । त्यो भन्दा अरुलाई लेख्नका लागि सधै प्रोत्साहन र प्रेरणा गरिरहने स्वभाव भएको कुरा लेखकले व्यक्त गरेका छन् । आफू कम बोल्ने तर अरुका कुरा बढी सुन्न मन पराउने कवि श्रेष्ठ नेपाली भाषा साहित्यको यति गरे उति गरे भनेर कहिल्यै पनि आफ्नो लागि घमण्ड गरेनन् र महान पनि सम्झेनन् । सधैं आफ्नो कर्ममा तल्लीन रहिरहनु पर्दछ भन्ने धारणा राख्ने कवि केही नभए चुपचाप बसिरहन सक्ने स्वभावका थिए भनी लेखकले उल्लेख गरेका छन् । नम्रता , भद्रता र शिष्टता जस्ता गुणले सम्पन्न कवि श्रेष्ठ नेपाली साहित्य क्षेत्रमा कविता विधालाई ठूलो गुण लगाएको टिप्पणी गर्दै कविसँगको सम्पर्कले नेपाली साहित्य र साहित्यकारबारे केही बुझ्ने अवसर पाएको कुरालाई लेखकले व्यक्त गरेका छन् ।

**मञ्जुल, 'सिद्धिचरणहरू' युगकवि सिद्धिचरण प्रतिष्ठान, २०५५**

मञ्जुलद्वारा लेखिएको 'सिद्धिचरणहरू' पुस्तकमा जगदीश शमशेरले भूमिका लेखेका छन् । यसमा शमशेरले 'सिद्धिचरणहरू' कवितामाला क्रान्तिकारी सिद्धिचरणकै बारेमा केन्द्रित भएको टिप्पणी गरेका छन् । आधुनिक नेपाली कविहरूमा लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा आकाशका तीन तारा भए जस्तै, सिद्धिचरण श्रेष्ठ वृहस्पति हुन् उनलाई कुनै कोष्ठभित्र राख्न हुँदैन भनी उल्लेख गरेका छन् । कवि सिद्धिचरण कै भाव भावना संवेदना, कल्पना, अनुभूति, सुख, दुःख, उमङ्ग थकान नै प्रमुख रूपमा आएको यो सिङ्गो कविता सङ्ग्रहले एउटै व्यक्ति र व्यक्तित्वलाई प्रस्तुत गरेको छ भनी लेखकले बताएका छन् ।

**कृष्णप्रसाद पराजुली, 'देउराली' साहित्य सङ्गम, वाराणसी, २०५७**

'देउराली' नामक पुस्तक कृष्णप्रसाद पराजुलीले लेखेका हुन् । यसमा लेखक पराजुलीले नेपाली बालकवितामा सिद्धिचरणको योगदानको चर्चा गरेका छन् । नेपाली काव्य फाँटमा लगभग ६ दशकसम्म साहित्यको सृजना र साधनामा जीवन अर्पित गरेर कविताका विभिन्न विधा तथा लेख, निबन्ध लेखेर नेपाली साहित्यलाई उर्बर बनाउनुका साथै नेपाली बालसाहित्यको क्षेत्रमा पनि उत्तिकै चर्चित भएको पराजुलीले टिप्पणी गरेका छन् । बालकविता सङ्ग्रहको रूपमा आएको उनको पहिलो पुस्तक 'तिरमिर तारा' (२०४६) कवितासङ्ग्रह जसमा १९ वटा बालकविता

सङ्कलित भएको लेखकले व्यक्त गरेका छन् । पराजुलीको विचारमा कविलाई एकातिर बालसंसारको ज्ञान छ भने अर्कोतिर बालकको मनोविज्ञानलाई बुझेका छन् त्यसैले यी कविता बालबालिकाका निम्ति उपयुक्त भएको लेखकले व्यक्त गरेका छन् । कवि श्रेष्ठका प्राय बालकवितामा प्रकृति प्रेम, मानवीय भावना, जीवनको यथार्थता, युगानुकूल चेत, राष्ट्रियता आदि भाव सरल रुपमा आएको पाइन्छ । यसरी सरल रूपमा प्रस्तुत भएका उनका कवितालाई भाका हालेर गाउन सकिने कुरालाई लेखकले व्यक्त गरेका छन् ।

**भानुभक्त पोखेल, 'साहित्यिक अनुशीलन' साझा प्रकाशन, २०५७**

भानुभक्त पोखेलले 'साहित्यिक अनुशीलन' नामक पुस्तक लेखेका छन् । यसमा लेखक पोखेलले सिद्धिचरण श्रेष्ठको कवि व्यक्तित्वलाई चर्चा गरेका छन् । कवि सिद्धिचरण प्रारम्भमा नैतिक सन्देशहरू, अर्ती उपदेशहरू, आचारशास्त्रीय विचारहरू र व्यवहारोपयोगी सामाजिक शिक्षामा सीमित रही कविता रचना गरेका छन् भने 'मेरो प्रतिविम्वमा'मा आइपुग्दा रचनागत उच्चताको दृष्टिले कविको सिद्धावस्थाको झलक पाइन्छ भनी लेखक पोखेलले बताएका छन् । कवि श्रेष्ठलाई प्रकृतिवादी, प्रगतिवादी, विद्रोही क्रान्तिकारी, अनुभूतिशील एवम् देवकोटाको सहयात्री भावनाशील कवि आदि जे-जति भनिए पनि उनी कुनै एउटा निश्चित कवि होइनन् बरु ती सब विशेषण वा उपाधिका मिश्रित रूप भएको कवि हुन् भनी लेखक पोखेलले प्रस्तुत गरेका छन् ।

**प्रमोद प्रधान, 'नेपाली बालसाहित्यको इतिहास' बगर फाउण्डेसन, २०५७**

'नेपाली बालसाहित्यको इतिहास' नामक पुस्तक प्रमोद प्रधानले लेखेका हुन् । यसमा लेखक प्रधानले नेपाली साहित्यको स्वच्छन्दतावादी काव्य धाराका प्रमुख कवि श्रेष्ठ नेपाली बाल कविताको क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याउन सफल भएको चर्चा गरेका छन् । नेपालीको गौरव गाथा र वीरताको यसोगान गाउँने कवि श्रेष्ठको बालकविता सङ्ग्रह 'तिरमिर तारा' मा प्रकृति सम्बन्धी पशुपंक्षी र राष्ट्रप्रेम सम्बन्धी कविता प्रस्तुत भएको प्रधानले व्यक्त गरेका छन् । उनका बालकवितामा अन्य कवितामा जस्तै विद्रोहको झिल्का र युगको बोली स्पष्ट रूपमा प्रकट भएको प्रधानले उल्लेख गरेका छन् । 'तिरमिर तारा' मा सङ्ग्रहीत प्रकृति सम्बन्धी बालकविताहरू अन्य कविताको तुलनामा स्तरीय र बालरुचि अनुकूल भएको लेखकले उल्लेख गरेका छन् । आफ्ना कविताहरूमा युगको बोली र भाषालाई कवितात्मक अभिव्यक्ति दिएको हुनाले नै कवि श्रेष्ठलाई नेपाली जनमानसले युगकविको सम्मान प्रदान गरेको टिप्पणी गर्दै उनका बालकविता सरल भाषामा बालबालिकाले बुझ्ने खालको र मीठो अभिव्यक्तिसाथ प्रस्तुत भएको कुरा प्रधानले व्यक्त गरेका छन् ।

**पूर्णप्रकाश नेपाल 'यात्री', सिद्धिचरण एक र अनेक मेरो दृष्टिमा, सुगन्ध प्रकाशन, २०५८ ।**

नारायण गोदारेद्वारा लिखित 'सिद्धिचरण एक र अनेक' नव्यकाव्यमा पूर्णप्रकाश नेपाल 'यात्री' ले 'सिद्धिचरण एक र अनेक मेरो दृष्टिमा' मन्तव्य प्रस्तुत गरेका छन् । सिद्धिचरण श्रेष्ठलाई

एउटा निश्चित कालखण्डले युगकवि सिद्धिचरण बनाएको होइन कविको समय नै युगान्तकारी कालखण्ड भएको विशेष कारणले गर्दा उर्ध्वमुखी चेतना युगान्तकारी अभिव्यञ्जना तथा प्रगतिवादी स्वरको समुदाय संगै उदीयमान प्रतिभाको कदर स्वरूप 'युगकवि' उपाधि प्रदान गरेको लेखकले उल्लेख गरेका छन् । ६४ पुष्पफलकहरू मालामय बन्न गएको यस काव्यमा युगयुगान्तका लागि युगान्तकारी घटनाका प्रतिपुञ्ज मानिएका पात्र युगकवि श्रेष्ठको यात्रालाई विम्व एवम् कथावस्तु बनाएर निर्मित भएको लेखक 'यात्री' ले व्यक्त गरेका छन् ।

**प्रा. डा. उषा ठाकुर, 'स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि' रामभक्त ठाकुर, २०५८**

प्रा.डा.उषा ठाकुरले 'स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि' नामक पुस्तक लेखेका छन् । यसमा लेखिका ठाकुरले मानवीय चेतनाको प्रखर व्यक्तित्व कवि श्रेष्ठ युगप्रवर्तक कविको रूपमा चर्चा गरेकी छन् । नेपाली साहित्यका स्वच्छन्दवादी भावनाबाट आफ्नो काव्ययात्रा थालनी गरेका कवि श्रेष्ठले पछि नेपालीको पीडा र व्याथाले युगबोध गराएर कविलाई सामाजिक राजनीतिक चेतनातर्फ उन्मुख गराएको लेखिका ठाकुरले उल्लेख गरेकी छन् । नेपाली जनतालाई सही मार्ग दर्शन दिन सफल सच्चा मानववादी कविका सम्पूर्ण काव्यहरूको मूल स्वर नै युगचेतना र मानववाद भएको ठाकुरले आफ्नो विचार व्यक्त गरेकी छन् ।

**डा. गार्गी शर्मा, 'शारदा कवितामा विद्रोहात्मक स्वर' नेपाली साहित्य मन्दिर, २०५८**

'शारदा कवितामा विद्रोहात्मक स्वर' नामक पुस्तक डा. गार्गी शर्माले लेखेकी हुन् । यसमा शर्माले कवि श्रेष्ठका शारदामा प्रकाशित विद्रोहात्मक कविताहरूलाई चर्चा गरेकी छन् । 'वर्षा', 'हिमाल', 'परिचय', 'विश्वव्याथा', 'घर छोडदा' जस्ता कवितामा कवि श्रेष्ठले क्रान्तिको ज्वाला बालेर राष्ट्रव्यापी अन्धकारसँग लडी उक्त अन्धकार हटाउन घोर सङ्घर्ष गरेको शर्माले व्यक्त गरेकी छन् । कवि श्रेष्ठ आफ्नो बाटोमा प्रत्यक्ष चुनौतिलाई सामना गरी लक्ष्यसम्म पुग्न आँट गर्ने कवि हुन् जसले तत्कालीन समयमा भएको अन्धकार हटाउन घोर सङ्घर्ष गरेका थिए । यसरी सङ्घर्षमा आएका कवि श्रेष्ठलाई माथ गर्ने प्रतिभा नेपाली साहित्यमा अरु देखा नपरेको शर्माले आफ्नो विचार व्यक्त गरेकी छन् । 'शारदा' मा प्रकाशित कविता 'वर्षा' 'हिमाल उच्छबास' 'शिशिरको चिसो बतास' 'परिचय' 'कुनै असफल दिनको साँझ' 'विश्वव्याथा' 'घर छोड्दा' कवितालाई विद्रोहात्मक कविताको रूपमा शर्माले चर्चा गरेकी छन् । यसरी कविताको माध्यमबाट आफ्नो जीवनको कुनै प्रवाह नराखी तत्कालीन शासनको विद्रोहमा उत्रेका कवि क्रान्तिको विगुल फुक्न सफल भएका शर्माले बताएकी छन् ।

**डा. खगेन्द्रप्रसाद लुइटेल, 'कविता सिद्धान्त र नेपाली कविताको इतिहास' ने.रा.प्र.प्र., २०६० ।**

डा. खगेन्द्रप्रसाद लुइटेलले 'कविता सिद्धान्त र नेपाली कविताको इतिहास' नामक पुस्तक लेखेका छन् । यसमा लेखक लुइटेलले वि.सं.१९९० को गोरखापत्रमा प्रकाशित 'भुँइचालो' शीर्षक

कविताका माध्यमबाट आफ्नो काव्ययात्रा प्रारम्भ गरेका कवि श्रेष्ठ नेपाली कवितामा आधुनिकता भित्र्याउने मध्ये एक उल्लेखनीय कवि भएको उल्लेख गरेका छन् । आफ्ना कवितामा युगीन सामाजिक, आर्थिक र राजनैतिक बेथिति स्वेच्छाचार विषमता विकृति विसङ्गति प्रति विद्रोह र व्यङ्ग्य प्रदान गर्नुका साथै राष्ट्र र राष्ट्रियता प्रति अगाध आस्था व्यक्त गर्ने कवि सिद्धिचरण श्रेष्ठ मातृभूमिप्रति विशेष श्रद्धा व्यक्त गर्दछन् भनी लेखक लुइटेलले चर्चा गरेका छन् ।

**पूर्णप्रकाश नेपाल, 'यात्री' 'सिद्धिचरण सञ्चरण महाकाव्य', तन्नेरी प्रकाशन, २०६०**

पूर्णप्रकाश नेपाल 'यात्री'ले 'सिद्धिचरण सञ्चरण महाकाव्य' लेखेका छन् । यसमा प्रकाशकीयले महाकाव्य कविताको वृहत रूप हो जीवन र जगतको विविध पक्षलाई विशिष्ट शैली र लयमा अभिव्यक्त गरिएको हुन्छ जुन वैयक्तिक जीवनका अनेकौ सन्दर्भलाई खोतलेर कवि श्रेष्ठको महत्व स्थापित गर्ने प्रस्तुत 'सिद्धिचरण सञ्चरण' देशकै प्रतिभाको समर्पण र उत्सर्गको काव्यिक अभिलेख हुने छ भनी प्रस्तुत गरेका छन् । सङ्घर्षमय जीवन बाँचेर पनि देश र जनताका लागि लागी पर्ने उनी जस्ता प्रतिभाका विपुल भण्डार माथि कलम चलाउनु खुशीको विषय हो भन्दै तत्कालीन राणाशासनमा नेपाली जनताको स्वतन्त्रता र उन्मुक्तिका लागि लेखन र व्यवहार दुबै क्षेत्रबाट सक्रिय रहने कवि श्रेष्ठको योगदान विशिष्ट त छदैछ साथै आजका लागि अनुकरणीय र अद्वितीय रहेको प्रकाशकले चर्चा गरेका छन् ।

यसैगरी प्रस्तुत महाकाव्यमा कवि माधव घिमिरेले 'मेरो कविजी' शीर्षकमा आफ्नो मन्तव्य लेखेका छन् । यसमा लेखक घिमिरेले हाम्रो समयमा कवि सिद्धिचरणलाई मात्र कविजी भनेर बोलाउने गरेको प्रसङ्गलाई व्यक्त गरेका छन् । कवि श्रेष्ठले आफ्ना जवानीका दिनमा सौन्दर्यले झलमल्ल र भावनाले उज्जवल भएका अमर कविता लेखेका छन् भने बिस्तारै प्रगतिवादी र यथार्थवादी प्रवृत्तितिर बढदै गए पछि जीवनको अन्त्यतिर अध्यात्मवादी कविता पनि लेखेको कवि घिमिरेले प्रस्तुत गरेका छन् । यसरी आफ्नो सम्पूर्ण जीवनलाई कवितामा समर्पण गरेका कवि नेपाली कवितामा युगकवि भएको लेखक घिमिरेले टिप्पणी गरेका छन् ।

प्रस्तुत महाकाव्यमा सत्यमोहन जोशीले पनि 'दुई शब्द' शीर्षकमा लेख लेखेका छन् । यसमा लेखक जोशीले कविवर श्रेष्ठ नेपालमा राणाहरूको स्वेच्छाचारी हुकुमी शासनमा निडर भई समस्त शोषित र पीडित नागरिकहरूको मनमा गुम्सिएको क्रान्तिकारी अभिव्यक्तिहरू शंखनाद गर्नुभयो र आफ्नो युगको प्रतिनिधित्व गरी जनभावना र जनआकांक्षाहरूको क्रान्तिकारी पक्षको आत्मसात गर्नुभएकाले कवि 'युगकवि' बन्नुभएको उल्लेख गरेका छन् । कवि यात्रीले युगकवि सिद्धिचरणलाई धीरोदात्त पात्रका रूपमा वरण गरी १८ सर्गमा छन्दोबद्ध यो काव्य ग्रन्थ सिर्जना गरेर नेपाली काव्य भण्डारमा एउटा ज्योतिमय रत्न थपिदिएको धारणा सत्यमोहन जोशीले व्यक्त गरेका छन् ।

यसरी लेखक 'यात्री' ले वि.सं.२०४९ सालमा कवि सिद्धिचरण श्रेष्ठको अवसानपछि प्रस्तुत महाकाव्यको शब्दरचना थालिएको उल्लेख गर्दै सिद्धिचरण सञ्चरण स्वभावतः व्यक्तिविम्वमा परे पनि कथावस्तुको तरलता र सघनता कालखण्डको व्यापकताका गर्दाले अतिरिक्त समाजिकताको प्रावल्य रहेको टिप्पणी गरेका छन् । प्रस्तुत महाकाव्यको व्यक्तिविम्व भने व्यक्तित्व कै परिवेशमा प्रतिविम्वित रहनाले यसको कालखण्ड सार्वभौम नभएर खण्डित कालखण्ड वि.सं.१९६९- वि.सं.२०४९ पश्चात आठ दशक रहेको चर्चा गरेका छन् । निर्धारित कालखण्ड सघन गतिशील तथा जीवन्ततामूलक रहेको टिप्पणी गर्दै कविको योगदानको कदर गरी प्रस्तुत महाकाव्य निर्मित हुन गएको लेखक 'यात्री'ले उल्लेख गरेका छन् ।

**दक्षराज शर्मा, 'जीवनीको आलोकमा केही स्रष्टा समीक्षण' प्रकाशक श्रीमती शकुन्तला भट्टराई, २०६१**

दक्षराज शर्माले 'युगकवि सिद्धिचरणको काव्यिक यात्रा' र 'तिम्रो बासित पैसा छैन' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक शर्माले कवि श्रेष्ठको काव्य यात्रा र तिम्रो बासित पैसा छैन शीर्षकको कवितालाई चर्चा गरेका छन् । वि.सं.२००९ सालतिर लेखिएको 'तिम्रो बासित पैसा छैन' कविताको अभिधामूलक सोभ्रो अर्थले नैराश्यको सङ्केत गरे भ्रै लाग्दछ तर प्रस्तुत कवितामा कवि श्रेष्ठले व्यङ्ग्यात्मक रूपमा सबैलाई आशावादको सहारा लिएर अघि बढ्न परोक्ष रूपले प्रेरित गरेको कुरा लेखक शर्माले प्रस्तुत गरेका छन् । कवि श्रेष्ठ कुनै पेशामा प्रत्यक्ष संलग्न नभए पनि राणाकालीन परिवेशभित्र युवा जोश र जाँगरको सितै १९९० सालको विनाशकारी भूकम्पलाई विषय बनाएर 'भुँइचालो' शीर्षकको कविता गोरखापत्रमा प्रकाशित भएपछि उनको कविता यात्रा प्रारम्भ भएको लेखक शर्माले प्रस्तुत गरेका छन् । प्रथमतः प्रकृतिप्रेममा थालिएको उनका कवित्व स्वच्छन्दवादी धारमा प्रखर बन्दै त्यो कलम क्रमशः यथार्थवादी धरातलतर्फ बढेको र राष्ट्रियता माथि चिन्तित बन्दै विद्रोहको स्वर उराल्न थाल्ने  कवि राणा शासन विरोधी नवक्रान्तिमा सामेल भएको कारण कठोर कारावास भोग्नुपरेको शर्माले उल्लेख गरेका छन् ।

**कृष्णप्रसाद पराजुली, 'अर्को देउरालीबाट' साहित्य सङ्गम वाराणसी, २०६४**

कृष्णप्रसाद पराजुलीद्वारा लेखिएको 'सिद्धिचरण र सिद्धिसुधा' शीर्षकको लेख अर्को देउरालीबाट नामक पुस्तकमा प्रकाशित छ । यसमा लेखक पराजुलीले कवि श्रेष्ठको व्यक्तित्व र कृतित्वलाई कल्पनाको इन्द्रेनीमा रङ्गाउदै कवि मोहन सिटौलाले बाऱ्ह विश्रामको 'सिद्धिसुधा' काव्य लेखेको चर्चा गरेका छन् । कवि श्रेष्ठको भावनामा खेलेका प्रकृतिप्रेम र मानवीय प्रेमका भ्रुल्का, जातपात, थिचोमिचो, शोषण, अन्याय र अत्याचार उपरको विद्रोहका साथ राष्ट्रप्रेम, राष्ट्रियता, देशभक्ति, मानवीय संवेदना र जनआवाजका स्वरहरूलाई छोएर उनका भावाभिव्यक्ति समेटिएको उल्लेख गरेका छन् । भेदभावहिन सामाजिक संरचना पुरुष र महिला, ठूलो र सानो जात, धनी र

गरिबको संरचनाले समाज विखण्डित हुन्छ भन्ने कवि श्रेष्ठ आफ्ना सृजनाद्वारा समाजमा व्याप्त अन्याय, अत्याचार, थिचोमिचो, शोषण र बेथितिको विद्रोह गर्दछन् भनी लेखक पराजुलीले व्यक्त गरेका छन् ।

## निष्कर्ष

सिद्धिचरण श्रेष्ठका बारेमा अध्ययन गर्ने विद्वानहरूले उनको व्यक्तित्व र कृतित्वमा केन्द्रित रहेर विभिन्न पुस्तकाकार कृतिहरू तयार पारेका छन् । ती मध्ये केही कवि श्रेष्ठकै विषयमा केन्द्रित छन् भने कतिपय कृतिहरू साहित्यका अन्य विधासँग सम्बद्ध छन् र ती पुस्तकहरूमा 'नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा' (२०४८) र 'सिद्धिचरणका खण्डकाव्यको अध्ययन' (२०५१) प्रकाशित भएको पाइन्छ । 'नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा' नामक ग्रन्थमा समालोचक गणेशबहादुर प्रसाईले युगकवि सिद्धिचरण श्रेष्ठलाई नेपाली काव्य फाँटमा स्वच्छन्दतावादी काव्यधाराका एक उल्लेखनीय कविको रूपमा चर्चा गरेका छन् । कवि श्रेष्ठको सामान्य परिचयबाट सुरुवात गरेर उनका विभिन्न समयमा प्रकाशित कविताहरूको चर्चा गर्दै विभिन्न समालोचकहरूले गरेका मूल्याङ्कनलाई पनि लेखक प्रसाईले प्रस्तुत गरेका छन् । यसै गरी 'सिद्धिचरणका खण्डकाव्यको अध्ययन' नामक ग्रन्थमा गार्गी शर्माले कवि श्रेष्ठका प्रकाशित 'उर्वशी', 'आँशु', 'मङ्गलमान', 'शवरी', 'ज्यानमारा शैल', र 'बाँचिरहेको आवाज' समेत जम्मा ६ वटा खण्डकाव्यको विश्लेषण गरी उनको काव्यशिल्पको बारेमा चर्चा गरेकी छन् । कवि श्रेष्ठका प्रकाशित कविता संग्रह मध्ये 'मेरो प्रतिविम्व' कविता संग्रहमा विजय मल्लले र 'सिद्धिचरणका प्रतिनिधि कविता'मा डा. वासुदेव त्रिपाठीले भूमिका लेखेका छन् । विजय मल्लले मैले चिनेको 'काजीदाई' भनी परिचय दिएर 'मेरो प्रतिविम्व' कविता सङ्ग्रहको सामान्य चर्चा गरेका । उक्त कविता सङ्ग्रहका कविताहरू वास्तवमा यथार्थ जगत्‌को प्रतिछाप हुन् जो कवि हृदयमा अङ्कित भई प्रस्फुरित भएको कुरालाई मल्लले चर्चा गरेका छन् । डा. वासुदेव त्रिपाठीले 'सिद्धिचरणका प्रतिनिधि कविता' नामक कृतिको भूमिका लेखेका छन् र लगभग ४९ पृष्ठमा विस्तारित उक्त भूमिकामा कवि परिचय देखि उनका कवि व्यक्तित्वका विभिन्न मोड वा चरणहरूको चर्चा गर्दै नेपाली स्वच्छन्दतावादी काव्य धाराका एक प्रतिष्ठित कविको रूपमा विवेचना गरेका छन् । उनका फुटकर कवित्वका बारेमा गरिएको यो अध्ययन सबैभन्दा विस्तृत र विवेचनात्मक पनि छ । यसैगरी कतिपय समालोचनात्मक एवम् उनकै कृतिमा संलग्न सम्पादकीय भूमिकाहरूमा पनि कवि श्रेष्ठका सम्बन्धमा विवेचना गरिएको पाइन्छ भने विभिन्न संघसंस्था प्रकाशकले पनि उनका विभिन्न कृतिमा भूमिका लेखी उनको व्यक्तित्व कृतित्व र योगदानका बारेमा चर्चा गरेका छन् । यस क्रममा विभिन्न लेखकहरूले कवि श्रेष्ठका योगदानलाई सम्झदै उनैलाई विषय बनाई विभिन्न कविताकृति पनि प्रकाशित गरेको पाइन्छ । कवि श्रेष्ठका

कृतित्वको अध्ययन गर्ने क्रममा उनका प्रकाशित बाल कविता बारे पनि अध्ययन गरेको पाइन्छ । कवि श्रेष्ठले बाल बालिकाको लागि अत्यन्त उपयुक्त विषय छनोट गरी बालकविता पनि लेखेको चर्चा ती अध्ययनहरूमा पाइन्छ । यस्ता अध्ययनहरूले उनका बाल कवितामा राष्ट्रभावना र देशप्रेमको भावना जगाउने खालका अभिव्यक्ति दिएका छन् भनी समालोचकहरूले टिप्पणी गरेका छन् । यसरी कवि श्रेष्ठको अध्ययनसँग सम्बन्धित पुस्तकमा मात्र होइन साहित्यका अन्य विधासँग सम्बन्धित कृतिमा पनि श्रेष्ठलाई स्वच्छन्दतावादी प्रगतिवादी धाराका एक उल्लेखनीय कवि एवम् क्रान्तिकारी, मानवतावादी, बालकवि तथा नेपाल भाषाका कवि भनी उनका कृतित्व र योगदानको चर्चा गरेको पाइन्छ ।

# पाँचौँ–परिच्छेद

## सिद्धिचरण श्रेष्ठसम्बन्धी विशेषाङ्कमा भएका अध्ययनहरूको सर्वेक्षण

युगकवि सिद्धिचरण श्रेष्ठ सम्बन्धी विभिन्न अध्ययन हुने क्रममा विभिन्न संघ संस्था तथा पत्रपत्रिकाहरूले युगकवि श्रेष्ठमै केन्द्रित रहेर समय-समयमा विशेषाङ्कहरू प्रकाशित गरेका छन् । यस परिच्छेदमा 'कवि सिद्धिचरण स्मृति विशेषाङ्क' (२०५०) नेपाली साहित्य बाटिका : सिद्धिचरण नारी अङ्क (२०५२) र युगकवि सिद्धिचरण विशेषाङ्क (घुयेत्रो द्वैमासिक, २०५६/५७) जस्ता विशेषाङ्कमा प्रकाशित लेखहरूबारे विवरणात्मक टिप्पणी गरिएको छ । उक्त विशेषाङ्कमा विभिन्न लेखकहरूले युगकवि श्रेष्ठका विभिन्न पक्षमा केन्द्रित भएर विभिन्न अध्ययन गरेका छन् । ती विशेषाङ्कमा प्रकाशित विभिन्न लेखहरूको टिप्पणी निम्नानुसार क्रमशः प्रस्तुत गरिएको छ ।

### ५.१ 'कवि सिद्धिचरण स्मृति विशेषाङ्क' संचय (२०५०) मा प्रकाशित समीक्षात्मक लेखहरूको अध्ययन

**पुरुषोत्तम बस्नेत, 'मैले चिनेको काजीदाइ' कवि सिद्धिचरण स्मृति विशेषाङ्क, संचय (२०५०)**

पुरुषोत्तम बस्नेतद्वारा लेखिएको 'मैले चिनेको काजीदाइ' शीर्षकको लेख कवि सिद्धिचरण स्मृति विशेषाङ्कमा प्रकाशित छ । यसमा लेखक बस्नेतले सिद्धिचरण श्रेष्ठलाई क्रान्तिकारी कविको रूपमा चर्चा गरेका छन् । एकतन्त्रीय शासनको थिचोमिचो र नेपाली जनताले जनता होइन रैतीको रूपमा सधैं दबिएर रहन परेको परिवेशमा कवि श्रेष्ठले प्राय आफ्ना कवितामा शासकहरू प्रति तीक्ष्ण व्यङ्ग्य र विद्रोह गर्दै क्रान्तिको ज्वाला बाल्न सफल काजीदाइ एक क्रान्तिकारी युगकविको रूपमा चर्चित भएको लेखक बस्नेतले उल्लेख गरेका छन् ।

**प्रा. इन्द्रमाली, 'कविरत्न सिद्धिचरणका प्रारम्भिक कालका नेपाल भाषाका कविता', कवि सिद्धिचरण विशेषाङ्क (पूर्ववत)**

'कविरत्न सिद्धिचरणका प्रारम्भिक कालका नेपाल भाषाका कविता' शीर्षक लेख प्रा. इन्द्र मालीले लेखेका हुन् । यसमा लेखक मालीले कवि श्रेष्ठका प्रारम्भिक कालका नेपाल भाषाका कवितालाई चर्चा गरेका छन् । यसरी कवि श्रेष्ठले नेपाल भाषामा रचना गरेको पहिलो कविता तकुस्वाँ (वि.सं.१९८७) हो भने उनका सार्वजनिक रूपमा आएको कविता 'राष्ट्रिय गान', 'वर्षा' र 'गंगुखुशी' भएको उल्लेख गरेका छन् । कवि श्रेष्ठले नेपाल भाषाका कवितामा मातृभूमिप्रति असीम प्रेम र श्रद्धा मात्र होइन राष्ट्रियताको समेत स्वर उराल्नुको साथै अन्यायको विरोधमा स्वरमुखरित गर्न नसकेको त्यस समयमा क्रान्तिको आव्हान गरेर साहसिक र ऐतिहासिक कार्य सम्पन्न गरेको लेखक मालीले व्यक्त गरेका छन् ।

**कालीप्रसाद रिजाल, 'काव्यजगत्का सिद्ध, प्रतिभा : सिद्धिचरण' कवि सिद्धिचरण विशेषाङ्क** (पूर्ववत्)

कालीप्रसाद रिजालले 'काव्यजगत्का सिद्धि प्रतिभा : सिद्धिचरण' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक रिजालले सरल भाषाको प्रयोग, कमभन्दा कम संस्कृत शब्द प्रयोग गरेर उत्कृष्ट काव्य रचना गर्ने क्षमतावान कवि सिद्धिचरण श्रेष्ठमा भएको चर्चा गरेका छन् । अन्तिम अवस्था सम्म पनि आफ्नो शैली स्वरूप र विचारमा अडिग भई काव्य रचनामा क्रियाशील रहने कवि काव्यजगतमा प्रखर प्रतिभा भएको उल्लेख गरेका छन् । जुनबेला जहाँ बोलाए पनि जाने कति पनि ठूलो हुन नपर्ने र जोसित पनि मिल्न सक्ने स्वभावले गर्दा कवि नयाँ पीढिका लागि अत्यन्त लोकप्रिय भएको लेखक रिजालले व्यक्त गरेका छन् ।

**गोविन्द भट्ट, 'युगकवि सिद्धिचरण केही विचार र संस्मरण' कवि सिद्धिरण विशेषाङ्क** (पूर्ववत्)

गोविन्द भट्टद्वारा लेखिएको 'युगकवि सिद्धिचरण केही विचार र संस्मरण' शीर्षकको लेख सिद्धिचरण विशेषाङ्कमा प्रकाशित छ । यसमा लेखक भट्टले कवि श्रेष्ठ साहित्यको सीमित फाँटमा मात्र होइन व्यापक सामाजिक क्षेत्रमा पनि उत्तिकै लोकप्रिय र सम्मानित भएको चर्चा गरेका छन् । पाँच दशक भन्दा लामो अवधिसम्म आफ्नो उत्तम रचनाहरू मार्फत नेपाली वाङ्मयको श्रीवृद्धि गर्ने दिशामा अमूल्य योगदान गरेका कुरालाई लेखकले व्यक्त गरेका छन् । कवि श्रेष्ठले १९६६ मा पेचिङमा आयोजित अफ्रो-एशियाली लेखक सम्मेलनमा सहभागी भएका सरल सहृदय स्वभावका धनी सिद्धिचरण श्रेष्ठका युगानुकूल विचारहरूबाट विदेशी साहित्यकारहरू निकै प्रभावित भएको लेखक भट्टले व्यक्त गरेका छन् ।

**गोमा, 'मेरो काव्य साधनाका प्रथम गुरु कवि सिद्धिचरण' कवि सिद्धिचरण विशेषाङ्क** (पूर्ववत्)

गोमाद्वारा लेखिएको 'मेरो काव्य साधनाका प्रथम गुरु कवि सिद्धिचरण' विशेषाङ्कमा प्रकाशित छ । यसमा गोमाले सबैलाई लेख्न प्रेरणा दिने कवि श्रेष्ठ आफ्ना लागि नेपाली साहित्य जगतमा गुरु हुनुभएको चर्चा गरेकी छन् । जो कसैलाई पनि कविता लेख्नको लागि प्रेरणा गर्ने बानी भएको कवि श्रेष्ठबाट आफ्नो रचनालाई मात्र नभई अरु कविहरूको रचनालाई पनि हृदयदेखि नै प्रशंसा गर्न सक्ने खुबी भएको कुरालाई गोमाले व्यक्त गरेकी छन् । गोमाको विचारमा कुनै पनि व्यक्ति भित्र ईर्ष्या, घृणा, तिरस्कार, जलन आदिले भरिएको हृदय छ भने यस खालका प्रेरणा दिन सक्दैनन् तर यी तत्व भन्दा भिन्नै गुणले युक्त भएका कवि श्रेष्ठ आफूलाई त झन् पटक पटक घरमा नै गएर लेख्न प्रेरणा दिएको कुरालाई टिप्पणी गरेकी छन् । यसरी हालसम्म पनि १९९० देखिका सयौं साहित्यकारहरूसँग भेट भइराखेकी छु तर कवि श्रेष्ठबाट पाएको प्रेरणा अन्य साहित्यप्रेमीहरूबाट पाउन नसकेको कुरालाई गोमाले बताएकी छन् । यसरी कवि श्रेष्ठको

प्रेरणाबाट आफू काव्य साधनामा लाग्न पुगेको कुरालाई चर्चा गर्दै उनी काव्य साधनाका प्रथम गुरु भएको कुरालाई गोमाले व्यक्त गरेकी छन् ।

**उप प्रा. चन्दा बज्राचार्य, 'बहुप्रतिभाशाली कविरत्न सिद्धिचरण' कवि सिद्धिचरण विशेषाङ्क** (पूर्ववत्)

'बहुप्रतिभाशाली कविरत्न सिद्धिचरण' शीर्षकको लेख उप प्रा. चन्दा बज्राचार्यले लेखेका हुन् । यसमा लेखिका बज्राचार्यले कवि सिद्धिचरण श्रेष्ठ बहुप्रतिभाशाली साहित्यिक व्यक्तित्वका रूपमा चर्चा गरेकी छन् । नेपाल भाषा साहित्यमा मात्र नभई नेपाली भाषाकै साहित्य क्षेत्रमा पनि स्थापित र युगप्रवर्तक कवि श्रेष्ठ कविको रूपमा मात्र नभई कथा र नाटकमा पनि सिद्ध हस्त प्राप्त गर्न सफल भएका छन् भनी व्यक्त गरेकी छन् । नेपालमा घटेका विभिन्न घटनाहरू जस्तै सामाजिक, राजनैतिक, घटनालाई पनि कवितामा प्रस्तुत गर्न सफल कवि श्रेष्ठ नेपाल भाषामा पनि तत्कालीन शासकहरू प्रति विद्रोह र व्यङ्गय गर्दै आफ्ना रचनाहरू प्रस्तुत गर्न सफल भएको कुरा बज्राचार्यले टिप्पणी गरेकी छन् ।

**चेतबहादुर कुँवर, 'युगकवि सिद्धिचरण श्रेष्ठका कवितामा राष्ट्रप्रेम' कवि सिद्धिचरण विशेषाङ्क** (पूर्ववत)

चेतबहादुर कुँवरले 'युगकवि सिद्धिचरण श्रेष्ठका कवितामा राष्ट्रप्रेम' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक कुँवरले राष्ट्रियता, देशभक्ति अनि राष्ट्रप्रेमको प्रष्फुटन गर्ने नेपाली साहित्यकारहरूमध्ये कवि श्रेष्ठको नाम नेपाली साहित्यमा उल्लेखनीय योगदान रहेको कुरा व्यक्त गरेका छन् । आफ्नो प्यारो जन्मस्थल ओखलढुङ्गाको प्राकृतिक सौन्दर्यमात्र होइन स्वदेश प्रतिको ममतालाई सहज ढङ्गले सरल शब्दमा उतिकै व्यक्त गर्न पछि नपरेका कवि श्रेष्ठका कवितामा राष्ट्रप्रेम छताछुल्ल भएर आएको लेखक कुँवरले उल्लेख गरेका छन् ।

**नवराज बस्नेत, 'देवघाटमा भट्टाइएकी सरस्वती' कवि सिद्धिचरण विशेषाङ्क** (पूर्ववत)

नवराज बस्नेतद्वारा लेखिएको 'देवघाटमा भेट्टाइएकी सरस्वती' शीर्षकको लेख कवि सिद्धिचरण विशेषाङ्कमा प्रकाशित छ । यसमा लेखक बस्नेतले हिन्दु परम्पराको आधारमा देवघाटमा शालिग्राम भेटिनुपर्ने तर विधाका देवी सरस्वतीलाई भेटन पुगेको कुरालाई चर्चा गरेका छन् । शारीरिक स्वास्थमा आफू कमजोर भए पनि सधैं अरुलाई लेख लेख्न प्रेरणा दिने कवि श्रेष्ठसँग देवघाटमा भेट हुँदा उहाँको विचारले जीवनसँग हारेर होइन जितेर बाँच्न साहस छाएको लेखक बस्नेतले आफ्ना विचार प्रस्तुत गरेका छन् ।

**फणीन्द्रराज बज्राचार्य, 'कवि श्रेष्ठ सिद्धिचरण श्रेष्ठ' कवि सिद्धिचरण विशेषाङ्क** (पूर्ववत)

फणीन्द्रराज बज्राचार्यद्वारा लेखिएको 'कवि श्रेष्ठ सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख कवि सिद्धिचरण विशेषाङ्कमा प्रकाशित छ । यसमा लेखकले नेपाली साहित्य क्षेत्रमा लगभग पाँच दशक लामो समय सम्म कविता विधामा मात्र कलम चलाएका कवि सिद्धिचरण श्रेष्ठ स्वच्छन्दतावादी

धाराको एक प्रतिभावान कविको रूपमा चर्चा गरेका छन् । नेपाल भाषा र नेपाली भाषा गरी दुबै भाषामा कलम चलाएका कवि, प्रकृतिप्रेमी कवि हुन् । क्रान्तिकारी कवि, जहानिया शासनको कालकोठरीमा शारीरिक र मानसिक पीडासँग सङ्घर्ष गरेका कवि सिद्धिचरण श्रेष्ठ कविहरूमा श्रेष्ठ कवि हुन् भनी लेखक बज्राचार्यले आफ्ना विचार व्यक्त गरेका छन् ।

**मोदनाथ प्रश्रित 'मङ्गलमान काव्य र कवि सिद्धिचरण', कवि सिद्धिचरण विशेषाङ्क** (**पूर्ववत**)

'मङ्गलमान काव्य र कवि सिद्धिचरण' शीर्षकको लेख मोदनाथ प्रश्रितले लेखेका हुन् । यसमा लेखक प्रश्रितले कवि श्रेष्ठका 'मङ्गलमान' खण्डकाव्यको चर्चा गरेका छन् । नेपाली साहित्यको इतिहासमा कवि श्रेष्ठले आफ्ना कलमका माध्यमबाट संघर्षका मैदानमा कुदे बापत् जेलमा परेका कवि कति हिम्मत नहारी कलमलाई झन् तिखो र चम्किलो पार्दै लागेकाले उनी युगकवि भएको चर्चा गरेका छन् । कविको त्यस्तो कलमको निम्ति मङ्गलमान सुहाउँदा पात्र भएको र मङ्गलमानका निम्ति सिद्धिचरणको कलम उतिकै सुहाउँदो भएकाले मङ्गलमानले सिद्धिचरणको कलम घचघचाएको र कविको कलमले मङ्गलमानलाई फेरी जीवित र अमर तुल्याएको कुरा लेखकले बताएका छन् ।

**महानन्द पौड्याल, 'सिद्धिचरणको प्यारो ओखलढुङ्गा', कवि सिद्धिचरण विशेषाङ्क** (**पूर्ववत**) **।**

महानन्द पौड्यालद्वारा लेखिएको 'सिद्धिचरणको प्यारो ओखलढुङ्गा' शीर्षकको लेख कवि सिद्धिचरण विशेषाङ्कमा प्रकाशित छ । यसमा लेखक पौड्यालले कवि जन्मेको सानो ठाउँ ओखलढुङ्गा सम्पूर्ण नेपालीको प्रतीक हो । कविले आफ्ना कविता मार्फत दर्शाएको स्नेहले राष्ट्रप्रतिको अनन्य प्रेम हो जुन अगाध छ भनी व्यक्त गरेका छन् । कवि श्रेष्ठले यस कविता मार्फत प्रत्येक देशवासीलाई आफ्नो जन्मभूमिको महत्व बुझी त्यसप्रति रहेको कर्तव्यलाई चुकाउन एक भई उठ्न आव्हान गरेको कुरा लेखक पौड्यालले उल्लेख गरेका छन् ।

**डा. रामदयाल राकेश, 'कविवर सिद्धिचरण श्रेष्ठको आञ्चलिक काव्य क्षितिज', कवि सिद्धिचरण विशेषाङ्क** (**पूर्ववत**)

'कविवर सिद्धिचरण श्रेष्ठको आञ्चलिक काव्य क्षितिज' शीर्षकको लेख डा.रामदयाल राकेशले लेखेका हुन् । यसमा लेखक राकेशले कवि श्रेष्ठको केही काव्य रचना आञ्चलिक परिवेशको क्षितिजमा उद्घाटन भएको व्यक्त गरेका छन् । यसरी आंचलिक काव्य क्षितिजलाई उदघाटन गर्ने क्रममा आफ्नो जन्मभूमि ओखलढुङ्गालाई मीठो र सरल शैलीमा व्यक्त भएको टिप्पणी गरेका छन् । 'ककनी'लाई प्रियतमा तथा हिमाललाई प्रियतमको रूपमा चित्रित गरेर कवि श्रेष्ठले एउटा अमर प्रेमी र प्रेमिकाको रूप प्रदान गरेको कुरा लेखकले टिप्पणी गरेका छन् । यसरी कविले आञ्चलिक परिवेशमा लेखेका अव्य कवितामा सुन्दरीजल, देवघाट र वनकालीमा

पनि प्रसिद्ध र लोकप्रिय रहेको चर्चा गर्दै उनको काव्ययात्राको चरणमा आञ्चलिक वर्णन एउटा नयाँ आयाम बन्न पुगेको लेखकले आफ्नो विचार व्यक्त गरेका छन् ।

**वासु रिमाल 'यात्री', 'सिद्धिचरणको तपस्या र सफलता' कवि सिद्धिचरण विशेषाङ्क (पूर्ववत)**

वासु रिमाल 'यात्री' ले 'सिद्धिचरणको तपस्या र सफलता' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक 'यात्री' ले कवि बन्नको लागि कवि श्रेष्ठले ठूलो मेहनत गर्नुका साथै तपस्या पनि भनी गरेको टिप्पणी गरेका छन् । कवि श्रेष्ठ एक साँझ स्वयम्भू सरस्वती मन्दिरमा गई घण्टौ उपासना गरी रातमा बसेर बिहानी पख मात्र घर आएको र कवि बन्ने तीव्र चाहनाले कवितामा साधना गर्दै गएका सिद्धिचरण श्रेष्ठलाई सरस्वतीले महान कवि बनाइदिएको कुरा लेखकले व्यक्त गरेका छन् ।

**डा. हिमांशु थापा, 'युगकवि सिद्धिचरण श्रेष्ठको काव्यमा क्रान्तिचेतना' कवि सिद्धिचरण विशेषाङ्क (पूर्ववत्)**

डा.हिमांशु थापाद्वारा लेखिएको 'युगकवि सिद्धिचरण श्रेष्ठको काव्यमा क्रान्तिचेतना' शीर्षकको लेख सिद्धिचरण विशेषाङ्कमा प्रकाशित छ । यसमा लेखक थापाले सं. १९९३ साल देखि नै कवि श्रेष्ठमा क्रान्तिचेतनाको उदबोधन भएको कुरालाई व्यक्त गरेका छन् । कवि श्रेष्ठले यस क्रममा आफ्ना विभिन्न काव्य रचना मार्फत क्रान्तिचेतना प्रस्तुत गर्दै आएका छन् । यसरी प्रस्तुत गर्ने क्रममा उनले 'वर्षा' कवितामा ग्रीष्मलाई राणाशासन र वर्षालाई क्रान्तिको सूचकको रूपमा प्रस्तुत गर्नाले उनी सर्वस्वहरण सहित १८ वर्षको जेल सजाय पनि भोग्न बाध्य भएको कुरा लेखक थापाले बताएका छन् ।

**डा. हरिराज भट्टराई 'काव्यगुरु सिद्धिचरण' कवि सिद्धिचरण विशेषाङ्क (पूर्ववत्)**

डा. हरिराज भट्टराईद्वारा लेखिएको 'काव्यगुरु सिद्धिचरण' शीर्षकको लेख कवि सिद्धिचरण विशेषाङ्कमा प्रकाशित छ । यसमा लेखक भट्टराईले जहानिया राणाशासनको काल कोठरीभित्र रहँदा युवाहरूलाई कविता लेख्न प्रेरणा दिने कवि श्रेष्ठ ती युवाहरूको लागि काव्यगुरु भएको चर्चा गरेका छन् । त्यो कालकोठरीभित्र केदारमान व्यथित , पुष्करनाथ उप्रेती र ध्रुव दवाडी जस्ता धेरै युवाहरू पनि थुनिएका थिए । त्यस समयमा युवाहरूलाई सङ्घर्षसँग लड्नका लागि आफ्ना आत्मपीडनका व्यथालाई हटाउने बलियो माध्यम कविता हो कविताले नै शक्ति प्रदान गर्न सक्दछ भनी सबैजनालाई कविता लेख्न प्रेरणा दिने कवि श्रेष्ठ काव्यगुरु भएका थिए भनी लेखकले टिप्पणी गरेका छन् ।

**नरेन्द्र चापागाई 'युगकविको युग र उनको क्रान्तिचेतना' कवि सिद्धिचरण विशेषाङ्क (पूर्ववत)**

'युगकविको युग र उनको क्रान्तिचेतना' शीर्षकको लेख नरेन्द्र चापागाईले लेखेका हुन् । यसमा लेखक चापागाईले मानवताको दृष्टिले जुन युगलाई अन्धकार युग भन्न सकिन्छ युगकविको

जन्म र कविता यात्राको थालनी त्यसै युगमा भएको कुरा व्यक्त गरेका छन् । यसरी कवि श्रेष्ठका युग भनेको जहानिया राणा शासनको हुकुमी समय थियो । त्यस पछि पनि उनले त्यस युगप्रति तीव्र विरोध गरी आफ्ना कलमका माध्यमबाट सदैव क्रान्तिचेतना फैलाउन सफल भएको कुरालाई लेखक चापागाइँले प्रस्तुत गरेका छन् ।

## ५.२ कवि श्रेष्ठका सम्बन्धमा स्मृति विशेषाङ्कभित्र प्रकाशित संस्मरणहरू

गणेशमान सिंह, 'सिद्धिचरण दाइ', कवि सिद्धिचरण स्मृत्ति विशेषाङ्क, संचय (२०५०) काठमाडौं

केदारमान व्यथित, 'सिद्धिचरण : एक सच्चा कवि' कवि सिद्धिचरण (पूर्ववत)

मनमोहन अधिकारी, 'युगकवि सिद्धिचरणमा क्रान्तिकारिता कहिल्यै मरेन', कवि सिद्धिचरण (पूर्ववत्)

तुलसीलाल अमात्य, 'कविवर श्री सिद्धिचरण', कवि सिद्धिचरण (पूर्ववत्)

सी.के. प्रसाइ, 'सिद्धिचरण श्रेष्ठसँग पनि केही आश्चर्यहरू थिए ' कवि सिद्धिचरण (पूर्ववत्)

कीर्तिनिधि विष्ट, 'कवि सिद्धिचरण श्रेष्ठप्रति', कवि सिद्धिचरण (पूर्ववत्)

खड्गमान सिंह, 'युगकवि सन्त सिद्धिचरण', कवि सिद्धिचरण (पूर्ववत्)

रविचरण श्रेष्ठ, 'कवि सबैको साझा हुन्छ', कवि सिद्धिचरण (पूर्ववत्)

माधव घिमिरे, 'कविजी' कवि सिद्धिचरण (पूर्ववत्)

मातृकाप्रसाद कोइराला, 'सौम्य कलेवरको ज्वालामुखी : कविवर सिद्धिचरण', कवि सिद्धिचरण ( पूर्ववत्)

मदनमणि दीक्षित, 'कवि सिद्धिचरणको एउटा तस्वीर', कवि सिद्धिचरण (पूर्ववत्)

देवकुमारी थापा, 'मेरो सम्झनाको पोल्टोबाट युगकवि सिद्धिचरण' कवि सिद्धिचरण (पूर्ववत)

सहाना प्रधान, 'सरल हृदयका धनी युगकवि सिद्धिचरण', कवि सिद्धिचरण (पूर्ववत)

श्यामदास वैष्णव, 'बहुलाकाजी र काजीदाइ', कवि सिद्धिचरण (पूर्ववत्)

वासु शशी, 'कवि सिद्धिचरण' कवि सिद्धिचरण (पूर्ववत)

श्रीभद्रा शर्मा, 'कवि सिद्धिचरण श्रेष्ठ : मेरो दृष्टिमा', कवि सिद्धिचरण (पूर्ववत)

घटराज भट्टराई, 'कविवर सिद्धिचरण : केही सम्झनाका केही प्रसङ्ग', कवि सिद्धिचरण (पूर्ववत)

राजेश्वर देवकोटा, 'कवि सिद्धिचरण', कवि सिद्धिचरण (पूर्ववत)

भीम दर्शन रोका, 'कविवर सिद्धिचरण', कवि सिद्धिचरण (पूर्ववत)

चन्द्रप्रकाश मैनाली, 'नेपालका एक नक्षत्र कविवर सिद्धिचरण', कवि सिद्धिचरण (पूर्ववत)

कैलाश भण्डारी, '..... उहाँ यस मानेमा देउता नै हुनुहुन्थ्यो', कवि सिद्धिचरण (पूर्ववत)

ज्ञानमणि नेपाल, 'कवि सिद्धिचरण श्रेष्ठको संझना गर्दा', कवि सिद्धिचरण (पूर्ववत)

लोककृष्ण भट्टराई, 'युगकवि सिद्धिचरणको दुई ऐतिहासिक व्यक्तित्वलाई सम्झदा', कवि सिद्धिचरण (पूर्ववत)

मदनबहादुर प्रधान, 'नेपालका ज्योतिपुरुष : युगकवि सिद्धिचरण श्रेष्ठ', कवि सिद्धिचरण (पूर्ववत)

घनश्याम राजकर्णिकार, 'बिर्सन नसकेका ती क्षण', कवि सिद्धिचरण (पूर्ववत)

मूर्तिकार ठाकुरप्रसाद मैनाली, 'मैले चिनेका युगकवि सिद्धिचरण श्रेष्ठ', कवि सिद्धिचरण (पूर्ववत)

## ५.३ कवि श्रेष्ठका सम्बन्धमा स्मृति विशेषाङ्कभित्र प्रकाशित कविताहरू

रामबाबु सुवेदी, 'स्मृति सुमन, सिद्धिचरण', कवि सिद्धिचरण स्मृति विशेषाङ्क, २०५०

तुलसी 'अपतन', 'श्रद्धाञ्जली युगकवि सिद्धिचरण ज्यूमा' कवि सिद्धिचरण (पूर्ववत)

शैलेन्द्र साकार, 'सिद्धिचरण हुनुको अर्थ', कवि सिद्धिचरण (पूर्ववत)

## ५.४ 'नेपाली साहित्य बाटिका' सिद्धिचरणः नारी अङ्कभित्र समेटिएका अध्ययनहरू

**श्रीमती रमोलादेवी शाह, 'युगकविको सदिच्छा', युगकवि सिद्धिचरण : नारी हस्ताक्षर अङ्क, अङ्क ३, २०५२ काठमाडौं**

श्रीमती रमोलादेवी शाहले 'युगकविको सदिच्छा' शीर्षकको लेख लेखेकी छन् । यसमा लेखिका शाहले कवि श्रेष्ठ चीरपरिचित जो कसैलाई पनि सधैं लेख्नको लागि प्रेरित गरिरहने कवि हुन् भनी चर्चा गरेकी छन् । जहिले जहाँ भेट हुँदा पनि विगतका कुरालाई सम्झी सम्झी लेख्नु भनी झस्काइरहने कवि श्रेष्ठको सदिच्छा व्यवहारमा उतार्न कठिनाई भएको लेखिका शाहले आफ्नो विचार व्यक्त गरेकी छन् । आफूले नेपाली गीत र कवितामा चाख राख्न थालेदेखि नै कवि श्रेष्ठका कविताहरू पढ्न लागेको टिप्पणी गर्दै उनका कवितामा पाइने गेयात्मकता र सफलता नै आकर्षणको केन्द्र भएको शाहले आफ्नो विचार व्यक्त गरेकी छन् ।

**माधवी अर्याल, 'कवि सिद्धिचरण श्रेष्ठ : एक संस्मरण' नारी हस्ताक्षर अङ्क, (पूर्ववत)**

माधवी अर्यालद्वारा लेखिएको 'कवि सिद्धिचरण श्रेष्ठ : एक संस्मरण' शीर्षकको लेख नारी हस्ताक्षर अङ्कमा प्रकाशित छ । यसमा लेखिका अर्यालले 'मेरो प्यारो ओखलढुङ्गा' कविता स्कूलमा छँदा पढेको हुँ तापनि उक्त कविता आज सम्म पनि मनमा ताजै रहेको कुरालाई व्यक्त गरेकी छन् । महान कविहरू प्रतिभाशाली व्यक्तिहरू कहिल्यै मर्दैनन् सदा अमर रहन्छन् यी महान् कर्मठ व्यक्तिहरू सधै नै पूजनीय भएर रहन्छन् भनी चर्चा गरेकी छन् । कविहरूको सम्झनामा केवल जन्मजयन्ती, श्रद्धाञ्जली सभामात्र होइन हरेक  स्तरका पाठ्यक्रममा कविता लेख, जीवनी, समावेश गराई कविहरूलाई चिनाउनु पर्ने लेखिका अर्यालको विचार प्रस्तुत भएको पाइन्छ ।

**रञ्जुश्री पराजुली, 'कवि सिद्धिचरण श्रेष्ठका केही राष्ट्रवादी कविताहरू', नारी हस्ताक्षर अङ्क, (पूर्ववत)**

'कवि सिद्धिचरण श्रेष्ठका केही राष्ट्रवादी कविताहरू' शीर्षकको लेख रञ्जुश्री पराजुलीले लेखेकी हुन् । यसमा लेखिका पराजुलीले नेपाली साहित्यका स्वच्छन्दतावादी र प्रगतिवादी

विचारधाराका कवि श्रेष्ठका कवितामा राष्ट्रका नदी, नाला, हिमाल आदिको महिमा प्रस्तुत हुनुका साथै उनका कवितामा राष्ट्र प्रेमका भावना प्रचुर मात्रामा व्यक्त भएको लेखिकाले टिप्पणी गरेकी छन् । राष्ट्र प्रेममात्र होइन समाजका शोषण र अत्याचारका उत्पीडनले पनि कवि दुःखित भएका छन् तापनि उनको हृदयमा देशप्रति अगाध माया छ, अटल स्नेह छ । त्यसैले राष्ट्र र राष्ट्रियता कविको लागि प्राण भन्दा प्यारो भएको छ भनी लेखिका पराजुलीले व्यक्त गरेकी छन् ।

**हिरण्यकुमारी पाठक, 'सिद्धिचरण बहुआयामिक व्यक्तित्व' नारी हस्ताक्षर अङ्क** (पूर्ववत)

'सिद्धिचरण बहुआयामिक व्यक्तित्व' शीर्षकको लेख हिरण्यकुमारी पाठकले लेखेकी हुन् । यसमा लेखिका पाठकले कवि श्रेष्ठलाई बहु आयाम व्यक्तिको रूपमा चर्चा गरेकी छन् । नेपाली साहित्यमा कविता विधामा मात्र योगदान गरेका कवि श्रेष्ठले विभिन्न पत्रपत्रिकाको सम्पादन, ने.रा.प्र.प्र.को संस्थापन कालदेखि नै सदस्य पछि आजीवन सदस्य र विभिन्न सामाजिक संघ संस्थामा कार्य गरेको लेखिका पाठकले व्यक्त गरेकी  छन् । मदन पुरस्कार गुठी, राष्ट्रिय युवा मोती पुरस्कार, नेपाली शिक्षा परिषद आदिसँग सम्बद्ध रहेर पनि नेपाली साहित्य क्षेत्रमा र नेपाल भाषामा पनि उल्लेखनीय योगदान दिने कवि श्रेष्ठ बहुआयामिक महान पुरुष हुन् भनी लेखिका पाठकले आफ्नो विचार व्यक्त गरेकी छन् ।

**रमा शर्मा, 'मैले चिनेको भाषा मर्मज्ञ सिद्धिचरण श्रेष्ठ' नारी हस्ताक्षर अङ्क** (पूर्ववत)

रमा शर्माद्वारा लेखिएको 'मैले चिनेको भाषा मर्मज्ञ सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख नारी हस्ताक्षर अङ्कमा प्रकाशित छ । यसमा लेखिका शर्माले कवि श्रेष्ठलाई राष्ट्र भाषाको महत्व बुझ्ने व्यक्तिका रूपमा चर्चा गरेकी छन् । कवि श्रेष्ठ सं.२०३८ सालमा नेपाली शिक्षा परिषदको अध्यक्ष भएपछि लगभग एक दशक लामो समयावधिसम्म एकै थलोमा कार्य गर्ने अवसर पाएकाले कवि श्रेष्ठ भाषाप्रति निकै चासो देखाउने व्यक्ति हुन् भनी टिप्पणी गरेकी छन् । कवि ज्यूको अध्यक्ष कालमा परिषदमा धेरै महत्वपूर्ण कार्यहरू हुनुका साथै राष्ट्रभाषाको उन्नतिको निम्ति परिषदबाट भएको प्रत्येक गतिविधिमा कवि श्रेष्ठको सदिच्छा र सहयोग बारम्बार प्राप्त भएको शर्माले उल्लेख गरेकी छन् ।

**डा. उषा ठाकुर, 'युगकवि सिद्धिचरण श्रेष्ठ' नारी हस्ताक्षर अङ्क** (पूर्ववत)

डा. उषा ठाकुरले 'युगकवि सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख लेखेकी हुन् । यसमा लेखिका शर्माले कवि श्रेष्ठ नेपाली कविताको आधुनिक युगका एक प्रतिष्ठित व्यक्ति हुन् जसले नेपाली कविता विधामा अविस्मरणीय योगदान गरेको चर्चा गरेकी छन् । सं. १९९० सालको गोरखापत्रमा प्रकाशित पहिलो कविता 'भूइँचालो' बाट औपचारिक रूपमा नेपाली साहित्यमा देखा परेका कवि श्रेष्ठ सामाजिक र राष्ट्रिय कर्तव्य बोधले अभिप्रेरित भएर उनले अनेकौ कविता लेखेको टिप्पणी गरेकी छन् । यसरी समाजभित्र मानिसले मानिसप्रति गरिने अव्यवहारिक कार्यप्रति सामना गर्दै

अन्याय, शोषण र अत्याचारसँग लड्न आह्वान गर्ने कवि श्रेष्ठ मानवतावादी विरोधी तत्वलाई समाप्त गर्ने प्रयासमा सम्पूर्ण जीवन व्यतित गरेको लेखिकाले चर्चा गरेकी छन् ।

**श्रीमती शुभ श्रेष्ठ, 'युगकवि सिद्धिचरण श्रेष्ठ', नारी हस्ताक्षर अङ्क, (पूर्ववत)**

'युगकवि सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख शुभ श्रेष्ठले लेखेकी हुन् । यसमा लेखिका श्रेष्ठले कविलाई युगपुरुषको रूपमा चर्चा गरेकी छन् । सं. १९९७ मा १०४ वर्षसम्मको राणाहरूको अन्याय र अत्याचार विरुद्ध आवाज उठाएका कवि युगपुरुष हुन् जसले आफ्नो कलमको माध्यमबाट नेपालमा क्रान्तिको दियो बाल्न सफल भएको लेखिकाले व्यक्ति गरेकी छन् । त्यसबेलाको जनचेतनाको तीव्र आवाज उनको कवितामा सुन्न पाइने कुरालाई टिप्पणी गर्दै कवि श्रेष्ठले युवावर्गलाई साहसी सचेत र जागृत बनाउन सके मात्र देशमा परिवर्तन सम्भव छ भन्ने खालका कविताको सृजना गरेको लेखिकाले व्यक्त गरेकी छन् ।

**साहना प्रधान, 'सरल हृदयका धनी युगकवि सिद्धिचरण', नारी हस्ताक्षर अङ्क (पूर्ववत)**

साहना प्रधानद्वारा लेखिएको 'सरल हृदयका धनी युगकवि सिद्धिचरण' शीर्षकको लेख नारी हस्ताक्षर अङ्कमा प्रकाशित छ । यसमा लेखिका प्रधानले प्रकृेतिप्रेमी कविको रूपमा चिनिने र क्रान्तिकारी साहित्य सिर्जना गर्ने कवि श्रेष्ठ सरल र सहज हृदयका धनी थिए भनी व्यक्त गरेकी छन् । राणाविरोधी आन्दोलनमा क्रान्तिकारी कविता लेखेर कारावासको सजाय समेत भोग्न विवश भएका कवि श्रेष्ठका अप्रकाशित कृतिहरू खोजी खोजी राज्यद्वारा प्रकाशित गर्नुपर्ने कुरालाई प्रधानले जोड दिएकी छन् ।

**भुवनेश्वरी सत्याल, 'सिद्धिचरण बा' नारी हस्ताक्षर अङ्क (पूर्ववत)**

भुवनेश्वरी सत्यालद्वारा लेखिएको 'सिद्धिचरण बा' शीर्षकको लेख नारी हस्ताक्षर अङ्कमा प्रकाशित छ । यसमा लेखिका सत्यालले कवि श्रेष्ठ हाम्रो मात्रै 'बा' हैन सम्पूर्ण नेपाली बालबालिकाको पनि वास्तविक बा हुन् किनकी उनका कलमबाट स-साना बालबालिकाको लागि 'तिरमिर तारा' कविता संग्रहमा प्रकाशित भएको कुरालाई चर्चा गरेकी छन् । उनका प्राय काव्यमा सुन्दरता, सरलता, निर्भीकता, प्रेरणाको स्रोत र सबैभन्दा माथि राष्ट्रियताको प्रवल स्वर गुञ्जिएको कुरालाई सत्यालले उल्लेख गरेकी छन् ।

**गंगा शर्मा, 'कविवर सिद्धिचरण श्रेष्ठ र उनको कविता यात्रा' नारी हस्ताक्षर अङ्क (पूर्ववत)**

'कविवर सिद्धिचरण श्रेष्ठ र उनको कविता यात्रा' शीर्षकको लेख गंगा शर्माले लेखेकी हुन् । यसमा लेखिका शर्माले स्वच्छन्दतावादी धारालाई आत्मसात गर्दै उदाएका कवि श्रेष्ठ सुरुमा प्रकृतिको सुन्दर र सकुमार पक्षलाई टिपी कवितामा अभिव्यक्त गरेको टिप्पणी गरेकी छन् । यसमा लेखिकाले कवि श्रेष्ठ सुरु सुरुमा प्रकृतिको सुन्दर पक्षलाई आफ्ना काव्यमा अभिव्यक्त गरेका

छन् भने समयको र विचारको परिवर्तनसँगै प्रकृतिप्रेमीका साथ सामाजिक, राजनीतिक, र आर्थिक पक्षलाई पनि समावेश गरेको  उल्लेख गरेकी छन् ।

**शान्ता कुँवर, 'मेरो पिता सिद्धिचरण मेरो दृष्टिमा' नारी हस्ताक्षर अङ्क, (पूर्ववत)**

'मेरो पिता सिद्धिचरण मेरो दृष्टिमा' शीर्षकको लेख शान्ता कुँवरले लेखेका हुन् । यसमा लेखिकाले पिता सिद्धिचरणज्यूका नौ सन्तानमध्ये पाँचौ सन्तानको रूपमा आफ्नो जन्म भएको व्यक्त गरेकी छन् । आफ्ना पिताले जहानियाँ राणाशासन विरुद्ध आफ्नो लेखनीको माध्यमबाट क्रान्तिको सन्देश प्रस्तुत गरेवापत सर्वस्व सहित १८ वर्षको कारावास सजाय तोकिए  पनि जम्मा ६ वर्षको सजाय पछि जेलबाट रिहा भएको कुरालाई उल्लेख गरेकी छन् । घरमुलीका हैसियतले निभाउनुपर्ने भूमिकाप्रति त्यति चासो नलिने आफ्नो पिताको सम्पूर्ण क्रियाकलापहरू काव्य साधनामा नै व्यतीत रहने चर्चा गरेकी छन् । यसरी काव्य साधनामा मात्र तल्लीन रहेका  आफ्ना पिता दिनमा मात्र नभई रातमा पनि त्यतिकै सक्रिय रहन्थे भन्ने कुरालाई कुँवरले व्यक्त गरेकी छन् । जनमिन्टन, विलियम वर्डस्वर्थ, किट्स, सेली र वाइरन उहाँको मन पर्ने कवि भएकोले यी कविहरूको रचनालाई अति गहिराइका साथै अध्ययन गर्ने बानी भएको टिप्पणी गरेकी छन् । यसरी नेपाली काव्य साधानमा महत्वपूर्ण योगदान गरेका कवि श्रेष्ठ राष्ट्रको अमर सपूत र आफ्नो लागि पूज्य पिता भएको लेखिकाले व्यक्त गरेकी छन् ।

### ५.५ 'नेपाली साहित्य बाटिका' सिद्धिचरण : नारी अङ्क भित्रका प्रकाशित कविताहरू

गोमा, 'श्रद्धाञ्जली', युगकवि सिद्धिचरण, नारी हस्ताक्षर अङ्क, अङ्क ३, २०५२ , काठमाडौं ।

श्रीमती कल्पना प्रधान, 'यौटा अर्को सिद्धिचरण' नारी हस्ताक्षर अङ्क (पूर्ववत्)

चन्द्र वदना घिमिरे, 'सिद्धिचरण यहाँ र त्यहाँ', नारी हस्ताक्षर अङ्क, (पूर्ववत)

श्रीमती शुशिला पन्त, 'भावाञ्जली', नारी हस्ताक्षर अङ्क (पूर्ववत्)

सुश्री दिप्ती न्यौपाने, 'श्रद्धाञ्जली', नारी हस्ताक्षर अङ्क (पूर्ववत)

शुशीला कोइराला, 'सिद्धिचरण' नारी हस्ताक्षर अङ्क (पूर्ववत)

### ५.६ घुयेत्रो द्वैमासिक : 'युगकवि सिद्धिचरण' विशेषाङ्कमा भएका अध्ययनहरू

**ताना शर्मा, 'देशभक्त सिद्धिचरण' घुयेत्रो द्वैमासिक, वर्ष २, अङ्क ८/९ फागुण-जेठ, २०५६**

ताना शर्माद्वारा लेखिएको 'देशभक्त सिद्धिचरण' शीर्षकको लेख घुयेत्रो द्वैमासिक पत्रिकामा प्रकाशित छ । यसमा लेखक शर्माले कवि श्रेष्ठका कविताहरू आफूले सानै उमेरदेखि अध्ययन गरेको व्यक्त गरेका छन् । उनका कवितामा देशभक्तिको महिमा अत्यन्त छताछुल्ल रुपमा प्रस्तुत भएको चर्चा गर्दै लेखक  शर्माले कवि श्रेष्ठलाई राष्ट्रियता, स्वतन्त्रता र प्रजातन्त्रको प्रतीक मानेका छन् ।

**गणेशबहादुर प्रसाई, 'सिद्धिचरण साहित्यिक राजमार्ग', घुयेत्रो द्वैमासिक** (पूर्ववत)

'सिद्धिचरण साहित्यिक राजमार्ग' शीर्षकको लेख गणेशबहादुर प्रसाइले लेखेका हुन् । यसमा लेखक प्रसाइले आधुनिक नेपाली साहित्यमा स्वच्छन्दवादी धारामा कविहरू धेरै देखापरे तर तत्कालीन राणाशासनप्रति तीव्र विरोध गर्दै क्रान्तिका निर्भिक स्वर प्रस्तुत गर्न सक्ने कविको हाराहारीमा उभिने सक्ने अर्को कवि नेपाली साहित्यले त्यस समयमा फेला पार्न नसकेको कुरालाई व्यक्त गरेका छन् । यसरी कविले त्यस समयमा समाजवादी प्रजातन्त्रको पक्षमा रही आफ्ना रचनाहरू प्रकाशित गर्दै नेपाली साहित्यमा छुट्टै साहित्यिक राजमार्ग बनाउन सफल भएको कुरालाई लेखकले प्रस्तुत गरेका छन् ।

**प्रो. मणिकलाल श्रेष्ठ, 'कविवर सिद्धिचरण', घुयेत्रो द्वैमासिक,** (पूर्ववत्)

प्रो. मणिकलाल श्रेष्ठद्वारा लेखिएको 'कविवर सिद्धिचरण' शीर्षकको लेख घुयेत्रो द्वैमासिक पत्रिकामा प्रकाशित छ । यसमा लेखक श्रेष्ठले कवि श्रेष्ठलाई चिन्ने र चिनाउने प्रसिद्ध कविता 'ओखलढुङ्गा' प्रकृति प्रेमी कविता भएको उल्लेख गरेका छन् । नेपाली र नेवारी दुवै भाषा साहित्यमा कवि श्रेष्ठको योगदान अविस्मरणीय रहेको लेखकले चर्चा गरेका छन् । नेपाल भाषाका समकालीन प्राय कविहरूको विषयमा पाठकहरूलाई चिरपरिचित गराउने काम कवि श्रेष्ठले गरेको लेखकले व्यक्त गरेका छन् । यसरी स्वच्छन्दतावादी धारामा नेपाली र नेपाल दुबै भाषामा कलम चलाएका कवि दुवै साहित्यिक क्षेत्रमा सफल भएका छन् भनी लेखकले प्रस्तुत गरेका छन् ।

**सूर्यविक्रम ज्ञवाली, 'नेपाली साहित्यकाशका नयाँ दुई तारा', घुयेत्रो द्वैमासिक** (पूर्ववत्)

'नेपाली साहित्यकाशका नयाँ दुई तारा' शीर्षकको लेख सूर्यविक्रम ज्ञवालीले लेखेका हुन् । यसमा लेखक ज्ञवालीले महाकवि देवकोटा र कवि श्रेष्ठले पुराना परिपाटिलाई सम्पूर्णतयाः छाडी नेपाली कवितामा एउटा नयाँ प्रणालीको जन्म दिन लागेको कुरा उल्लेख गरेका छन् । प्रकृति देवीका गनी नसक्नु रूपभेद मध्ये कुनै एकलाई समाती त्यसको रहस्योदघाटन गर्न सफल कवि प्रकृतिलाई आफ्नो सहचारी ठान्न पुग्दछन् भनी लेखक ज्ञवालीले व्यक्त गरेका छन् । प्रकृति सौन्दर्यका धनी तथा नयाँ विचारका जन्मदाता कविलाई न त धन चाहिन्छ न नामको नै इच्छा छ उनी केवल कविताका भोका छन् । त्यसैले निरन्तर कविता साधनामा लागिपर्दछन् भनी लेखक ज्ञवालीले आफ्नो धारणा व्यक्त गरेका छन् ।

**श्यामदास वैष्णव, 'पत्रकारिताको क्षेत्रमा सिद्धिचरण', घुयेत्रो द्वैमासिक** (पूर्ववत्)

श्यामदास बैष्णवद्वारा लेखिएको 'पत्रकारिताको क्षेत्रमा सिद्धिचरण' शीर्षकको लेख घुयेत्रो द्वैमासिक पत्रिकामा प्रकाशित छ । यसमा लेखक वैष्णवले नेपाली कविता विधामा निरन्तर लागि परिरहेका कवि श्रेष्ठ विभिन्न पत्रपत्रिकामा आवद्ध भई सामाजिक संघ संस्थामा पनि सक्रिय भएको कुरालाई व्यक्त गरेका छन् । सिद्धिचरण श्रेष्ठ २००७ सालको परिवर्तन पश्चात दैनिक पत्र

'आवाज' को प्रधान सम्पादक भएको व्यक्त गर्दै हप्ताको तीन पटकसम्म निस्कने 'गोरखापत्र' को सम्पादक पनि भई युवकहरूमा एक किसिमको जोश भर्नुका साथै समाज परिवर्तनका काम गरेको कुरा लेखक बैष्णवले बताएका छन् ।

**हेमराज ज्ञवाली, 'युगकवि सिद्धिचरणको सम्झनामा', घुयेत्रो द्वैमासिक (पूर्ववत्)**

'युगकवि सिद्धिचरणको सम्झनामा' शीर्षकको लेख हेमराज ज्ञवालीले लेखेका हुन् । यसमा लेखक ज्ञवालीले नेपाली साहित्यलाई परम्परागत प्रणालीबाट नयाँ युगमा प्रवेश गराउन सफल भएकाले सिद्धिचरण श्रेष्ठ युगकवि भएका हुन् भनी चर्चा चरेका छन् । गंगालाललाई शहीद बन्न र गणेशमान सिंहलाई साच्चीकै गणेशमान बन्न प्रेरणा दिने कवि श्रेष्ठले नेपालमा प्रजातन्त्र ल्याउन गरेको योगदान त्यतिकै उज्जवल भएको टिप्पणी गरेका छन् । नेपाली साहित्यका फाँटमा कवि श्रेष्ठको योगदान अविस्मरणीय रहेको उल्लेख गर्दै उनलाई अलग राख्ने हो भने नेपाली साहित्य अपूरो वा टुहुरो हुने कुरालाई लेखक ज्ञवालीले व्यक्त गरेका छन् ।

**गणेशमान सिंह, 'सिद्धिचरण दाइ', घुयेत्रो द्वैमासिक, (पूर्ववत्)**

गणेशमान सिंहले 'सिद्धिचरण दाइ' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक सिंहले सिद्धिचरण दाइको प्रेरणा र हौसलाले आफू गणेशमान बन्न सफल भएको कुरा व्यक्त गरेका छन् । राणाहरूको कालकोठरीमा सिद्धिचरण दाइले मलाई मानसिक रूपले भाँचिनबाट नरोकेको भए म त्यति बेलै खत्तम भइसक्ने थिए । यसैले सिद्धिचरण दाइ आफू र आफू जस्ता युवाहरूको निम्ति एउटा ठूलो आदर्श भएको सिंहले व्यक्त गरेका छन् । नेपाल राष्ट्रका लागि सिद्धिचरणको योगदान अविस्मरणीय भएको चर्चा गर्दै आफू पनि कवि श्रेष्ठको गुण कहिल्यै तिर्न नसक्ने कुरालाई व्यक्त गरेका छन् ।

**डा. ध्रुवचन्द्र गौतम, 'सत्य शिव सुन्दर : सिद्धिचरण', घुयेत्रो द्वैमासिक (पूर्ववत्)**

डा. ध्रुवचन्द्र गौतमले 'सत्यम् शिवम् सुन्दरम् : सिद्धिचरण' शीर्षकको लेख लेखेका हुन् । यसमा लेखक गौतमले कवि श्रेष्ठको काव्यात्मक प्रतिभालाई चर्चा गरेका छन् । 'सङ्कट पर्दछ मान्छेलाई ढुङ्गालाई के पर्दछ' यो हृदयस्पर्शी पङ्क्तिले लेखक गौतमलाई पनि बेला बेलामा घचघचाइरहेको टिप्पणी गर्दै उक्त पङ्क्ति मानवीय संवेदनाको विषयलाई कविताको माध्यमबाट आकर्षित पार्न सक्नु नै कविको काव्यात्मक खुबीको प्रमाण हो भनी गौतमले उल्लेख गरेका छन् । कवि श्रेष्ठको सम्पूर्ण कविताहरू सरलताका साथसाथै आफ्नै मौलिकपन पाइन्छ । यही मौलिकतामा मौलिकतामा राष्ट्रवादी तत्व ओतप्रोत भएर व्यक्त भएका छन् भनी लेखक गौतमले चर्चा गरेका छन् ।

**डा.ईश्वर बराल, 'परिवर्तनशील कवि सिद्धिचरण', घुयेत्रो द्वैमासिक (पूर्ववत्)**

डा.ईश्वर बरालले लेखेका 'परिवर्तनशील कवि सिद्धिचरण' शीर्षकको लेख घुयेत्रो द्वैमासिक पत्रिकामा प्रकाशित छ । यसमा लेखक बरालले प्राकृतिक छटाको चित्रण गर्नु कवि श्रेष्ठको

विशेषता भएको टिप्पणी गरेका छन् । प्रकृतिको शान्त स्निग्ध तथा सरल रूपका साथ प्रकृतिको सूक्ष्म निरीक्षण गरी कवि श्रेष्ठले आफ्नो रचनामा अभिव्यक्त गरेका छन् भनी लेखकले व्यक्त गरेका छन् । प्रकृति प्रेमी कवि श्रेष्ठ आफ्ना पुत्रको मृत्युबाट दुःखी र भावविह्वल भएका छन् । यसबाट उनले आफ्नो भावलाई विश्वव्यथा कवितामा प्रस्तुत गरेका छन भनी लेखक बरालले उल्लेख गरेका छन् ।

**माधव घिमिरे, 'मेरो मन पर्ने कवि', घुयेत्रो द्वैमासिक (पूर्ववत्)**

माधव घिमिरेद्वारा लेखिएको 'मेरो मन पर्ने कवि' शीर्षकको लेख घुयेत्रो द्वैमासिकमा प्रकाशित छ । यसमा कवि घिमिरेले कविवर श्रेष्ठ नेपालीका प्रिय कवि हुन् र साहित्यकारहरूले 'कविजी' भनेर गरिने सम्बोधन उनैका निम्ति भएको व्यक्त गरेका छन् । कवि घिमिरेको विचारमा कविताप्रति समर्पित महान् कवि सिद्धिचरण श्रेष्ठ जनताको निम्ति कविता लेखे बापत १८ वर्षसम्मको जेल पर्ने ठूला कवि भएको टिप्पणी गरेका छन् । यसरी कवि घिमिरेले आफूभन्दा अग्रज कविहरूमा लेखनाथजी, देवकोटाजी र सिद्धिचरणजी आफ्ना लागि पिता जस्तै भएको कुरालाई व्यक्त गर्दै सिद्धिचरण आफूलाई मन पर्ने कवि भएको उल्लेख गरेका छन् ।

**डा. मोहन लोहनी, 'सिद्धिचरणको उत्कृष्ट काव्य मङ्गलमान', घुयेत्रो द्वैमासिक (पूर्ववत्)**

'सिद्धिचरणको उत्कृष्ट काव्य मङ्गलमान' शीर्षकको लेख डा. मोहन लोहनीले लेखेका हुन् । यसमा लेखक लोहनीले कवि श्रेष्ठलाई क्रान्तिकारी कविको रूपमा चिनाउन मङ्गलमान सर्वस्वीकृत उच्चकोटीको काव्य मानिएको चर्चा गरेका छन् । नम्र, शिष्ट र साधारण जनताको प्रतिनिधित्व गर्दै जसले अन्यायको विरुद्ध लडे त्यस बापत पीडित र वहिष्कृत भएका मङ्गलमानको पक्षधर भएर सहानुभूतिपूर्वक कवि श्रेष्ठले काव्यमा दुःखको चित्रण गरेको लेखक लोहनीले व्यक्त गरेका छन् । यसमा सामाजिक अवस्थामा एउटा समाज सुधारक र देशभक्त समाज जो सबैको लागि शारीरिक र मानसिक रूपले पीडित हुन्छ उसैको लागि मङ्गलमानको मृत्यु अभिशाप हुन्छ भनी लेखक लोहनीले प्रस्तुत गरेका छन् ।

**डा.दयाराम श्रेष्ठ, 'तिम्रो बासित पैसा छैनको सिद्धिचरण', घुयेत्रो द्वैमासिक, (पूर्ववत्) ।**

'तिम्रो बासित पैसा छैनको सिद्धिचरण' शीर्षकको लेख डा. दयाराम श्रेष्ठले लेखेका हुन् । यसमा लेखकले कवि श्रेष्ठको 'तिम्रो बासित पैसा छैन' शीर्षकले क्रूर राणाशासनप्रति व्यङ्ग्य गरेको टिप्पणी गरेका छन् । आर्थिक उत्पीडनले गर्दा छटपटाई रहेको लाखौ नेपालीहरूको दुःख कथा बनेर विश्व मानचित्रमा गरिब देश मध्येको एक भनेर चिनिएको परिवेशमा उनको अभिव्यक्ति यसरी देखा परेको छ 'तिम्रो बासित पैसा छैन' । यो अभिव्यक्ति आम नेपालीहरूको गरीब प्रतिको व्यङ्ग्य हो यस व्यङ्ग्यभित्र राणाकालीन शासक वर्गको क्रूर मनोवृत्ति पनि व्यक्त भएको लेखक श्रेष्ठले टिप्पणी गरेका छन् ।

**जगदीश शमशेर, 'नेपाली साहित्यकाशका वृहस्पति सिद्धिचरण', घुयेत्रो द्वैमासिक, (पूर्ववत्)**

जगदीश शमशेरले 'नेपाली साहित्यकाशका वृहस्पति सिद्धिचरण' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक शमशेरले नेपाली साहित्यका काव्य क्षेत्रमा नाम चलेका कविहरूमा लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा आकाशका तीन तारा भए जस्तै सिद्धिचरण वृहस्पति हुन् उनलाई कुनै कोष्ठभित्र राख्न नहुने भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।

**विजय मल्ल, 'मेरा श्रद्धेय गुरु काजीदाइ', घुयेत्रो द्वैमासिक, (पूर्ववत्)**

'मेरा श्रद्धेय गुरु काजीदाइ' शीर्षकको लेख विजय मल्लले लेखेका हुन् । यसमा लेखक मल्लले सिद्धिचरण दाइको काखमा हुर्केको विजय मल्ल हुँ भनी उल्लेख गरेका छन् । कविसँग नजिकको सम्बन्ध मात्र नभइ धेरैकाल देखि उठबस लेखन शिक्षादीक्षा समेत प्राप्त गर्ने अवसर पाएको चर्चा गर्दै आफ्ना कविताहरू सायद सम्फन्न बिर्सिसके तर कविका कविताहरू अहिलेसम्म पनि कण्ठस्थ भन्न सक्छु भनी लेखक मल्लले व्यक्त गरेका छन् । काव्य साधनामा आफ्नो सम्पूर्ण जीवन नै समाप्त गरेका महान कवि श्रेष्ठ 'बहुला काजीको सपना' एकाङ्कीमा 'बहुलाकाजी' भन्ने मुख्यपात्र काजीदाइलाई नै प्रतीक मानेर लेखेको हुँ भनी मल्लले आफ्ना धारणा स्पष्ट पारेका छन् । कवि श्रेष्ठले जे-जति मेरो बुवाबाट शिक्षादीक्षा पाउनु भएको थियो त्यति मैले मेरो बुबाबाट नपाएको र काजी दाइले मलाई जति शिक्षादीक्षा दिनुभयो त्यति मैले अरुबाट नपाएको टिप्पणी गर्दै काजीदाइको भाइ म विजय मल्ल हुँ भनी व्यक्त गरेका छन् ।

**डा. चन्दा बज्राचार्य, 'सिद्धिचरणको नाटक : एक दृष्टि', घुयेत्रो द्वैमासिक, (पूर्ववत्)**

घुयेत्रो द्वैमासिक पत्रिकामा डा. चन्दा बज्राचार्यले 'सिद्धिचरणको नाटक : एक दृष्टि' शीर्षकको लेख लेखेकी छन् । यसमा लेखिका बज्राचार्यले सिद्धिचरण श्रेष्ठको नेपाल भाषा र नेपाली भाषामा लेखिएको नाटकलाई चर्चा गरेकी छन् । नेपालको सामाजिक, राजनैतिक, आर्थिक उतारचढावमा डुबुल्की मार्दै अभिव्यक्ति दिने कवि श्रेष्ठ नेपाल भाषामा सशक्त स्तरको रूपमा स्थापित व्यक्तित्व हुन् भनी लेखिकाले उल्लेख गरेकी छन् । ने.सं. १०९५ मा नेपाल भाषामा लेखिएको 'मतिनाया ख्यालय दशरथ' र 'लीलावतीया हेय् सिद्धिदास' नाटक लेखेका सिद्धिचरण श्रेष्ठले नेपाली भाषामा 'चोर' शीर्षक नाटक लेखेको बताएकी छन् । संख्यात्मक रूपमा थोरै भएपनि उहाँका नाटकहरू समस्याबाट उत्पन्न घटनामूलक नाटक हुन् र ती सबै समस्या समाधानको बाटोतिर लागेर सृजना भएका नाटक भएको लेखिका बज्राचार्यले बताएकी छन् ।

**गोविन्द भट्ट, 'एक प्रगतिशील कवि', घुयेत्रो द्वैमासिक, पूर्ववत्**

गोविन्द भट्टद्वारा लेखिएको 'एक प्रगतिशील कवि' शीर्षकको लेख घुयेत्रो द्वैमासिक पत्रिकामा प्रकाशित छ । यसमा लेखक भट्टले युगकवि श्रेष्ठ नेपाली साहित्यको आधुनिक युगको एक उत्कृष्ट स्रष्टा मात्र हैन हाम्रो साँस्कृतिक नवजागरण अभियानका एक सशक्त प्रतिभाशाली

प्रतिनिधि पनि भएको चर्चा गरेका छन् । पाँच दशक भन्दा लामो अवधि सम्म आफ्नो एक से एक उत्तम रचनाहरू मार्फत नेपाली वाङ्मयको श्रीवृद्धि गर्ने दिशामा अमूल्य योगदान गरेका कवि श्रेष्ठले आफ्ना विभिन्न क्रियाकलापद्वारा सामाजिक चेतनाको विकास गर्ने तर्फ निकै गहकिला कार्य गरेको टिप्पणी गरेका छन् । यसरी कवि श्रेष्ठले आफ्ना रचनामा सामाजिक यथार्थवाद र प्रगतिवादी मानवतावादको जल्दोबल्दो समस्यालाई व्यक्त गरेको लेखक भट्टले उल्लेख गरेका छन् ।

**केदारमान व्यथित, 'सिद्धिचरण एक सच्चा कवि', घुयेत्रो द्वैमासिक,** (पूर्ववत्)

केदारमान व्यथितले 'सिद्धिचरण एक सच्चा कवि' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक व्यथितले कवि श्रेष्ठ कसैसँग वादविवाद गर्दैनन् छुट्टै परिवेशमा रही आफ्नो काव्य अस्तित्व सृजना गर्ने कवि हुन् भनी टिप्पणी गरेका छन् । कवि श्रेष्ठबाट नै आफू कविता लेख्नतर्फ प्रेरणा पाएको हुँ भन्दै नेपाली वाङ्मयका तीन महारथी सिद्धिचरण श्रेष्ठ, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा भनेका तीन नदी हुन् भनी चर्चा गरेका छन् । यसमा सरल स्वभावका धनी सहज स्वभावका प्रकृति कवि श्रेष्ठको काव्यभण्डार कुवेरका धनभण्डार जस्तै भएको लेखक व्यथितले बताएका छन् ।

**प्रा. देवीलाल श्रेष्ठ, 'शहीदको प्रेरणाको श्रोत सिद्धिचरण श्रेष्ठ', घुयेत्रो द्वैमासिक,** (पूर्ववत)

प्रा. देवीलाल श्रेष्ठद्वारा लेखिएको 'शहीदको प्रेरणाको श्रोत सिद्धिचरण श्रेष्ठ' शीर्षकको लेख घुयेत्रो द्वैमासिक पत्रिकामा प्रकाशित छ । यसमा लेखक श्रेष्ठले सिद्धिचरण श्रेष्ठलाई प्रजातन्त्र प्राप्तिको लागि युवाहरूलाई हाँसी हाँसी फाँसीमा झुण्डिन प्रेरणा प्रदान गर्ने कवि हुन् भनी चर्चा गरेका छन् । क्रान्तिकारी कविता लेखे बापत तत्कालीन सरकारले सर्वस्वहरण सहित १८ वर्षको कारावास सजाय पाएका कवि श्रेष्ठको कविताले गंगालाल जस्ता कैयौ युवकहरूलाई राणाशासन विरुद्ध संघर्षमा उर्तिन प्रेरणा दिएको टिप्पणी गरेका छन् । यसरी आफ्ना कविताका माध्यमबाट शहिदलाई प्रेरणा प्रदान गर्न सफल भएका कवि श्रेष्ठका हालसम्म उचित सम्मान हुन नसकेको कुरा लेखक श्रेष्ठले बताएका छन् ।

**श्रीधर खनाल, 'युगपुरुष सिद्धिचरण', घुयेत्रो द्वैमासिक,** (पूर्ववत्)

श्रीधर खनालद्वारा लेखिएको 'युगपुरुष सिद्धिचरण' शीर्षकको लेख घुयेत्रो द्वैमासिक पत्रिकामा प्रकाशित छ । यसमा लेखक खनालले आफ्नो जन्म भूमिप्रति भाव विह्वल भइ कविता रच्न सफल भएका कवि श्रेष्ठका कवितामा देशप्रेम, राष्ट्रप्रेम, प्रकृतिप्रेम अभिव्यक्त हुने टिप्पणी गरेका छन् ।  नेपाली भाषा साहित्यको विकास वृद्धिमा आफ्नो जीवनकालभर सक्रिय रही कवि श्रेष्ठ हरेक नेपालीको मुटुमा स्थायी ठाउँ ओगट्न सफल भएको चर्चा गर्दै प्रकृतिप्रेमी कवि युगपुरुष हुन भनी लेखक खनाले आफ्नो धारणा राखेका छन् ।

**धूस्वाँ सायमी, 'साहित्यको केन्द्रविन्दु काजीदाइ', घुयेत्रो द्वैमासिक, (पूर्ववत्)**

धूस्वाँ सायमीले 'साहित्यको केन्द्रविन्दु काजीदाइ' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक सायमीले कम बोल्ने धेरै कुरा सुन्न चाहने काजीदाइ वास्तवमा नेपाली काव्य क्षेत्रमा प्रतिभाका धनी हुन् भनी व्यक्त गरेका छन् । देख्दा खेरी केही नजानेको जस्तो तर अति सरल हृदयका कवि लेखक साहित्यकारहरूको पीडा प्रति सधै चिन्ता रहनुका साथै आउदो युवापुस्तालाई प्रेरणा र प्रोत्साहन दिने उहाँको बानी भएको लेखकले बताएका छन् ।

**धर्मराज थापा, 'मेरो पथप्रदर्शक युगकवि', घुयेत्रो द्वैमासिक (पूर्ववत्)**

'मेरो पथप्रदर्शक युगकवि' शीर्षकको लेख धर्मराज थापाले लेखेका हुन् । यसमा लेखक थापाले कवि श्रेष्ठलाई प्रकृति प्रेमी कविको रूपमा चर्चा गरेका छन् । देशकाल परिस्थितिको सच्चा चरित्र-चित्रण गर्नमा अत्यन्त सिपालु भावुकपनका प्रकृति प्रेमी कवि प्रकृति जतिकै शाश्वत र परिवर्तनशील भएको कुरा थापाले उल्लेख गरेका छन् । प्रकृतिकै सुन्दर पथमा हिडेर मानवीय चेतनशील भावनाका फूल बिरुवा इत्यादिलाई आफूले खनेको नयाँ मार्गमा रोप्दै हिड्ने कवि श्रेष्ठ अत्यन्त परिश्रमी ज्यामी झै भएको लेखक थापाले व्यक्त गरेका छन् ।

**डा. काशिराज उपाध्याय, 'सिद्धिचरण श्रेष्ठ मेरो श्रद्धेय गुरु', घुयेत्रो द्वैमासिक, (पूर्ववत)**

डा. काशिराज उपाध्यायले 'सिद्धिचरण श्रेष्ठ मेरो श्रद्धेय गुरु' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक उपाध्यायले कविवर श्रेष्ठ आफ्नो श्रद्धेय गुरु भएको उल्लेख गरेका छन् । बहुआयामिक प्रतिभाका धनी कवि श्रेष्ठबाट अंग्रेजी भाषाका प्रारम्भिक अक्षरहरू नसिकीकन केवल नेपाली र सँस्कृत भाषामा योग प्राकृतिक चिकित्सा होमियोपैथिकका पुस्तक मात्रै पढेको भए मेरो अध्ययन अधूरो नै हुने थियो । आज जे-जस्तो अवस्थामा रहेको छु त्यो बनाउने श्रेय गुरु सिद्धिचरण श्रेष्ठको हो भनी लेखक उपाध्यायले बताएका छन् ।

**निष्कर्ष**

कवि श्रेष्ठका सम्बन्धमा विभिन्न पत्रपत्रिका तथा संघ संस्थारुले उनलाई केन्द्रित गरी कवि सिद्धिचरण स्मृति विशेषाङ्क (२०५०), नेपाली साहित्य बाटिका सिद्धिचरण नारी अङ्क (२०५२) र युगकवि सिद्धिचरण विशेषाङ्क घुयेत्रो द्वैमासिक (२०५६/०५७) प्रकाशित गरेको पाइन्छ । यस विशेषाङ्कहरूमा कवि श्रेष्ठका जीवनी, व्यक्तित्व कृतित्व र योगदानका बारेमा चर्चा परिचर्चा गरेको पाइन्छ । आधुनिक नेपाली स्वच्छन्दतावादी धारामा एक प्रतिष्ठित कवि श्रेष्ठलाई प्रकृतिप्रेमी, मानवतावादी, क्रान्तिकारी र देशभक्ति कविका रुपमा विभिन्न लेखक, समालोचकहरूले चर्चा गरेको पाइन्छ । यसैगरी नेपाल भाषामा पनि कवि श्रेष्ठको स्थान उच्च रहेको चर्चा गर्दै उनले नेपाल भाषामा गरेको योगदानलाई पनि अध्येताहरूले विवेचना गरेको पाइन्छ । यसैगरी संस्मरणात्मक लेख र कवि श्रेष्ठलाई नै विषय बनाई लेखिएको कविताहरू पनि उक्त विशेषाङ्कहरूमा प्रकाशित भएको पाइन्छ ।

# छैटौँ परिच्छेद
# सिद्धिचरण श्रेष्ठसम्बन्धी शोधकार्य अध्ययनको सर्वेक्षण

विभिन्न पत्रपत्रिकाहरू र पुस्तकाकार कृतिहरूमा सिद्धिचरण श्रेष्ठ सम्बन्धी अध्ययनहरू भए जस्तै विभिन्न शोधकार्यका रूपमा पनि कवि श्रेष्ठ सम्बन्धी विभिन्न अध्ययनहरू हुँदै आइरहेका छन् । यस परिच्छेदमा स्नातकोत्तर स्तरीय शोधकार्यहरूको निष्कर्ष क्रमशः प्रस्तुत गरिएको छ ।

## ६.१ स्नातकोत्तर स्तरीय शोधकार्य

**शम्भुप्रसाद कोइराला, 'सिद्धिचरण श्रेष्ठको जीवनी व्यक्तित्व र कृत्तित्व', स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि., कीर्तिपुर, २०३७**

शम्भुप्रसाद कोइरालाले 'सिद्धिचरण श्रेष्ठको जीवनी व्यक्तित्व र कृत्तित्व' शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र लेखेका छन् । यस अध्ययनमा लेखक कोइरालाले उक्त शोधकार्यलाई चार परिच्छेदमा विभाजित गरेका छन् । पहिलो परिच्छेदमा कवि सिद्धिचरण श्रेष्ठको जीवनी, व्यक्तित्व, दोस्रो परिच्छेदमा कविको रुपमा सिद्धिचरण श्रेष्ठ, तेस्रो परिच्छेदमा कविको कवित्वको विकास, प्रक्रिया र मोडहरूको चर्चाका साथै कृतिहरूको विवेचना र चौथो परिच्छेदमा कवि श्रेष्ठको योगदानको साथ निष्कर्ष दिएका छन् । जम्मा १५४ पृष्ठमा अनुवन्दित यो शोधपत्र कोइरालाले वि.सं २०३७ सालमा पूरा गरेका हुन् । यसमा कोइरालाले कवि श्रेष्ठका जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा चर्चा गरेका छन् । वि.सं १९६९ ओखलढुङ्गा जिल्लामा जन्मेका सिद्धिचरण श्रेष्ठ सानै उमेरदेखि कविता लेख्न सुरु गरे पनि वि.सं १९९० सालको 'भूइँचालो' कविता गोरखापत्रमा प्रकाशित भएपछि उनी औपचारिक रुपमा साहित्य क्षेत्रमा उदाएको लेखकले बताएका छन् । आफ्नै बुबा मुमाको प्रभाव र प्रेरणाबाट कविता लेख्न सुरु गरेका कविले नेपाली साहित्यमा देखापरेको स्वच्छन्दतावादी धारामा केन्द्रित भई कविता लेखेको कोइरालाले चर्चा गरेका छन् । उनका कवितामा विभिन्न प्रकारका प्रवृत्तिहरूमध्ये प्रकृति, प्रगतिवादी, मानवतावादी, व्यङ्ग्य, विद्रोह, असन्तोष, नैराश्यका साथ देशभक्ति स्वर पाइन्छ भने कोइरालाले उल्लेख गरेका छन् । कवि श्रेष्ठका प्रकाशित कृतिका आधारमा वि.सं. १९९१-१९९७ सम्म पहिलो चरण २००२-२००७ सम्म दोस्रो चरण र २००७-२०१७ सम्म तेस्रो चरणमा विभाजित गरी 'कोपिला', 'मेरो प्रतिविम्ब', 'उर्वशी', 'सीस्वाँ', 'फूस्वाँ' कृतिको पनि विवेचना गरेका छन् । यसरी विवेचना गर्ने क्रममा कोइरालाले 'उर्वशी' खण्डकाव्यलाई नेपाली साहित्यमा उल्लेखनीय योगदान पुऱ्याउन सफल भएको काव्य भन्दै यसभित्र भएका अन्तर्द्वन्द्वलाई पनि उल्लेख गरेका छन् । यसरी वि.सं १९९१ देखि आधुनिक कालको रोमान्टिक धाराको प्रवर्तनसंगै नेपाली साहित्यमा उदाएका कवि श्रेष्ठका कवितामा प्रकृतिप्रेम, राष्ट्रप्रेम र क्रान्तिचेत पाइने कोइरालाले निष्कर्ष दिएका छन् ।

**लक्ष्मीनारायण मिश्र, 'सिद्धिचरण श्रेष्ठको खण्डकाव्य यात्रा' २०५८**

लक्ष्मीनारायण मिश्रले 'सिद्धिचरण श्रेष्ठको खण्डकाव्य यात्रा' शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र लेखेका छन् । मिश्रले यस शोधपत्रलाई चार परिच्छेदमा विभाजित गरेका छन् । पहिलो परिच्छेदमा शोधपत्रको परिचय, दोस्रो परिच्छेदमा खण्डकाव्य कृतिको अध्ययन, तेस्रो परिच्छेदमा कवि श्रेष्ठको खण्डकाव्य यात्राका साथै उनका खण्डकाव्यात्मक प्रवृत्ति र चौथो परिच्छेदमा शोधनिष्कर्षमा अन्त्य गरिएको छ । यसमा मिश्रले नेपाली साहित्यमा सबैभन्दा बढी पहिला क्रान्तिको विगुल फुक्ने कवि सिद्धिचरण श्रेष्ठ (वि.सं.१९६९–वि.सं.२०४९) आधुनिक नेपाली कविता क्षेत्रका अद्वितीय प्रतिभा भएका व्यक्त गरेका छन् । कवि श्रेष्ठले चार, पाँच कक्षामा अध्ययन गर्दा देखि नै अर्थात सं. १९८४ तिर आफूले कविता कोर्न थालेको सूचना स्वयम् दिए पनि वि.सं. १९९० सालमा प्रकाशित 'भुइँचालो' (गोरखापत्र फागुण) कविता देखि नै उनको औपचारिक कविता यात्राको थालनी भएको मिश्रले चर्चा गरेका छन् । लगभग ६ दशक लामो समयसम्म कविले आफूलाई साहित्य सिर्जना र साधनामा समर्पित भएर कविता विधाका विभिन्न विधा, उपविधाका साथै लेख, निवन्ध र संस्मरण जस्ता प्रशस्त कृतिको रचना गरी नेपाली साहित्यमा सिर्जनशील रहेको मिश्रले टिप्पणी गरेका छन् । वि.सं. १९९० सालदेखि वि.सं.२०४९ सम्म लगभग ६ दशक लामो समयावधिमा उनले वि.सं. १९९७ देखि वि.सं. २०४२ सम्मका खास खास समयावधिमा खण्डकाव्य लेखेको उल्लेख गरेका छन् । वि.सं. १९९६ सालमा प्रकाशित 'विश्वव्यथा' देखि नै कविले आफूलाई खण्डकाव्य लेखनमा सक्रिय तुल्याए पनि वि.सं. २०१७ सालमा प्रकाशित 'उर्वशी' खण्डकाव्य नै उनको प्रथम प्रकाशित खण्डकाव्य भएको मिश्रले व्यक्त गरेका छन् । यसरी कवि श्रेष्ठले समय समयमा खण्डकाव्यकृतिहरूको रचना गर्दै आए तापनि ती खण्डकाव्यहरू लामो समयसम्म अप्रकाशित अवस्थामा रहेको मिश्रले निष्कर्ष दिएका छन् ।

**६.२ कवि श्रेष्ठसम्बन्धी सान्दर्भिक शोधअध्ययनहरू**

कवि श्रेष्ठ सम्बन्धी शोधअध्ययन हुने क्रममा उनीसँग सम्बन्धित केही शीर्षकमा शोधकार्य पूरा भएको पाइन्छ भने विभिन्न शीर्षकमा गरिएको शोधकार्यमा पनि कवि श्रेष्ठलाई सान्दर्भिक विषयका रूपमा चर्चा गरेको पाइन्छ । यस क्रममा उनलाई सान्दर्भिक विषयका रूपमा चर्चा गरिएको प्राप्त शोधपत्रहरूका आधारमा सर्वेक्षणात्मक टिप्पणी कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

**रघुनाथ घिमिरे, 'नेपाली साहित्यमा शारदाको योगदान', २०३२ कीर्तिपुर बहुमुखी क्याम्पस**

'नेपाली साहित्यमा शारदाको योगदान' शीर्षकमा रघुनाथ घिमिरेले स्नातकोत्तर स्तरीय शोधकार्य गरेका छन् । यसमा घिमिरेले नेपाली साहित्यमा 'शारदा' पत्रिकाको योगदानलाई चर्चा गरेका छन् । सं. १९९१ साल फागुण देखि ऋद्धिबहादुर मल्लको सम्पादनमा प्रकाशित भएको

'शारदा' पत्रिकाको माध्यमबाट लेखकहरू आफ्ना लेख रचनाहरू प्रकाशित गर्न सुरुवात गरे भने साहित्यिक चर्चापरिचर्चा पनि यसै पत्रिका मार्फत आरम्भ भएको घिमिरेले उल्लेख गरेका छन् । यसमा घिमिरेले शारदा पत्रिकाको वर्ष १-२८ सम्मका प्रकाशित अङ्कहरूमा विभिन्न लेखकहरूको नाम र लेखरचनाको शीर्षकलाई वर्णानुक्रममा राखी प्रस्तुत गरेका छन् । यसरी घिमिरेले विभिन्न लेखकहरूको लेख रचना प्रस्तुत गर्ने क्रममा कवि श्रेष्ठका प्रकाशित कवितालाई प्रस्तुत गरेका छन् । कवि श्रेष्ठका शारदामा प्रकाशित पहिलो कविता (वर्ष एक, संख्या २, चैत्र १९९१) 'प्रातःकालीन किरण' हो यस शोधकार्यमा घिमिरेले लेखरचनालाई वर्णानुक्रममा प्रस्तुत गरेको हुनाले 'अन्धकार' (वर्ष १४,संख्या ४/५ साउन/भाद्र २००५, पृ. ७७) शीर्षक कविताबाट सुरुवात गरी 'हिमाल' शीर्षकको वर्ष २, सङ्ख्या ७ भदौ १९९३ पृ. १) कवितामा अन्त्य गरेका छन् । यसरी कवि श्रेष्ठले शारदामा विक्रम सम्बत १९९१ देखि आफ्ना रचनाहरू प्रकाशन गर्न आरम्भ गरेका हुन् भने २०१७ सालसम्म उनले निरन्तर रूपमा ६० वटा कविता प्रकाशित गरी त्यसपछि शारदामा कविता प्रकाशन नभएको घिमिरेले उल्लेख गरेका छन् । यसरी शारदामा लगातार रुपमा कवि श्रेष्ठले ६० वटा कविता प्रकाशित गरी नेपाली साहित्यमा उनको योगदान उल्लेखनीय रहेको घिमिरेले व्यक्त गरेका छन् ।

**२. टिकाराम पाण्डेय, 'नेपाली साहित्यका कविता पत्रिकाको योगदान'**

टिकाराम पाण्डेयले 'नेपाली साहित्यमा कविता पत्रिकाको योगदान' शीर्षकमा स्नातकोत्तरीय शोधपत्र लेखेका छन् । यसमा पाण्डेयले नेपाली साहित्यमा 'कविता' पत्रिकाको योगदान माथि प्रकाश पारेका छन् । वि.सं. २०२१ मंसिर महिना देखि ने.रा.प्र.प्र.ले 'कविता' पत्रिका प्रकाशन गरेको र यस पत्रिकाको सुरुको अङ्कदेखि वर्ष १, अङ्क ३ सम्म कवि सिद्धिचरण श्रेष्ठ प्रधान सम्पादक भएको उल्लेख गरेका छन् । कविको कविताले नेपाली साहित्यमा महत्वपूर्ण योगदान दिएको टिप्पणी गरेका छन् । कवि श्रेष्ठका 'जूनकीरी' खण्डकाव्यले समाजका विसङ्गति र विकृतिलाई तोडेर सामाजिक स्वतन्त्रता प्रदान गर्न सफल भएको पाण्डेयले व्यक्त गरेका छन् ।

**३.सीता कटवाल, 'नेपाली बालकविताको अध्ययन', २०५० स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर**

सीता कटवालले 'नेपाली बालकविताको अध्ययन' शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र लेखेकी छन् । यसमा कटवालले बालसाहित्यको विकासमा सघाउ पुऱ्याउने अर्का प्रतिष्ठित कवि सिद्धिचरण श्रेष्ठ भएको चर्चा गरेकी छन् । कवि श्रेष्ठको फुटकर बालकविताहरू सरल नेपाली साहित्य, ज्ञानमाला नेपाली साहित्य जस्ता विभिन्न बालपाठ्यपुस्तकहरूमा निकै अगिदेखि प्रकाशित हुँदै आएको र संग्रहको रूपमा आएको 'तिरमिर तारा' (२०४५) कविता हो जसमा उन्नाइसवटा बालकविता संग्रहित भएको कटुवालले उल्लेख गरेकी छन् । विभिन्न विषयवस्तुमा रचना गरिएका यी बालकवितामा शिक्षाप्रद, राष्ट्रभावना, देशभक्ति जगाउनुका साथै प्रकृतिलाई चिनाउनु राष्ट्रप्रेम

र देशको भावना बालमष्तिष्कमा उमार्नु विश्वबन्धुत्वको भावना जगाउनु कविको वैशिष्ट्य हो र सरल सुकोमल, बालसुलभ जस्ता अभिव्यक्तिले गर्दा कवि श्रेष्ठका कविता बालभावना सुहाउँदिला भएको कटवालले व्यक्त गरेकी छन् ।

**४. शीला रानाभाट, 'नेपाली बालकविता (वि.सं.२०४६-वि.सं.२०६०) को अध्ययन' स्नातकोत्तर शोधपत्र त्रि.वि., कीर्तिपुर**

शीला रानाभाटले 'नेपाली बालकविता (वि.सं.२०४६-वि.सं.२०६०) को अध्ययन' शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र लेखेकी छन् । यसमा रानाभाटले युगकवि सिद्धिचरण श्रेष्ठले काव्ययात्राको सुरुमा फाटफुट रूपमा बाल कविता लेखे पनि काव्ययात्राको उत्तरार्द्धतिर मात्र उनका बाल कविता सङ्ग्रहहरू प्रकाशित भएको प्रस्तुत गरेकी छन् । कवि श्रेष्ठका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भए पनि बालकविता संग्रह 'तिरमिर तारा' (२०४५) र 'झिलिमिलि जूनकीरि' (२०५९) दुईवटा कविता संग्रह प्रकाशित भएको व्यक्त गरेकी छन् । कवि श्रेष्ठका बालकवितामा स्तुतिपरक, राष्ट्रपरक, प्रकृतिपरक, उपदेशपरक, जीवजन्तु, चाडवाड जस्ता विविध पक्ष पाइन्छ भनी टिप्पणी गरेकी छन् । प्रकृतिलाई चिनाउनु, विश्ववन्धुत्वको भावना जगाउनु, राष्ट्रप्रेम र देशभक्तिको भावना बालकहरूमा जगाउनु, नैतिक शिक्षा प्रदान गर्नु आदि कवि श्रेष्ठका बालकविताका विशेषता भएका रानाभाटले चर्चा गरेकी छन् ।

## निष्कर्ष

कवि श्रेष्ठका सम्बन्धमा अध्ययन गर्ने क्रममा स्नातकोत्तर स्तरीय शोधका रूपमा पनि अध्ययन भएको पाइन्छ । यस क्रममा उपलब्ध तथ्यहरूका आधारमा भन्नुपर्दा कविका सम्बन्धमा पूरा भइसकेका स्नातकोत्तर स्तरीय शोधपत्र जम्मा दुईवटा मात्र प्राप्त भएका छन् । उनीसँग सम्बन्धित शोधकार्यमा शम्भुप्रसाद कोइरालाले 'सिद्धिचरण श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्व' शीर्षकमा शोधकार्य गरेको पाइन्छ । यसमा कोइरालाले कवि श्रेष्ठ मूलतः रोमान्टिक छायाँवादी कवि हुन् र नेपाली साहित्यका विभिन्न विधामा भन्दा कविताविधाकै कुसल सिद्धि भएको चर्चा गरेका छन् । यसै गरी मिश्रले वि.सं. १९९० देखि २०४९ सालसम्म लगभग ६ दशक लामो समयावधिमा खण्डकाव्य लेखेको उल्लेख गरेका छन् । १९९६ सालमा प्रकाशित 'विश्वव्यथा' देखि नै कविले आफूलाई खण्डकाव्य लेखनमा सक्रिय तुल्याए पनि २०१७ मा प्रकाशित खण्डकाव्य 'उर्वशी' भएको अध्ययनमा उल्लेख गरेका छन् । यस क्रममा मिश्रले उनका प्रकाशित खण्डकाव्यको तत्वगत अध्ययन गरेका छन् ।

कवि श्रेष्ठसँग सान्दर्भिक स्नातकोत्तर स्तरीय शोधपत्र अन्तर्गत रघुनाथ घिमिरेले 'नेपाली साहित्यमा शारदाको योगदान' शीर्षकको शोधकार्यमा पनि वर्ष १ देखि २८ सम्मका अङ्कमा प्रकाशित लेख रचना र कवितालाई वर्णानुक्रममा प्रस्तुत गरेका छन् जस अन्तर्गत कवि श्रेष्ठका

प्रकाशित कवितालाई वर्णानुक्रममा राखेको पाइन्छ । टीकाराम पाण्डेले 'नेपाली साहित्यमा कविता पत्रिकाको योगदान शीर्षकको शोधपत्रमा २०२१ मंसिर महिना देखि ने.रा.प्र.प्र.ले 'कविता' पत्रिका प्रकाशन गरेकोमा सुरुको अङ्कदेखि वर्ष १ अङ्क ३ सम्म कवि श्रेष्ठ प्रधान सम्पादक भएको उल्लेख गरेका छन् । 'नेपाली बालकविताको अध्ययन' (२०५०) र नेपाली बालकविताको अध्ययन (२०४६-२०६०) शीर्षकमा सिद्धिचरण श्रेष्ठका बाल कवित्वका बारेमा चर्चा भएको पाइन्छ । यी अध्ययनमा उनका बालकवितामा राष्ट्रभावना प्रकृतिप्रेम र बालबालिकाका लागि चेतना जगाउने खालका कविता पाइने कुरा उल्लेख भएको पाइन्छ

# सातौँ परिच्छेद

# उपसंहार

सिद्धिचरण श्रेष्ठसम्बन्धी अध्ययन परम्परा' शीर्षकमा गरिएको प्रस्तुत शोधपत्र जम्मा जम्मी सातवटा परिच्छेदमा पूर्ण भएको छ । यस शोधपत्रको पहिलो परिच्छेद शोध परिचयसँग सम्बन्धित छ भने साँतौ परिच्छेद शोध निष्कर्षका रूपमा रहेको छ । यसमा दोस्रो परिच्छेद देखि छैटौ परिच्छेद सम्ममा मुख्य विषयको विवेचना गरिएको छ र त्यसबाट प्राप्त भएका निष्कर्षहरू यसप्रकार छन् -

१. वि.सं १९९० सालमा गोरखापत्रमा प्रकाशित 'भूँइचालो' शीर्षक कविताबाट औपचारिक रुपमा नेपाली साहित्यमा प्रवेश गरेका कवि श्रेष्ठ स्वच्छन्दतावादी धाराका एक प्रतिष्ठित कवि हुन् । वि.सं १९९१मा प्रकाशित 'शारदा' पत्रिकामा सम्पदान कार्यमा संलग्न कवि श्रेष्ठले क्रान्ति र विद्रोहका कविता लेखे वापत वि.सं १९९७ -२००२ सम्म जेल परेका थिए । वि.सं.२००२ मा जेल मुक्त भएपछि उनी विभिन्न पत्रपत्रिका र सामाजिक सेवामा पनि क्रियाशील भएको देखिन्छ । नेपाली कविता परम्परामा स्वच्छन्दतावादी युगको प्रवर्तनमा प्रमुख भूमिका खेलेको कवि श्रेष्ठका असख्य फुटकर कविता, सातवटा कविता सङ्ग्रह र नौवटा खण्डकाव्य तथा नेपाल भाषामा पनि केही कविता प्रकाशित भएको पाइन्छ ।

२. कवि श्रेष्ठद्वारा रचित फुटकर कविता वि.सं १९९० देखि प्रकाशित हुन थाले पनि यिनका सम्बन्धमा सर्वप्रथम सूर्यविक्रम ज्ञवालीले वि.सं १९९३ मा 'नेपाली साहित्याकाशका दुई तारा' शीर्षकको समीक्षात्मक लेख प्रकाशित गरेपछि अध्ययन तथा चर्चा गर्ने क्रम सुरु भएको हो । यसरी ज्ञवालीबाट थालनी भएको अध्ययन परम्परा हालसम्म आइपुग्दा विभिन्न विद्वान्हरूबाट कवि श्रेष्ठका कृतित्वका साथै उनले गरेको योगदानमा केन्द्रित भएर अध्ययन गरेको पाइन्छ । यसक्रममा कवि श्रेष्ठका काव्यकृतिका सम्बन्धमा विभिन्न लेखक तथा समालोचकहरूले आ-आफ्नो विचार प्रकट गर्दै आएका छन् । यी अध्ययनहरू पत्रपत्रिकाहरूमा प्रकाशित लेखका रुपमा कुनै पत्रपत्रिका भित्रै फुटकर तथा लामा लेखका रुपमा र केही आंशिक चर्चाका रुपमा देखिन्छन् । कवि श्रेष्ठका बारेमा लेखिएका यस्ता अधिकांश लेखहरू कुनै रचना विशेषमा र केही उनका जीवनी व्यक्तित्व र योगदानका बारेमा अध्ययन भएको पाइन्छ । यसरी कवि श्रेष्ठका बारेमा अध्ययन गरी लेखिएका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर लेखहरू धेरै भए पनि यस शोधकार्यमा ७९ वटा लेखलाई समावेश गरी प्रस्तुत गरिएको छ । यस अध्ययनका आधारमा कवि श्रेष्ठलाई

स्वच्छन्दतावादी धाराका एक प्रतिष्ठित कविका रुपमा धेरै लेखकहरूले चर्चा गरेको पाइन्छ । यसैगरी उनको कवि व्यक्तित्वको मूल्याङ्कनलाई पनि चर्चा गरेको पाइन्छ ।

३. कवि श्रेष्ठका बारेमा अध्ययन गर्ने विद्वान्हरूले उनको व्यक्तित्व र कृतित्वमा केन्द्रित रहेर विभिन्न पुस्तकाकार कृतिकरु तयार पारेका छन् । तीमध्ये केही कवि श्रेष्ठमै केन्द्रित छन् भने कतिपय कृतिहरू साहित्यका अन्य विधासँग सम्बन्ध छन् । यस पुस्तकाकार कृतिहरूमा दुईवटा पुस्तकहरू कवि श्रेष्ठकै विषयमा केन्द्रित छन् भने २८ वटा जति विभिन्न पुस्तकहरूमा कवि श्रेष्ठकै सम्बन्धमा आंशिक रुपमा चर्चा भएको यस शोधपत्रमा उल्लेख गरिएको छ । यसैगरी केही पुस्तकका सम्पादकीय र भूमिकाहरूमा पनि कवि श्रेष्ठकका सम्बन्धमा विभिन्न चर्चा भएको पाइन्छ । यसक्रममा 'मेरो प्रतिविम्बि' कविता सङ्ग्रह, 'तिरमिर तारा', 'सिद्धिचरणका प्रतिनिधि कविता', 'मङ्गलमान' खण्डकाव्य लगायत अन्य कृतिहरूमा कवि श्रेष्ठका बारेमा विभिन्न लेखक तथा समालोचकहरूले चर्चा परिचर्चा गरेका छन् । त्यसैगरी विभिन्न संघसंस्था र प्रकाशकले पनि विभिन्न कृतिमा भूमिका लेखी कवि श्रेष्ठका बारेमा अध्ययन तथा चर्चा गरेको पाइन्छ ।

४. सिद्धिचरण श्रेष्ठका सम्बन्धमा विभिन्न पत्रपत्रिका तथा संघ संस्थाहरूले कवि श्रेष्ठलाई केन्द्रित गरी कवि सिद्धिचरण स्मृति विशेषाङ्क (२०५०) नेपाली साहित्य बाटिका सिद्धिचरण : नारी अङ्क (२०५२) र युगकवि सिद्धिचरण विशेषाङ्क धुयेत्रो द्वैमासिक (२०५६/०५७) हरू पनि प्रकाशित गरेको पाइन्छ । यस शोधपत्रमा समेटिएका विशेषाङ्कहरूमा प्रकाशित लेखहरूलाई हेर्दा कवि श्रेष्ठका व्यक्तित्व र कृतित्वका सम्बन्धमा भएका अध्ययनहरू अग्रपंक्तिमा देखिन्छन् । त्यस पछि कवि श्रेष्ठका व्यक्तित्वका बारेमा केही संस्मरणात्मक लेख र कविताहरू पनि प्रकाशित भएको पाइन्छ ।

५. कवि श्रेष्ठका सम्बन्धमा अध्ययन गर्ने क्रममा कविताका विविध उपविधालाई लिएर स्नातकोत्तर स्तरीय शोधका रुपमा पनि अध्ययन भएको पाइन्छ । यसक्रममा उपलब्ध तथ्यका आधारमा कवि श्रेष्ठका सम्बन्धमा पूरा भइसकेका स्नातकोत्तर स्तरीय शोधकार्यमा जम्मा दुईवटा मात्र प्राप्त भएको छ भने कवि श्रेष्ठसँग सान्दर्भिक स्नातकोत्तर स्तरीय शोधकार्य चारवटा उपलब्ध भएको छ । यसरी कवि श्रेष्ठका सम्बन्धमा गरिएका यी शोध कार्यहरूमा उनका जीवनी, व्यक्तित्व र कृतित्व, 'शारदा' र 'कविता', पत्रिकामा योगदानका साथै बालकवितामा कविको स्थानलाई चर्चा परिचर्चा गरेको पाइन्छ ।

यसरी कवि श्रेष्ठका सम्बन्धमा अध्ययन गर्ने सुरुवात सूर्य विक्रम ज्ञवालीबाट भएको हो । उनका बारेमा विभिन्न लेखक समालोचकहरूले संस्मरण, समालोचना, विश्लेषण र प्रशंसाका रुपमा समेत कलम चलाएका छन् । हालसम्म आइपुग्दा यो क्रम अघि बढिरहेको पाइन्छ । यसरी

कवि श्रेष्ठका सम्बन्धमा  विभिन्न संघ संस्था र समितिले पनि बेला बेलामा विशेषाङ्कहरू प्रकाशित गरेर उनका व्यक्तित्व, कृतित्व र योगदानका बारेमा चर्चा परिचर्चा गरेको पाइन्छ । यस क्रममा कवि श्रेष्ठका सम्बन्धमा सामान्य छलफल भएका छोटा छरिता लेखदेखि पुस्तकाकार कृतिसम्म प्रकाशित भएको देखिन्छ । यसरी सिद्धिचरण सम्बन्धी अध्ययन परम्परालाई हेर्दा यो निकै व्यापक देखिन्छ । समग्रमा युगकवि सिद्धिचरण श्रेष्ठसम्बन्धी विभिन्न पत्रपत्रिका र पुस्तकाकार कृतिमा असङ्ख्य रुपमा लेखरचनाहरू प्रकाशित भएको पाइन्छ । ती सबै अध्ययनहरूलाई प्रस्तुत शोधकार्यमा समेट्न सकिएको छैन ।

## सन्दर्भसामग्री


अवस्थी, महादेव, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाडौंः इन्टेलेक्चुअल्ज बुक प्यालेस, २०६४ ।

कुँवर उत्तम, **स्रष्टा र साहित्य,** काठमाडौँ : साझा प्रकाशन, २०५० ।

खनाल, यदुनाथ, **साहित्यिक चर्चा** , काठमाडौँ : साझा प्रकाशन, २०३४ ।

गोदारे नारायण, **सिद्धिचरण एक र अनेक नब्य काव्य,** काठमाडौंः सुगन्ध प्रकाशन,२०५८ ।

घिमिरे रघु, **सिर्जना र दृष्टि,** काठमाडौंः साझा प्रकाशन , २०५१ ।

जोशी रत्नध्वज, **साहित्य समीक्षा** , काठमाडौंः साझा प्रकाशन , २०२५ ।

----, **नेपाली साहित्यको झलक,** काठमाडौंः साझा प्रकाशन , २०३४ ।

ठाकुर उषा, **स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि**, काठमाडौंः रामभक्त ठाकुर, २०५८ ।

त्रिपाठी वासुदेव, **नेपाली कविता भाग दुई**, काठमाडौंः साझा प्रकाशन, २०४८ ।

देवकोटा राजेश्वर, **नेपाली निबन्धवाली** , काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०२४ ।

नेपाल, पूर्णप्रकाश, **सिद्धिचरण सञ्चरण महाकाव्य**, काठमाडौंः तन्नेरी प्रकाशन, २०६० ।

पराजुली, कृष्णप्रसाद, **पन्ध्र तारा र नेपाली साहित्य**, काठमाडौंः साझा प्रकाशन , २०२४

----, **देउराली**, वाराणसीः साहित्य सङ्गम, २०५७ ।

----, **अर्को देउरालीबाट**, वाराणसीः साहित्य सङ्गम, २०६४ ।

प्रधान, कृष्णचन्द्रसिंह, (सम्पा.) **साझा समालोचना,** काठमाडौंः साझा प्रकाशन , २०३४ ।

प्रसाई, गणेशबहादुर , **नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०४८ ।

पोखरेल, भानुभक्त, **साहित्यिक अनुशीलन,** काठमाडौंः साझा प्रकाशन , २०५७ ।

पौड्याल महानन्द, **विचरण आफ्नै क्षितिजभित्र** , सिक्किमः इन्द्रकील सन् १९९७ ।

बन्धु, चूडामणि, **साझा कविता**, काठमाडौंः साझा प्रकाशन , २०३४ ।

भट्टराई गोविन्द, **काव्यिक आन्दोलनको परिचय**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०४९ ।

भट्टराई घटराज, **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौंः एकता बुक्स डिस्ट्रीव्यूटर्स, २०४० ।

भट्टराई जयदेव, **व्यक्तित्व र शब्द चित्र**, काठमाडौंः साझा प्रकाशन, २०५३ ।

मञ्जुल, **सिद्धिचरणहरू**, काठमाडौंः युगकवि सिद्धिचरण प्रतिष्ठान २०५५ ।

लामिछाने, यादवप्रकाश, **नेपाली कविता-काव्य र साहित्य तत्व** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०५३ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०

शर्मा, गार्गी, **सिद्धिचरणका खण्डकाव्यको अध्ययन** भुवन मोहिनी काठमाडौँ, २०५१ ।

शर्मा, गार्गी, **शारदाका कवितामा विद्रोहात्मक स्वर**, नेपाली साहित्यमन्दिर काठमाडौँ, २०५८ ।

शर्मा, गार्गी, **केही समीक्षात्मक अभिव्यक्ति,** काठमाडौँ : नेपाली साहित्यमन्दिर २०५३ ।

श्रेष्ठ, रमेश , **नेपाली कविताको प्रवृत्ति,** काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

श्रेष्ठ, सिद्धिचरण, **मेरो प्रतिविम्ब**, काठमाडौं : स्वयम कवि, २०२१ ।

----, **तिरमिर तारा बालकविता सङ्ग्रह**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४५ ।

----, **सिद्धिचरणका प्रतिनिधि कविता** काठमाडौं :नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४५ ।

----, **कुहिरो र घाम** काठमाडौं : साझा प्रकाशन, २०४५ ।

----, **मङ्गलमान खण्डकाव्य,** काठमाडौं : हिरण्यमान र चन्द्रमान, २०४५ ।

----, **उर्वशी खण्डकाव्य** काठमाडौं : साझा प्रकाशन, २०१७ ।

सुवेदी, अभि, **रचना र माध्यम,** साझा प्रकाशन, ललितपुर, २०५४ ।

सुवेदी, राजेन्द, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, भूमिका प्रकाशन वाराणसी, २०६१ ।

**पत्रपत्रिका सूची**

**अरुणोदय**, वर्ष ११, अङ्क १, काठमाडौं, पुस/माघ, २०३० ।

**अभिव्यक्ति**, वर्ष २७, अङ्क शरद ऋतु, काठमाडौं, असोज, २०५३ ।

**अन्नपूर्णपोष्ट**, वर्ष ८, अङ्क २३, काठमाडौं, जेठ, २०६६ ।

**आजको समाचारपत्र**, वर्ष ३, अङ्क १३२, काठमाडौं, जेठ, २०५४ ।

**उन्नयन,** वर्ष २, अङ्क ५, काठमाडौं, जेठ, २०४७ ।

**कान्तिपुर**, वर्ष १, अङ्क ९३, काठमाडौं, जेठ, २०५१ ।

**कान्तिपुर**, वर्ष २, अङ्क ९१, काठमाडौं, जेठ, २०५१ ।

**कान्तिपुर**, वर्ष २, अङ्क ९१ काठमाडौं, जेठ, २०५१ ।

**कान्तिपुर**, वर्ष ३ अङ्क ९७ काठमाडौं, जेठ, २०५३ ।

**कान्तिपुर**, वर्ष ७ अङ्क ९२ काठमाडौं, जेठ, २०५५।

**कान्तिपुर**, वर्ष ८ अङ्क ९४, काठमाडौं, जेठ, २०५७।

**कान्तिपुर**, वर्ष १७ अङ्क ९५ काठमाडौं, जेठ, २०६६।

**गरिमा**, वर्ष २ अङ्क ८ काठमाडौं, साउन, २०४१ ।

**गरिमा**, वर्ष ६, अङ्क २, काठमाडौं, माघ, २०४४ ।

**गरिमा**, वर्ष १२, अङ्क ४, काठमाडौं, चैत्र, २०५० ।

**गरिमा**, वर्ष १२, अङ्क ६, काठमाडौं, जेठ, २०५१ ।

**गरिमा**, वर्ष १२, अङ्क ६, काठमाडौं, जेठ, २०५१ ।

**गरिमा**, वर्ष १३, अङ्क १०, काठमाडौं, असोज, २०५१ ।

**गरिमा**, वर्ष १९, अङ्क २, काठमाडौं, माघ, २०५७ ।

**गरिमा**, वर्ष १९, अङ्क ६, काठमाडौं, जेठ, २०५८ ।

**गरिमा**, वर्ष २२, अङ्क ६, काठमाडौं जेठ, २०६१ ।

**गरिमा**, वर्ष २२, अङ्क १०, काठमाडौं असोज, २०६१ ।

**गोरखापत्र**, वर्ष ९२, अङ्क ३१, काठमाडौं जेठ, २०४९ ।

**गोरखापत्र**, वर्ष ९२, अङ्क ३२, काठमाडौं जेठ, २०४९ ।

**गोरखापत्र**, वर्ष ९२, अङ्क ३९, काठमाडौं जेठ, २०४९ ।

**गोरखापत्र**, वर्ष ९२, अङ्क ४१, काठमाडौं असार, २०४९ ।

**गोरखापत्र**, वर्ष ९७, अङ्क १२, काठमाडौं जेठ, २०५४ ।

**गोरखापत्र**, वर्ष ९८, अङ्क १७, काठमाडौं जेठ, २०५४ ।

**गोरखापत्र**, वर्ष १०१ अङ्क, १३, काठमाडौं जेठ, २०५८ ।

**गोरखापत्र**, वर्ष १०२ अङ्क, १७, काठमाडौं जेठ, २०५९ ।

**गोरखापत्र**, वर्ष १०२ अङ्क, १९, काठमाडौं जेठ, २०५० ।

**गोरखापत्र**, वर्ष १०३ अङ्क, १८, काठमाडौं जेठ, २०६० ।

**गोरखापत्र**, वर्ष १०६ अङ्क, १७, काठमाडौं जेठ, २०६३ ।

**गोरखापत्र**, वर्ष १०८ अङ्क, १७, काठमाडौं जेठ, २०६५ ।

**गोरखापत्र**, वर्ष १०९ अङ्क, १७, काठमाडौं जेठ, २०६६ ।

**गोरखापत्र**, वर्ष १०९ अङ्क, १८, काठमाडौं जेठ, २०६६ ।

**दायित्व**, वर्ष १८ अङ्क, ५०, काठमाडौं कार्तिक, २०६१ ।

**नेपाल समाचार पत्र**, वर्ष ६ अङ्क, १३१, काठमाडौं जेठ, २०६५ ।

**प्रगति**, वर्ष १, अङ्क, २, काठमाडौं, २०१० ।

**प्रगति**, वर्ष १, अङ्क, २, काठमाडौं,भाद्र-आश्विन, २०१० ।

**बगर**, वर्ष ११, अङ्क, ३६, काठमाडौं, भदौ , २०४९ ।

**मधुपर्क**, वर्ष ७ अङ्क, १२, काठमाडौं, वैशाख, २०३२ ।

**मधुपर्क**, वर्ष ९, अङ्क, ९, काठमाडौं, माघ, २०३३ ।

**मधुपर्क**, वर्ष १३ अङ्क, १०, काठमाडौं, २०३७ ।

**मधुपर्क**, वर्ष २२ अङ्क, ८, काठमाडौं, पुस, २०४६ ।

**मधुपर्क**, वर्ष २५ अङ्क, ५,  काठमाडौं, असोज, २०४९ ।

**मधुपर्क**, वर्ष २५ अङ्क, ३,  काठमाडौं, साउन, २०४९ ।

**मधुपर्क**, वर्ष २९ अङ्क, ५,  काठमाडौं, असोज, २०५३ ।

**मधुपर्क**, वर्ष २९ अङ्क, १५,  काठमाडौं, जेठ, २०५३ ।

**मधुपर्क**, वर्ष ३० अङ्क, १,  काठमाडौं, जेठ, २०५४ ।

**मधुपर्क**, वर्ष ३५ अङ्क, १,  काठमाडौं, जेठ, २०५९ ।

**मधुपर्क**, वर्ष ३८ अङ्क, १,  काठमाडौं, जेठ, २०६३ ।

**मधुपर्क**, वर्ष ३१ अङ्क, १,  काठमाडौं, जेठ, २०६३ ।

**मिर्मिरे**, वर्ष २५ अङ्क, ११,  काठमाडौं, फागुन, २०५३ ।

**मिर्मिरे**, वर्ष ३५ अङ्क, ५,  काठमाडौं, भदौ, २०६३ ।

**युगान्तर,** वर्ष ३ अङ्क, ५,  नुवाकोट, जेठ, २०६१ ।

**रचना**, वर्ष २ अङ्क, १,  काठमाडौं, पुस, २०१९ ।

**रत्नश्री,** वर्ष ४ अङ्क, ३,  काठमाडौं, २०२२ ।

**रत्नश्री,** वर्ष १२, अङ्क ४,  काठमाडौं,साउन, २०२४ ।

**रश्मी,** वर्ष १, अङ्क २,  काठमाडौं, कार्तिक, २०४० ।

**रूपरेखा,** वर्ष ४ अङ्क, १२,  काठमाडौं, वैशाख, २०२१ ।

**रूपरेखा,** वर्ष १० अङ्क, १२,  काठमाडौं, वैशाख, २०२७ ।

**रूपरेखा,** वर्ष ११ अङ्क १,  काठमाडौं जेठ, २०२७ ।

**रूपरेखा,** वर्ष ११ अङ्क ३,  काठमाडौं साउन, २०२७ ।

**समाकालीन साहित्य,** वर्ष २ अङ्क ३,  काठमाडौं साउन, २०४९ ।

**समाकालीन साहित्य,** वर्ष १४ अङ्क २,  काठमाडौं माघ, २०६० ।

**सगरमाथा,** वर्ष १, अङ्क ११९,  काठमाडौं जेठ, २०५३ ।

**शारदा,** वर्ष ४, अङ्क ६,  काठमाडौं भाद्र, १९९५ ।

**शारदा,** वर्ष ५, अङ्क ६,  काठमाडौं भाद्र, २००४ ।

**शारदा,** वर्ष २०, अङ्क ५,  काठमाडौं वैशाख, २०१२ ।

**शारदा,** वर्ष १, अङ्क ८,  काठमाडौं भाद्र, २०६४ ।

## विशेषाङ्कसूची

कवि सिद्धिचरण स्मृति विशेषाङ्क, सम्प्रेषण प्रकाशन, २०५०  काठमाडौं

नेपाली साहित्य बाटिका सिद्धिचरण नारी अङ्क, नेपाली साहित्य मन्दिर , २०५२ ।

युगकवि सिद्धिचरण विशेषाङ्क धुँयत्रो  द्वैमासिक, सम्पा. /प्रकाशन, विमल भौकाजी, २०५६-२०५७ ।

## शोधपत्रसूची

कटवाल, सीता,  **नेपाली बालकविताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि., २०५० ।

कोइराला, शम्भुप्रसाद, **सिद्धिचरण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व**, स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि., २०३७ ।

घिमिरे, रघुनाथ, **नेपाली साहित्यमा शारदाको योगदान**, कीर्तिपुर बहुमुखी क्याम्पस, २०३२ ।

पाण्डेय, टिकाराम, **नेपाली साहित्यमा कवितापत्रिकाको योगदान** स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि.।

मिश्र, लक्ष्मीनारायण, सि**द्धिचरण श्रेष्ठको खण्डकाव्य यात्रा** , स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि., २०५८ ।

रानाभाट, शीला, **नेपाली बालकविता (वि.सं. २०४६-२०६०) को अध्ययन** , स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि., २०६२ ।

# सिद्धिचरण श्रेष्ठसम्बन्धी अध्ययन परम्परा

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
एम.ए. दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

शोधकर्ता
लक्ष्मीमाया श्रेष्ठ
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६७

शोधनिर्देशक
प्रा. केशव सुवेदी
नेपाली केन्द्रीय विभाग

# सिद्धिचरण श्रेष्ठसम्बन्धी अध्ययन परम्परा

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
एम.ए. दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**

शोधकर्ता
लक्ष्मीमाया श्रेष्ठ
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६७

# विषयसूची

पृष्ठ

## पहिलो परिच्छेद : शोधपरिचय


१.१ शोधशीर्षक १
१.२ शोधपत्रको प्रयोजन १
१.३ विषयपरिचय १
१.४ समस्याकथन १
१.५ शोधको उद्देश्य २
१.६ पूर्वकार्यको समीक्षा २
१.७ शोधकार्यको औचित्य ४
१.८ शोधकार्यको सीमाङ्कन ४
१.९ शोधविधि ५
१.१० शोधपत्रको रूपरेखा ५


## दोस्रो परिच्छेद : सिद्धिचरण श्रेष्ठको जीवनी र काव्ययात्रा


२.१ सिद्धिचरण श्रेष्ठको जीवनी ६
२.१.१ जन्म ६
२.१.२ शिक्षा ६
२.१.३ पारिवारिक जीवन ६
२.१.४ राजनैतिक र सामाजिक संलग्नता ६
२.१.५ संस्थागत संलग्नता ७
२.१.६ युगकविको सम्मान ८
२.१.७ पुरस्कारहरू ८
२.१.८ देहावसान ९
२.२ सिद्धिचरण श्रेष्ठको काव्ययात्रा ९
२.२.१ प्रेरणा र प्रभाव ९
२.२.२ साहित्यिक जीवनको शुभारम्भ १०
२.२.३ कवि श्रेष्ठका प्रकाशित रचनाहरू १०


## तेस्रो परिच्छेद :सिद्धिचरण श्रेष्ठसम्बन्धी फुटकर अध्ययनहरूको सर्वेक्षण


३.१ कवि श्रेष्ठसम्बन्धी पत्रपत्रिकामा प्रकाशित अध्ययनहरू १२

**चौथो परिच्छेद:सिद्धिचरण श्रेष्ठसम्बन्धी पुस्तकाकार अध्ययनहरूको सर्वेक्षण**


४.१ कवि श्रेष्ठमै केन्द्रित पुस्तकाकार कृतिमा भएका अध्ययनहरू ५०

४.२. कवि श्रेष्ठका सम्बन्धमा कविता, साहित्यको इतिहास र समालोचनाका पुस्तकहरूमा भएका अध्ययनहरू ५२


**पाँचौं–परिच्छेद : सिद्धिचरण श्रेष्ठसम्बन्धी विशेषाङ्कमा भएका अध्ययनहरू सर्वेक्षण**


५.१ 'कवि सिद्धिचरण स्मृति विशेषाङ्क' मा प्रकाशित समीक्षात्मक लेखहरूको अध्ययन ६८

५.२ कवि श्रेष्ठका सम्बन्धमा स्मृति विशेषाङ्कभित्र प्रकाशित संस्मरणहरू ७३

५.३ कवि श्रेष्ठका सम्बन्धमा स्मृति विशेषाङ्कभित्र प्रकाशित कविताहरू ७४

५.४ 'नेपाली साहित्य बाटिका' सिद्धिचरणः नारी अङ्कभित्र समेटिएका अध्ययनहरू ७४

५.५ 'नेपाली साहित्य बाटिका' सिद्धिचरण : नारी अङ्क भित्रका प्रकाशित कविताहरू ७७

५.६ घुयेत्रो द्वैमासिक : 'युगकवि सिद्धिचरण' विशेषाङ्कमा भएका अध्ययनहरू ७७


**छैटौं परिच्छेद :सिद्धिचरण श्रेष्ठसम्बन्धी शोधकार्य अध्ययनको सर्वेक्षण**


६.१ स्नातकोत्तर स्तरीय  शोधकार्य ८४

६.२ कवि श्रेष्ठसम्बन्धी सान्दर्भिक शोधअध्ययनहरू ८५


**सातौं परिच्छेद**


उपसंहार ९८

सन्दर्भसामग्री ९२